# बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा संशोधन र एकिकरण गर्न बनेको विधेयक

**प्रस्तावनाः** बैंक तथा वित्तीय संस्थाको स्थापना, सञ्चालन, व्यवस्थापन, नियमन, निरीक्षण तथा सुपरिवेक्षणका सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गरी मुलुकको समग्र बैंकिङ्ग तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न, निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्न, बैंक-वित्तीय संस्थाहरु बीच स्वस्थ प्रतिस्पर्धा गराई राष्ट्रिय अर्थतन्त्रलाई सवल एवं सुदृढ तुल्याई सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग तथा वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउन र वित्तीय स्थायित्व कायम गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानूनमा संशोधन र एकिकरण गरी समयानुकूल बनाउन वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७१" रहेको छ ।

(२) यो ऐन नेपाल राज्यभर लागू हुनेछ र नेपालमा स्थापित बैंक वा वित्तीय संस्थाले नेपाल बाहिर खोलेका कार्यालय समेतलाई लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले नेपाल सरकारले सर्वोच्च अदालतको सहमति लिई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अदालतको वाणिज्य इजलाश सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "इजाजतपत्र" भन्नाले बैकिङ्ग तथा वित्तीय कारोबार गर्न राष्ट्र बैंकले यस ऐन बमोजिम बैंक वा वित्तीय संस्थाको नाममा जारी गरेको इजाजतपत्र सम्झनु पर्छ ।

(घ) "इजाजतपत्र प्राप्त संस्था" भन्नाले बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न यस ऐन बमोजिम इजाजतपत्र प्राप्त गरेको बैंक वा वित्तीय संस्था सम्झनु पर्छ ।

(ङ) "इजाजतप्राप्त कारोवार" भन्नाले यस ऐन बमोजिम बैंक वा वित्तीय संस्थाले यस ऐन बमोजिम इजाजतपत्र प्राप्त गरी गर्ने कारोवार सम्झनु पर्छ ।

(च) "उल्लेख्य स्वामित्व" भन्नाले कुनै व्यक्ति वा संस्थाले एक्लै वा अन्य व्यक्ति वा संस्थासंग मिलि संयुक्त रुपमा कुनै बैंक वा वित्तीय संस्थाको चुक्ता पूँजिको दश प्रतिशत वा सोभन्दा बढी शेयर

लिएको वा शेयर स्वामित्वका कारण बैंक वा वित्तीय संस्थाको व्यवस्थापनमा प्रभाव पार्न सक्ने अवस्था सम्झनु पर्छ ।

(छ) "ऋणी" भन्नाले बैंक वा वित्तीय संस्थाबाट कर्जा लिने, कर्जा लिन जमानत बस्ने वा कर्जाको सुरक्षण वापत धितो जमानत दिने कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ ।

(ज) "कर्जा" भन्नाले व्यक्ति, फर्म, कम्पनी, संस्था वा अन्य व्यापारिक प्रतिष्ठानलाई कर्जा प्रवाह गर्ने, प्रत्यक्ष वा अप्रत्यक्ष प्रत्याभूति गर्ने र त्यसको बदलामा कर्जा प्रवाह गर्ने, त्यस्ता कर्जाको ब्याज वा अन्य दस्तुर, पुनरकर्जा, कर्जाको पुनर्संरचना र नवीकरण, कर्जा चुक्ताको लागि जारी गरिएको जमानी तथा अन्य वचनबद्धता सम्झनु पर्छ र सो शब्दले कुनै पनि किसिमको कर्जा र सोको साँवा, ब्याज, हर्जाना तथा अन्य रकम असूली गर्ने अधिकार तथा राष्ट्र बैंकले सार्वजनिक सूचना प्रकाशन गरी तोकिदिएको कुनै पनि किसिमको ऋणसमेतलाई जनाउँछ ।

(झ) "कार्यकारी प्रमुख" भन्नाले बैंक वा वित्तीय संस्थाको कार्यकारी प्रमुख, कार्यकारी निर्देशक, प्रबन्ध निर्देशक, प्रबन्ध सञ्चालक, कार्यकारी सञ्चालक, महाप्रबन्धक वा बैंक वा वित्तीय संस्थाको कार्यकारी प्रमुखको रुपमा काम गर्ने अन्य कुनै पनि पदाधिकारी सम्झनु पर्छ ।

(ञ) "कार्यालय" भन्नाले बैंक वा वित्तीय संस्थाको केन्द्रीय कार्यालय सम्झनु पर्छ र सो शब्दले बैंक वा वित्तीय संस्थाको नेपाल र नेपाल बाहिर रहेको कुनै पनि कार्यालय, शाखा, उप-शाखा, प्रशाखा, इलाका, प्रतिनिधि वा सम्पर्क कार्यालय तथा विदेशी बैंक वा वित्तीय सस्थाको नेपालमा रहेको शाखा कार्यालय लगायतका अन्य जुनसुकै कार्यालय समेतलाई जनाउँछ ।

(ट) "खुद सम्पत्ति (नेट वर्थ)" भन्नाले बैंक वा वित्तीय संस्थाको तत्काल कायम रहेको कुल जायजेथाबाट चुक्ता पूँजी तथा शेयरधनीको हक लाग्ने जुनसुकै नामाकरण गरिएको जगेडा कोष वा सञ्चित मुनाफा वा बैंक वा वित्तीय संस्थाको कुनै ख्याति भए सो बाहेकको जोखिम कोष सहितको अन्य सम्पूर्ण दायित्व रकम र संकलित नोक्सानी वा अपलेखन हुन बाँकी खर्चहरु भए सोसमेत कट्टा गरी बाँकी रहेको रकमलाई सम्झनु पर्छ ।

(ठ) "गैर कार्यकारी सञ्चालक" भन्नाले बैंक वा वित्तीय संस्थाको दैनिक कार्य सम्पादन गर्ने कार्यकारी सञ्चालक वाहेकको अन्य सञ्चालक सम्झनु पर्छ ।

(ड) "चल्ती खाता" भन्नाले ग्राहकले मागेको बखत जहिले पनि झिक्न पाउने गरी बैंक वा वित्तीय संस्थामा राखिएको रकमको हरहिसाब लेखिएको खाता सम्झनु पर्छ ।

(ढ) "जोखिमभारित सम्पत्ति" भन्नाले बैंक वा वित्तीय संस्थाको वासलातभित्रको र वासलातबाहिरको प्रत्येक शीर्षकमा रहेको रकमलाई राष्ट्र बैंकले तोकिदिएको ढाँचामा तोकिदिएको जोखिमभारले गुणन गरी निकालिएको कूल सम्पत्ति सम्झनु पर्छ ।

(ण) "तरल सम्पत्ति" भन्नाले बैंक वा वित्तीय संस्थाको नगद मौज्दात, बैंक वा वित्तीय संस्थाले चल्ती खातामा राखेको मौज्दात, राष्ट्र बैंकमा राखेको मौज्दात र राष्ट्र बैंकले समय समयमा तरल सम्पत्ति भनी निर्धारण गरिदिएको बैंक वा वित्तीय संस्थाको सम्पत्ति सम्झनु पर्छ ।

(त) "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(थ) "धितोपत्र" भन्नाले बैंक, वित्तीय संस्था वा कुनै संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बण्ड, डिबेन्चर, डिबेन्चर स्टक वा सामूहिक लगानी योजना सम्बन्धी प्रमाणपत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको प्रमाणपत्र, बचतपत्र वा बण्ड सम्झनु पर्छ र सो शब्दले धितोपत्र बजारमार्फत् कारोबार हुन सक्ने वा हस्तान्तरण हुनसक्ने भनी बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद विक्री

वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउँछ ।

(द) "नियमावली" भन्नाले बैंक वा वित्तीय संस्थाको नियमावली सम्झनु पर्छ ।

(ध) "निक्षेप" भन्नाले व्याज वा विना व्याज फिर्ता दिने गरी बैंक वा वित्तीय संस्थाको चल्ती, बचत वा मुद्दती खातामा जम्मा भएको रकम सम्झनु पर्छ र सो शब्दले राष्ट्र बैंकले समय समयमा निर्धारण गरे बमोजिम बैंक वा वित्तीय संस्थाले विभिन्न बैंकिङ्ग तथा वित्तीय उपकरणको माध्यमबाट स्वीकार गर्ने रकम समेतलाई जनाउँछ ।

(न) "पदाधिकारी" भन्नाले बैंक वा वित्तीय संस्थाको सञ्चालक, कार्यकारी प्रमुख, कम्पनी सचिव र कुनै विषयमा निर्णय गर्ने अख्तियारी प्राप्त अधिकृतस्तरको कर्मचारी सम्झनु पर्छ र सो शब्दले बैंक वा वित्तीय संस्थाको सल्लाहकार, लेखापरीक्षक र लिक्वीडेटर भई काम गर्ने व्यक्ति समेतलाई जनाउँछ ।

(प) "परिवार" भन्नाले सम्बन्धित व्यक्तिको सगोलमा रहेका पति वा पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाइ र अविवाहित दिदी, बहिनी सम्झनु पर्छ । तर यस परिभाषाले अंशवण्ड गरी मानो छुट्टिई आ आफ्नो पेशा व्यवसाय गरी बसेका परिवारका सदस्यलाई समेट्ने छैन ।

(फ) "प्रतीतपत्र" भन्नाले कुनै एक बैंक वा वित्तीय संस्थाले कुनै अर्को बैंक वा वित्तीय संस्थाको नाममा कुनै व्यक्तिको निश्चित रकमले खामेसम्मको चेक, ड्राफ्ट, वा विनिमेयपत्र स्वीकार गर्नु भनी लेखेको पत्र सम्झनु पर्छ ।

(ब) "पूँजी" भन्नाले बैंक वा वित्तीय संस्थाको अधिकृत पूँजी, जारी पूँजी वा चुक्ता पूँजी सम्झनु पर्छ ।

(भ) "पूँजीकोष" भन्नाले राष्ट्र बैंकले तोके बमोजिमको बैंक वा वित्तीय संस्थाको प्राथमिक पूँजी र पूरक पूँजीको योग सम्झनु पर्छ र सो शब्दले राष्ट्र बैंकले समय समयमा तोकेको अन्य कोष वा रकम समेतलाई जनाउँछ ।

(म) "पूर्वाधार विकास बैंक" भन्नाले पूर्वाधार विकास सम्बन्धी परियोजनामा मात्र लगानी गर्ने गरी यस ऐन बमोजिम संस्थापना भएको सम्झनु पर्छ ।

(य) "पूर्वाधार विकास (सम्बन्धी) परियोजना" भन्नाले सडक, सुरुङ्ग मार्ग, पूल, अस्पताल तथा स्वास्थ्य सम्बन्धी परियोजना, नहर, विद्युत उत्पादन गृह, विद्युत प्रशारण लाईन, विद्युत वितरण, केवुलकार लाइन, रेल्वे लाइन, दुरसंचार नेटवर्क, होटेल तथा रिसोर्ट, ग्याँस वा तेलको उत्खनन् वा पाइप लाइन, सुख्खा बन्दरगाह, ट्रलिबस संरचना, ट्रामवे, जलमार्ग, परिवहन विसौनी स्थल, विमानस्थल, पार्क, औधोगिक क्षेत्रहरु, शहरी विकास, जलासय बाँध, ढलनिकास, फोहोर मैला प्रशोधन तथा व्यवस्थापन प्लान्ट, बैकल्पिक उर्जा उत्पादन र वितरण, रङ्गशाला, सभागृह, सार्वजनिक गोदाम घर सम्झनु पर्छ र सो शब्दले राष्ट्र बैंकले समय समयमा पूर्वाधार विकास परियोजना अन्तर्गतका कार्यहरु भनी तोकिदिएका अन्य यस्तै पूर्वाधार विकास परियोजना समेतलाई जनाउँछ ।

(र) "प्रबन्धपत्र" भन्नाले बैंक वा वित्तीय संस्थाको प्रबन्धपत्र सम्झनु पर्छ ।

(ल) "प्राथमिक पूँजी" भन्नाले बैंक वा वित्तीय संस्थाको चुक्ता पूँजी, शेयर प्रिमियम, फिर्ता नहुने अग्राधिकार शेयर, साधारण जगेडा कोष र सञ्चित नाफा-नोक्सान शीर्षकमा रहेको रकम सम्झनु पर्छ र सो शब्दले राष्ट्र बैंकले समय समयमा प्राथमिक पूँजी भनी तोकिदिएको अन्य

शीर्षकमा रहेको कोष वा रकम समेतलाई जनाउँछ ।

(व) "प्राप्त गर्ने संस्था" भन्नाले यस ऐन बमोजिम इजाजतपत्रप्राप्त संस्थालाई आफूमा समाहित गर्ने मूल संस्था सम्झनु पर्छ ।

(श) "प्राप्ति गर्ने" भन्नाले एउटा इजाजतपत्रप्राप्त संस्थाले अन्य इजाजतपत्रप्राप्त संस्थाको सम्पूर्ण सम्पत्ति तथा सम्भावित दायित्वको हरहिसाव गरी संस्थाको कानुनी हैसियत समाप्त हुनेगरी आफूमा समाहित गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले लक्षित संस्थाले प्राप्त गर्ने संस्थामा विलय हुनु पूर्व गरेका सम्पूर्ण करारीय दायित्व समेत स्वीकार गर्ने कार्य समेतलाई जनाउँछ ।

(ष) "बचत खाता" भन्नाले बैंक वा वित्तीय संस्थाले तोकेको सीमासम्मको रकम मात्र ग्राहकले झिक्न पाउने गरी बैंक वा वित्तीय संस्थामा राखिएको रकमको हरहिसाब लेखिएको खाता सम्झनु पर्छ ।

(स) "बोनस शेयर" भन्नाले बैंक वा वित्तीय संस्थाको मुनाफाबाट भएको बचत वा अन्य कोषलाई पूँजीकरण गरी शेयरधनीहरुलाई अतिरिक्त शेयरको रुपमा जारी गरिएको शेयर सम्झनु पर्छ र सो शब्दले बचत वा अन्य कोषलाई पूँजीकरण गरी शेयरको चुक्ता रकम वृद्धि गरेको अवस्था समेतलाई जनाउँछ ।

(ह) "बैंक" भन्नाले दफा ५२ को उपदफा (१) बमोजिमको बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले नेपालमा रहेको विदेशी बैंकको शाखा वा अन्य कार्यालय, नेपालमा स्थापित बैंकले नेपाल बाहिर खोलेको शाखा वा अन्य कार्यालय तथा दफा ५२ को उपदफा (५) बमोजिम कार्य गर्ने पूर्वाधार विकास बैंक समेतलाई जनाउँछ ।

(क्ष) "बैंकिङ्ग तथा वित्तीय कारोबार" भन्नाले दफा ५२ बमोजिमको बैंकिङ्ग तथा वित्तीय कारोवार सम्झनु पर्छ ।

(त्र) "मुद्दती खाता" भन्नाले ग्राहकले बैंक वा वित्तीय संस्थामा निश्चित अवधिसम्म जम्मा रहने गरी राखेको रकमको हरहिसाब लेखिएको खाता सम्झनु पर्छ ।

(ज्ञ) "राष्ट्र बैंक ऐन" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनु पर्छ ।

(कक) "राष्ट्र बैंक" भन्नाले नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(कख) "लाभांश" भन्नाले बैंक वा वित्तीय संस्थाले यस ऐन तथा प्रचलित कानून बमोजिम दिने नगद लाभांश, अन्तरिम लाभांस वा बोनस शेयर सम्झनु पर्छ ।

(कग) "लक्षित संस्था" भन्नाले यस ऐन बमोजिम प्राप्ति गर्ने संस्थामा सम्पूर्ण सम्पत्ति तथा दायित्व समेत समाहित हुन जाने इजाजतपत्रप्राप्त संस्था सम्झनु पर्छ ।

(कघ) "व्यावसायिक सञ्चालक" भन्नाले दफा १४ को उपदफा (२) बमोजिम व्यवसायिक सञ्चालकको पदमा नियुक्त व्यक्ति सम्झनु पर्छ ।

(कङ) "वासलातबाहिरको कारोबार" भन्नाले बैंक वा वित्तीय संस्थाले दायित्व व्यहोर्नु पर्ने सम्भावना भएको प्रतितपत्र, जमानतपत्र, स्वीकारपत्र, प्रतिबद्धता, विदेशी विनिमय सम्बन्धी स्वाप, अप्सन, अग्रिम कारोबार सम्झनु पर्छ र सो शब्दले राष्ट्र बैंकबाट समय समयमा तोकिदिएका

उपकरणको कारोबार समेतलाई जनाउँछ ।

(कच) "वित्तीय संस्था" भन्नाले दफा ५२ को उपदफा (२), (३) वा (४) बमोजिमको बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले विकास बैंक, वित्त कम्पनी, लघु वित्त वित्तीय संस्था वा विदेशी वित्तीय संस्थाको नेपालमा रहेको सोही बमोजिमको शाखा वा अन्य कार्यालय र नेपालमा स्थापित वित्तीय संस्थाले नेपाल बाहिर खोलेको शाखा वा अन्य कार्यालय समेतलाई जनाउँछ ।

(कछ) "वित्तीय स्वार्थ" भन्नाले संस्थापक वा सञ्चालक, एक प्रतिशत वा सोभन्दा बढी शेयर लिएको शेयरधनी वा कार्यकारी प्रमुख वा त्यस्तो व्यक्तिको परिवार वा सञ्चालक मनोनित गर्ने अधिकार पाएको व्यक्ति, कम्पनी वा संगठित संस्थाले कुनै फर्म, कम्पनी वा संगठित संस्थाको चुक्ता पूँजीको दश प्रतिशत वा सोभन्दा बढी हुने गरी छुट्टाछुट्टै वा संयुक्त रुपमा शेयर खरिद गरेमा त्यस्तो व्यक्ति वा व्यक्तिहरुको दश प्रतिशत वा सो भन्दा बढी शेयर स्वामित्व रहेको संस्थामा निजहरुको वित्तीय स्वार्थ रहेको सम्झनु पर्छ र सो शब्दले राष्ट्र बैंकले समय समयमा वित्तीय कारोवारको प्रकृति र अवस्था हेरी वित्तीय स्वार्थ भनी तोकिदिएको स्वार्थ समेतलाई जनाउँछ ।

(कज) "विदेशी बैंक वा वित्तीय संस्थाको शाखा" भन्नाले नेपालमा शाखा कार्यालय स्थापना गरी बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न यस ऐन बमोजिम राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त कुनै पनि विदेशी बैंक वा वित्तीय संस्थाको शाखा सम्झनु पर्छ ।

(कझ) "विद्युतीय रकमान्तर" भन्नाले टेलिफोन, टेलेक्स, कम्प्युटर वा म्याग्नेटिक टेप वा त्यस्तै प्रकारका अन्य विद्युतीय उपकरणको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने, रकमान्तर गर्ने कारोबार सम्झनु पर्छ र सो शब्दले टर्मिनल, अटोमेटेड टेलर मेशिन र क्यास डिस्पेन्सिङ्ग मेशिनको माध्यमबाट हुने कारोबार, चार्ज कार्ड, डेबिट कार्ड तथा क्रेडिट कार्डबाट हुने कारोबार समेतलाई जनाउँछ ।

(कञ) "विवरणपत्र" भन्नाले बैंक वा वित्तीय संस्थाले दफा ८ बमोजिम प्रकाशन गर्नु पर्ने विवरणपत्र सम्झनु पर्छ ।

(कट) "शेयर" भन्नाले बैंक वा वित्तीय संस्थाको शेयर पूँजीको विभाजित अंश सम्झनु पर्छ ।

(कठ) "शेयरधनी" भन्नाले बैंक वा वित्तीय संस्थाको शेयरमा स्वामित्व भएको व्यक्ति सम्झनु पर्छ ।

(कड) "सम्बद्ध व्यक्ति" भन्नाले बैंक वा वित्तीय संस्थाको सञ्चालक, पदाधिकारी वा निजको परिवारको उल्लेख्य स्वामित्व रहेको कुनै फर्म, कम्पनी वा संस्था वा त्यस्तो फर्म, कम्पनी वा संस्थामा उल्लेख्य स्वामित्व रहेको कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्था वा सोमा उल्लेख्य स्वामित्व राख्ने सोका हिताधिकारी सम्झनु पर्छ ।

(कढ) "संस्थापक" भन्नाले यस ऐन बमोजिम बैंक वा वित्तीय संस्था संस्थापना गर्नको लागि प्रबन्धपत्र तथा नियमावलीमा कम्तिमा एक शेयर लिन मन्जूर गरी संस्थापकको हैसियतले हस्ताक्षर गर्ने व्यक्ति सम्झनु पर्छ ।

(कण) "समिति" भन्नाले दफा १४ बमोजिम गठन हुने बैंक वा वित्तीय संस्थाको सञ्चालक समिति सम्झनु पर्छ ।

(कत) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र वैकल्पिक सञ्चालक समेतलाई जनाउँछ ।

## परिच्छेद-२
## बैंक वा वित्तीय संस्था संस्थापना सम्बन्धी व्यवस्था

३. **बैंक वा वित्तीय संस्थाको संस्थापनाः** (१) यस ऐन बमोजिम बैंकिङ्ग तथा वित्तीय कारोबार गर्नको लागि बैंक वा वित्तीय संस्था संस्थापना गर्न चाहने कुनै पनि व्यक्तिले त्यस्तो बैंक वा वित्तीय संस्था प्रचलित कानून बमोजिम पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता गराई संस्थापना गर्नु पर्नेछ ।

तर यो ऐन प्रारम्भ हुँदाका बखत संस्थापना भई सञ्चालनमा रहेका बैंक वा वित्तीय संस्थाले यो उपदफा बमोजिम दर्ता गर्नु पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम कम्पनी दर्ता गर्न प्रचलित कानून बमोजिम अख्तियार पाएको अधिकारीले कम्पनी दर्ता गर्दा दफा ४ को अधीनमा रही गर्नु पर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बैंक वा वित्तीय संस्था संस्थापना गर्न वा सोमा लगानी गर्न सक्ने व्यक्ति, व्यवसायीक वा ब्यापारिक क्षेत्र वा कुनै पनि व्यक्तिले बैंक वा वित्तीय संस्थामा लगानी गर्न सक्ने शेयर पूँजीको प्रतिशत राष्ट्र बैंकले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

४. **बैंक वा वित्तीय संस्थाको संस्थापना गर्नु पूर्व स्वीकृति लिनु पर्ने** : (१) दफा ३ बमोजिम बैंक वा वित्तीय संस्था संस्थापना गर्न चाहने व्यक्तिले त्यस्तो बैंक वा वित्तीय संस्था प्रचलित कानून बमोजिम दर्ता गर्न निवेदन दिनु अघि देहायका कागजात संलग्न गरी राष्ट्र बैंकले तोकेको दस्तुर सहित पूर्व स्वीकृतिको लागि राष्ट्र बैंक समक्ष निवेदन दिनु पर्नेछ :-

(क) प्रस्तावित बैंक वा वित्तीय संस्थाको प्रबन्धपत्र,

(ख) प्रस्तावित बैंक वा वित्तीय संस्थाको नियमावली,

(ग) प्रस्तावित बैंक वा वित्तीय संस्थाको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(घ) राष्ट्र बैंकले तोकेको ढाँचामा निवेदकहरुको व्यक्तिगत विवरण,

(ङ) प्रस्तावित बैंक वा वित्तीय संस्था संस्थापना गर्न निवेदकहरु बीच कुनै सम्झौता भएको रहेछ भने त्यस्तो सम्झौताको प्रमाणित प्रतिलिपि,

(च) निवेदकहरुको लगानीको श्रोतको खुलेको विवरण र यस दफा बमोजिम निवेदन दिनु भन्दा तत्काल अघिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता गरेको प्रमाण,

(छ) प्रस्तावित बैंक वा वित्तीय संस्थाको निवेदक नेपाल वा विदेशमा दामासाहीमा परे नपरेको, कुनै बैक वा वित्तीय संस्थाबाट कर्जा लिए नलिएको, बैंक वा वित्तीय संस्थासँगको कुनै कारोबारमा कालोसूचीमा परे नपरेको यदि परेको भए सो फुकुवा भई तीन बर्ष व्यतित पुगे नपुगेको विवरण,

(ज) प्रस्तावित बैंक वा वित्तीय संस्थाको निवेदक नेपाल वा विदेशमा ठगी, जालसाजी, वा कसूरजन्य कार्यमा संलग्न भई कारवाही नचलेको एवं यस्तो कार्यमा सजाय नपाएको स्वघोषणा,

(झ) प्रस्तावित बैंक वा वित्तीय संस्थाको निवेदक नेपाल वा विदेशमा कुनै पनि नियमनकारी वा सुपरिवेक्षण अधिकारीको कारबाहीमा परे नपरेको, निज रहेको कम्पनी वा संस्था इजाजतपत्र निलम्बन, रद्द वा वाध्यात्मक खारेजीमा परेको वा पर्ने क्रममा रहे नरहेको विवरण,

(ञ)	प्रस्तावित बैंक वा वित्तीय संस्थाको निवेदकको परिवारका सदस्यको नाम थर, नाता तथा सबैको उल्लेख्य स्वामित्व तथा उल्लेख्य हैसियतको विवरण र निजहरु कुनै संस्थामा संचालक, पदाधिकारी वा कर्मचारी भई काम गरेको भए प्रत्येक व्यक्तिको दर्जा समेत उल्लेख गरिएको विवरण,

(ट)	कुनै संस्था वा संगठित संस्था संस्थापक भएमा सोमा उल्लेख्य स्वामित्व, उल्लेख्य हैसियत राख्ने व्यक्तिको यस उपदफामा उल्लेख गरे बमोजिमका विवरण र पछिल्लो तीन आर्थिक वर्षको लेखापरीक्षण गरिएको वित्तीय विवरण,

(ठ)	प्रस्तावित बैंक वा वित्तीय संस्थाको निवेदकको वित्तीय, फौज्दारी र व्यावसायिक पृष्ठभूमिको सम्बन्धमा राष्ट्र बैंकले जाँचबुझ गर्न वा प्रचलित कानून बमोजिमका निकाय मार्फत जाँचबुझ गराउन र त्यस्तो सूचना तथा जानकारी आदान प्रदान गर्न गराउन सहीछाप गरी राष्ट्र बैंकलाई दिएको लिखित अख्तियारी,

(ड)	राष्ट्र बैंकले समय समयमा तोकिदिएको अन्य विवरण तथा कागजातहरु ।

(२) देहाय बमोजिमका व्यक्तिहरुलाई बैंक वा वित्तीय संस्था संस्थापना गर्न पूर्व स्वीकृती दिइने छैन :

(क)	बैकिंग कसूर सम्बन्धी कारबाहीमा परेको,

(ख)	ठगी, जालसाजी, किर्ते गरी सजाय पाएको व्यक्ति,

(ग)	राष्ट्र बैंकको नियमनकारी कारबाहीमा परेको ।

(३) उपदफा (१) बमोजिम पूर्व स्वीकृतिको लागि निवेदन पर्न आएमा पेश हुन आएका कागजातको जाँचबुझ गरी राष्ट्र बैंकले स्वीकृति दिन उपयुक्त देखेमा कुनै शर्त तोकी वा नतोकी त्यसरी निवेदन पर्न आएको एकसय बीस दिन भित्र त्यस्तो बैंक वा वित्तीय संस्था संस्थापना गर्न पूर्व स्वीकृति दिन सक्नेछ ।

५.	<u>शतप्रतिशत वा संयुक्त लगानीमा बैंक वा वित्तीय संस्था संस्थापना गर्नु पूर्व स्वीकृति लिनु पर्ने</u> : (१) कुनै विदेशी बैंक वा वित्तीय संस्थाले नेपालमा संस्थापना भएको संगठित संस्था वा नागरिकसंग मिली संयुक्त लगानीमा वा विदेशी बैंक वा वित्तीय संस्थाले आफ्नो शतप्रतिशत शेयर स्वामित्व कायम गरी सहायक कम्पनीको रुपमा यस ऐन बमोजिम बैंक वा वित्तीय संस्था संस्थापना गर्नु पूर्व दफा ४ को उपदफा (१) बमोजिम निवेदन दिँदा देहाय बमोजिमका कागजात तथा विवरण समेत पेश गर्नु पर्नेछः-

(क)	विदेशी बैंक वा वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली तथा सम्बन्धित मुलुकमा उक्त बैंक वा वित्तीय संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि र पूँजी संरचना,

(ख)	विदेशी बैंक वा वित्तीय संस्थाको सम्बन्धित मुलुकमा बैंकिङ्ग तथा वित्तीय कारोबार सञ्चालन गर्न प्राप्त गरेको इजाजतपत्रको प्रतिलिपी,

(ग)	कारोवार गर्ने मुख्य स्थान सम्बन्धी विवरण,

(घ)	विदेशी बैंक वा वित्तीय संस्थाको लेखापरीक्षण गरिएको पछिल्लो तीन आर्थिक वर्षको वासलात र नाफा-नोक्सान हिसाबको प्रमाणित प्रतिलिपी,

(ङ)	नेपालमा प्रस्तावित व्यवसायको योजना, व्यावसायिक रणनीति तथा संचालन गर्ने कारोबारको किसिम, आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन सम्बन्धी विवरण,

(च) सम्बन्धित मुलुकको कानून बमोजिम नेपालमा बैंक वा वित्तीय संस्था खोल्न सम्बन्धित विदेशी बैंक वा वित्तीय संस्था र नियमनकारी निकायले दिएको अख्तियारी,

(छ) राष्ट्र बैंकले समय समयमा तोकिदिएको अन्य विवरण तथा कागजातहरु ।

(२) उपदफा (१) बमोजिम पूर्व स्वीकृतिको लागि निवेदन पर्न आएमा पेश हुन आएका कागजातको जाँचबुझ गरी राष्ट्र बैंकले स्वीकृति दिन उपयुक्त देखेमा कुनै शर्त तोकी वा नतोकी त्यसरी निवेदन पर्न आएको एकसय बीस दिन भित्र त्यस्तो संयुक्त लगानी वा शतप्रतिशत शेयर लगानीमा बैंक वा वित्तीय संस्था संस्थापना गर्न पूर्व स्वीकृति दिन सक्नेछ ।

(३) विदेशी बैंक वा वित्तीय संस्थाले राष्ट्र बैंकले पूर्व स्वीकृती लिई संचालनमा रहेको स्वदेशी बैंक वा वित्तीय संस्थामा यस दफा बमोजिमको प्रकृया पूरा गरी संयुक्त लगानीको रुपमा शेयर स्वामित्व लिन सक्नेछ ।

६. <u>विदेशी बैंक वा वित्तीय संस्थाको शाखा वा अन्य कार्यालय खोल्न स्वीकृति लिनु पर्ने</u> : (१) कुनै विदेशी बैंक वा वित्तीय संस्थाले नेपाल भित्र बैंकिङ्ग तथा वित्तीय कारोबार वा गैर बैंकिंग वित्तीय कारोबार संचालन गर्न शाखा वा प्रतिनिधि वा सम्पर्क कार्यालय खोल्न चाहेमा त्यस्तो शाखा वा प्रतिनिधि वा सम्पर्क कार्यालय खोल्नु पूर्व स्वीकृतिको लागि राष्ट्र बैंकले तोकेको दस्तुर सहित राष्ट्र बैंक समक्ष निवेदन दिनु पर्नेछ :-

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा त्यस्तो विदेशी बैंक वा वित्तीय संस्थाले दफा ५ को उपदफा (१) मा उल्लिखित विवरण तथा कागजातको अतिरिक्त देहाय बमोजिमका थप कागजात तथा विवरण समेत पेश गर्नु पर्नेछः-

(क) विदेशी बैंक वा वित्तीय संस्थाको नेपाल स्थित शाखा वा प्रतिनिधि वा सम्पर्क कार्यालयले गरेको व्यावसायिक काम कारवाहीको सम्बन्धमा आफ्नो सम्पूर्ण दायित्व पूरा गर्न आवश्यक हुने रकम तथा अन्य कुनै पनि दायित्व राष्ट्र बैंकले माग गरेको बखत उपलब्ध गराउनको लागि सोको सञ्चालक समितिले गरेको लिखित प्रतिबद्धता,

(ख) विदेशी बैंक वा वित्तीय संस्थाको प्रस्तावित शाखा वा प्रतिनिधि वा सम्पर्क कार्यालय रहने स्थानको विवरण,

(ग) विदेशी बैंक वा वित्तीय संस्थाको प्रस्तावित शाखा वा प्रतिनिधि वा सम्पर्क कार्यालयका सम्भावित पदाधिकारीहरुको विवरण,

(घ) राष्ट्र बैंकले समय समयमा तोकिदिएको अन्य विवरण तथा कागजातहरु ।

(३) उपदफा (२) बमोजिम पेश भएका कागजात वा विवरण जाँचवुझ गर्दा थप कागजात वा विवरण माग गर्नु पर्ने देखिएमा राष्ट्र बैंकले सम्बन्धित निवेदकबाट थप कागजात वा विवरण माग गर्न सक्नेछ ।

(४) दफा (२) बमोजिमका कागजात तथा उपदफा (३) बमोजिम थप कागजात मागिएकोमा त्यस्तो कागजात प्राप्त भएपछि प्राप्त निवेदन उपर जाँचवुझ गर्दा राष्ट्र बैंकले पूर्व स्वीकृति दिन उपयुक्त देखेमा कुनै शर्त तोकी वा नतोकी त्यसरी निवेदन पर्न आएको एकसय बीस दिनभित्र निवेदक विदेशी बैंक वा वित्तीय संस्थालाई नेपालमा शाखा वा प्रतिनिधि वा सम्पर्क कार्यालय खोल्न पूर्व स्वीकृति दिन सक्नेछ ।

(५) कुनै विदेशी बैंक वा वित्तीय संस्थाले उपदफा (४) बमोजिमको पूर्व स्वीकृति प्राप्त गरे पछि प्रचलित कानून बमोजिम विदेशी कम्पनीको शाखा वा प्रतिनिधि वा सम्पर्क कार्यालयको रुपमा नेपालमा दर्ता गर्नु पर्नेछ ।

(६) निवेदक विदेशी बैंक वा वित्तीय संस्थाले शाखा वा प्रतिनिधि वा सम्पर्क कार्यालयको रुपमा  नेपालमा कार्य गर्ने स्वीकृतिको लागि देहायका कागजात तथा राष्ट्र बैंकले तोकेको वार्षिक शुल्क सहित राष्ट्र बैंकमा निवेदन पेश गर्नु पर्नेछ :-

(क) शाखा वा प्रतिनिधि वा सम्पर्क कार्यालयको रुपमा नेपालमा कार्य गर्न प्रचलित कानून बमोजिम दर्ता भएको दर्ता प्रमाणपत्र,

(ख) विदेशी बैंक वा वित्तीय संस्थाको सम्बन्धित मुलुकको कानून बमोजिम त्यस्तो मुलुकको सरकार वा केन्द्रीय बैंक वा नियमन गर्ने निकायले नेपालमा त्यस्तो विदेशी बैंक वा वित्तीय संस्थाले नेपालमा शाखा वा प्रतिनिधि वा सम्पर्क कार्यालय खोल्न दिएको स्वीकृति वा सहमति पत्र ।

(ग) विदेशी बैंक वा वित्तीय संस्थाको शाखा वा प्रतिनिधि वा सम्पर्क कार्यालय स्थापना गर्न राष्ट्र बैंकमा निवेदन पेश गरेपछि वा राष्ट्र बैंकबाट अनुमति लिएपछि त्यस्तो विदेशी बैंक वा वित्तीय संस्थाले यस ऐन बमोजिम पूरा गर्नु पर्ने कुनै कुरामा फरक परेको भए सोको विवरण,

(घ) राष्ट्र बैंकले माग गरे बमोजिमको अन्य जानकारी तथा विवरण ।

(७) उपदफा (६) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा राष्ट्र बैंकले यस ऐन बमोजिम सबै आधार पुगेको पाएमा त्यस्तो विदेशी बैंक वा वित्तीय संस्थालाई नेपालमा शाखा वा प्रतिनिधि वा सम्पर्क कार्यालय खोल्न निवेदन पेश भएको मितिले नब्बे दिनभित्र स्वीकृति दिन सक्नेछ । त्यस्तो स्वीकृति प्रदान गर्दा राष्ट्र बैंकले आवश्यक शर्तहरु समेत तोक्न सक्नेछ ।

७. **पूर्व स्वीकृति दिन इन्कार गर्न सक्ने** : (१) राष्ट्र बैंकले देहायको अवस्थामा कुनै बैंक वा वित्तीय संस्थाको संस्थापना गर्नका लागि पूर्व स्वीकृति दिन इन्कार गर्न सक्नेछः-

(क) प्रस्तावित बैंक वा वित्तीय संस्थाको नाम पहिले नै दर्ता भई कायम रहेको कुनै बैंक वा वित्तीय संस्थाको नामसँग मिल्ने भएमा,

(ख) प्रस्तावित बैंक वा वित्तीय संस्थाको नाम वा त्यस्तो संस्थाले गर्ने बैंकिङ्ग तथा वित्तीय कारोबार सार्वजनिक हित, धर्म, जातजाति वा सम्प्रदाय आदिको दृष्टिकोणले उपयुक्त वा वान्छनीय नदेखिएमा,

(ग) प्रस्तावित बैंक वा वित्तीय संस्थाको उद्देश्य प्रचलित कानून विपरीत भएमा,

(घ) प्रस्तावित बैंक वा वित्तीय संस्था संस्थापना गर्न प्राविधिक दृष्टिकोणबाट उपयुक्त नदेखिएमा,

(ङ) प्रस्तावित बैंक वा वित्तीय संस्थाले पेश गरेको सम्भाव्यता अध्ययन प्रतिवेदन, विवरण तथा कागजात र अन्य पूर्वाधारलाई अध्ययन गर्दा वित्तीय कारोबार स्वस्थ र प्रतिस्पर्धात्मक ढंगबाट संचालन गर्ने कुरामा विश्वास गर्न सकिने आधार नभएमा,

(च) प्रबन्धपत्र र नियमावली दर्ता गर्नको लागि प्रस्तावित बैक वा वित्तीय संस्थाको सबै संस्थापक सदस्यको नामबाट निवेदन परेको नभएमा,

(छ) प्रबन्धपत्र र नियमावलीमा प्रस्तावित बैंक वा वित्तीय संस्थाका सबै संस्थापकहरुले आफ्नो नाम, ठेगाना समेत खुलाई साक्षीको रोहवरमा सहीछाप गरी सो साक्षीको नाम, ठेगाना समेत खुलाएको नभएमा,

(ज) प्रस्तावित बैंक वा वित्तीय संस्थाको प्रत्येक संस्थापकले सो बैंक वा वित्तीय संस्थाको कम्तिमा एक हजार कित्ता शेयर लिन मञ्जुर गरेको नभएमा,

(झ) प्रस्तावित बैंक वा वित्तीय संस्थाको प्रत्येक संस्थापकले प्रबन्धपत्र र नियमावलीमा सही गर्दा आफूले लिने शेयर संख्या स्पष्ट रुपमा खुलाएको नभएमा,

(ञ) प्रति व्यक्ति शेयर लगानी सीमा र शेयर स्वामित्व अनुपात राष्ट्र बैंकले समयसमयमा तोके बमोजिम रहेको नपाईएमा

(ट) बैंक वा वित्तीय संस्था संस्थापना तथा सञ्चालन गर्न राष्ट्र बैंकले समयसमयमा रोक लगाएको क्षेत्र, सेवा, पेशा वा व्यवसायसँग सम्बन्धित व्यक्ति संलग्न भएको पाईएमा,

(ठ) राष्ट्र बैंकले जारी गरेको बैक वा वित्तीय संस्था संस्थापना तथा इजाजतपत्र नीति विपरित भएको पाइएमा,

(ड) यस ऐन बमोजिम दाखिला गर्नु पर्ने दस्तुर र कागजात दाखिला भएको नपाईएमा,

(ढ) राष्ट्र बैंकले तोकेको विवरण पूरा नगरेमा ।

(२) उपदफा (१) मा उल्लिखित कुनै अवस्था परी प्रस्तावित बैंक वा वित्तीय संस्थालाई राष्ट्र बैंकले पूर्व स्वीकृति दिन इन्कार गरेमा सोको कारण खुलाई निवेदकलाई जानकारी दिनु पर्नेछ ।

८. **विवरणपत्रः** (१) बैंक वा वित्तीय संस्थाले धितोपत्रको सार्वजनिक निष्काशन गर्नु अगावै धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम स्वीकृति प्राप्त गरी त्यस्तो विवरणपत्र राष्ट्र बैंक समक्ष दर्ता गराउनु पर्नेछ । यसरी विवरणपत्र दर्ता नगराएसम्म सो बैंक वा वित्तीय संस्था वा त्यस्तो बैंक वा वित्तीय संस्थाको तर्फबाट कसैले पनि त्यस्तो बैंक वा वित्तीय संस्थाको विवरणपत्र प्रकाशन गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएतापनि धितोपत्र बोर्डबाट विवरणपत्र दर्ता गर्ने सम्बन्धमा स्वीकृति प्रदान गरेको जानकारी लिखित रुपमा प्राप्त नगरेसम्म राष्ट्र बैंकले त्यस्तो विवरणपत्र दर्ता गर्ने छैन ।

९. **शेयरको बाँडफाँटः** (१) बैंक वा वित्तीय संस्थाले आफ्नो कूल जारी पूँजीको कम्तिमा तीस प्रतिशत शेयर सर्वसाधारणलाई बिक्री वितरण गर्नको लागि छुट्याउनु पर्नेछ । यसरी सर्वसाधारणलाई विक्री गर्न छुट्याइएको शेयर संख्याको बढीमा पाँच प्रतिशतसम्म शेयर बैंक वा वित्तीय संस्थाले आफ्नो कर्मचारीको लागि छुट्याउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको स्वामित्व वा यस ऐन बमोजिम शतप्रतिशत शेयर मुख्य कम्पनीले लिएको सहायक कम्पनीको रुपमा संस्थापना हुने बैंक वा वित्तीय संस्थाको शेयर स्वामित्व अनुपात उपदफा (१) बमोजिम हुन आवश्यक पर्ने छैन ।

(३) बैंक वा वित्तीय संस्थाको शेयर खरिदको लागि सर्वसाधारणबाट दरखास्त आव्हान गर्दा शेयरको अंकित मूल्यको शतप्रतिशत रकम दरखास्त साथ माग गर्नु पर्नेछ ।

(४) उपदफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि विदेशी बैंक वा वित्तीय संस्थाको संयुक्त लगानीमा संस्थापना भएको बैंक वा वित्तीय संस्था वा पूर्वाधार विकास बैकले राष्ट्र बैंकले तोकेबमोजिमको शेयर सर्वसाधारणलाई विक्री वितरण गर्नु पर्नेछ ।

१०. **धितोपत्र कारोबारः** (१) बैंक वा वित्तीय संस्थाले आफ्नो धितोपत्र सर्वसाधारणलाई निष्काशन गर्दा त्यस्तो धितोपत्रको बिक्री, बाँडफाँट, रकम असूली जस्ता सबै कार्य धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

(२) बैंक वा वित्तीय संस्थाले कुनै धितोपत्र व्यवसायी संस्था मार्फत धितोपत्र कारोबार गर्ने सम्बन्धमा गरेको सम्झौताको एक प्रति त्यस्तो सम्झौता भएको मितिले सात दिनभित्र राष्ट्र बैंकमा दिनु पर्नेछ ।

(३) बैंक वा वित्तीय संस्थाले कुनै पनि प्रकारको डिबेन्चर वा वित्तीय उपकरण जारी गर्दा राष्ट्र बैङ्कको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको स्वीकृति दिंदा राष्ट्र बैङ्कले आवश्यक शर्तहरु तोक्न सक्नेछ र त्यस्तो शर्तको पालना गर्नु सम्बन्धित बैंक वा वित्तीय संस्थाको कर्तव्य हुनेछ ।

(५) बैंक वा वित्तीय संस्थाले जारी गरेको हकप्रद शेयर निर्धारित अवधीसम्म विक्री नभएमा सम्बन्धित समूहका मौजुदा शेयरधनीले मात्र लिलाम बढाबढमा खरिद गर्न सक्ने गरी कम्तीमा पन्ध्र दिनको म्याद दिई एक पटक सार्वजनिक सूचना प्रकासन गर्नु पर्नेछ र यसरी सूचना प्रकासन गर्दा समान रकमको एक भन्दा बढी आवेदन परेमा दामासाहीले त्यस्तो शेयर बाँडफाँड गर्नु पर्नेछ ।

११. **शेयर बिक्री गर्न वा धितोबन्धक राख्न नसकिने**: (१) बैंक वा वित्तीय संस्थाको संस्थापकले वित्तीय कारोबार सञ्चालन गरेको कम्तिमा पाँच वर्ष नपुगेसम्म आफ्नो नाममा रहेको शेयर बिक्री गर्न वा धितोबन्धक राख्न पाउने छैन ।

तर बैंक वा वित्तीय संस्थाको सञ्चालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सिर्जना हुन गएमा वा संस्थापक शेयरधनी अन्य बैंक वा वित्तीय संस्थाको वित्तीय कारोबारमा कालोसूचीमा समावेश हुन पुगेमा राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरु बीच एक आपसमा शेयर खरिद बिक्री गर्न सकिनेछ ।

**स्पष्टिकरण** : यस उपदफाको प्रयोजनका लागि “विशेष परिस्थिति” भन्नाले गणपूरक संख्याको अभावले समितिको बैठक लगातार तीन पटकसम्म बस्न नसकेको वा सञ्चालकहरुको आपसी विवादको कारणले कुनै पनि निर्णयमा पुग्न नसकेको अवस्था सम्झनु पर्छ ।

(२) बैंक वा वित्तीय संस्थाको संस्थापकले बैंक वा वित्तीय संस्थाले कारोबार सञ्चालन गरेको मितिले पाँच वर्ष पुगेपछि र सर्वसाधारणमा शेयर जारी गरेपछि आफ्नो नाममा रहेको शेयर बिक्री गर्न वा धितोबन्धक राख्न चाहेमा राष्ट्र बैंकले तोकेको शर्त वा निर्देशनको अधीनमा रही त्यस्तो शेयर बिक्री गर्न वा धितोबन्धक राख्न सक्नेछ र त्यसरी संस्थापकले विक्री गरेको शेयर संस्थापक समूहमा नै रहने छ ।

(३) बैंक वा वित्तीय संस्थाको संस्थापक शेयर कुनै कम्पनी वा संगठित संस्थाले लिएको अवस्थामा त्यस्तो कम्पनी वा संगठित संस्थाको शेयरधनी तथा हिताधिकारीहरुमा हेरफेर, शेयर विक्री वा हस्तान्तरण गर्नु अघि राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ ।

१२. **धितोपत्र कारोबार गर्नमा बन्देज**: (१) बैंक वा वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा बैंक वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाका बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको मितिले एक वर्षसम्म सम्बन्धित बैंक वा वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवार वा अन्य कुनै पनि व्यक्ति वा त्यस्ता व्यक्तिहरुको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा वा अन्य व्यक्तिलाई खरिद-बिक्री गर्न गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन, हस्तान्तरण गर्न वा लेनदेन गर्न हुँदैन ।

तर बोनस शेयर, हकप्रद शेयर वा नयाँ शेयर जारी हुँदा वा राष्ट्र बैंकको निर्देशन कार्यान्वयन गर्दा वा दफा ७५ बमोजिम बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्दा गाभिदा वा दफा ८० बमोजिम एउटा बैंक वा वित्तीय संस्थाले अर्को बैंक वा वित्तीय संस्थाको सम्पूर्ण सम्पत्ति वा दायित्व आफूमा समाहित हुने गरी प्राप्ति गर्दा वा बैंक वा वित्तीय संस्थाको सञ्चालनमा कुनै बाधा व्यवधान उत्पन्न भएमा राष्ट्र बैंकको स्वीकृति लिई संस्थापक-संस्थापक, सञ्चालक-सञ्चालक वा सञ्चालक-संस्थापक बीच एक आपसमा धितोपत्र खरिद-विक्री गर्न यो उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(२) कसैले उपदफा (१) को विपरीत कुनै काम गरेमा त्यस्तो धितोपत्र सम्बन्धित बैंक वा वित्तीय संस्थाले जफत गरी बिक्री वितरण गर्नु पर्नेछ ।

१३. **<u>बैंक वा वित्तीय संस्थाले आफ्नो शेयर आफैले खरिद गर्न नहुने</u>**: (१) बैंक वा वित्तीय संस्थाले आफ्नो शेयर आफैंले खरिद गर्न वा जमानतमा राखी कर्जा दिन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा राष्ट्र बैंकको स्वीकृति लिई सम्बन्धित बैंक वा वित्तीय संस्थाले राष्ट्र बैंकले तोकेको प्रतिशतमा नबढ्ने गरी लाभांशको रुपमा वितरण हुन सक्ने सञ्चित मुनाफाको रकमबाट आफ्नो शेयर आफैंले खरिद गर्न सक्नेछ :-

(क) बैंक वा वित्तीय संस्थाले जारी गरेको शेयरको सम्पूर्ण रकम भुक्तानी भैसकेको भए,
(ख) बैंक वा वित्तीय संस्थाले जारी गरेको शेयर धितोपत्र बजारमा सुचिकृत भई सकेको भए,
(ग) आफ्नो शेयर आफैं खरिद गर्न सक्ने व्यवस्था सम्बन्धित बैंक वा वित्तीय संस्थाको नियमावलीमा भएको भए,
(घ) आफ्नो शेयर आफै खरिद गर्न सक्ने गरी सम्बन्धित बैंक वा वित्तीय संस्थाको साधारण सभामा विशेष प्रस्ताव पारित भएको भए,
(ङ) बैंक वा वित्तीय संस्थाले चुक्ता गर्नु पर्ने ऋण रकम बैंक वा वित्तीय संस्थाले आफ्नो शेयर आफैंले खरिद गरी सकेपछि पूँजी तथा साधारण जगेडा कोषको रकमको अनुपातमा दोब्बरभन्दा बढी नहुने भए,

**स्पष्टीकरण**: यस उपदफाको प्रयोजनका लागि "ऋण रकम" भन्नाले बैंक वा वित्तीय संस्थाले कर्जा लिएको सुरक्षित तथा असुरक्षित सम्पूर्ण कर्जा रकम सम्झनु पर्छ ।

(च) बैंक वा वित्तीय संस्थाले खरिद गर्ने आफ्नो शेयरको रकम कुल चुक्ता पूँजी तथा साधारण जगेडा कोषको रकमको बीस प्रतिशतभन्दा बढी नहुने भए,
(छ) आफ्नो शेयर आफैं खरिद गर्ने सम्बन्धमा राष्ट्र बैंकले समय समयमा जारी गरेको निर्देशन प्रतिकूल नहुने भए ।

(३) उपदफा (२) को प्रयोजनका लागि कुनै बैंक वा वित्तीय संस्थाले राष्ट्र बैंकको स्वीकृति लिन देहायको विवरण खुलाई निवेदन दिनु पर्नेछ :-

(क) आफ्नो शेयर आफैंले खरिद गर्नु पर्ने कारण, आवश्यकता, समयावधि र तरिका,
(ख) आफ्नो शेयर आफैंले खरिद गरेको कारणबाट बैंक वा वित्तीय संस्थाको वित्तीय स्थितिमा पर्न सक्ने सम्भावित प्रभाव मूल्याङ्कनको विवरण,
(ग) खरिद गर्न प्रस्ताव गरिएको शेयरको किसिम र सोको संख्या,

(घ) खण्ड (ग) बमोजिमको शेयर खरिद गर्न लाग्ने अधिकतम वा न्यूनतम रकम र सोको स्रोत,

(ङ) आफ्नो शेयर आफैंले खरिद गर्ने सम्बन्धमा राष्ट्र बैंकले तोकेको तथा प्रचलित कानून बमोजिम खुलाउनु पर्ने अन्य आवश्यक कुराहरु ।

(४) उपदफा (३) बमोजिम निवेदन पर्न आएमा प्राप्त विवरणको आधारमा त्यस्तो बैंक वा वित्तीय संस्थालाई आफ्नो शेयर आफैं खरिद गर्न स्वीकृति दिन उपयुक्त हुने देखेमा राष्ट्र बैंकले सोको स्वीकृति दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम स्वीकृति प्राप्त भएपछि त्यस्तो स्वीकृति प्राप्त गरेको छ महिना वा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरेको बाह्र महिनामध्ये जुन पछिल्लो हुन्छ सो अवधिभित्र सम्बन्धित बैंक वा वित्तीय संस्थाले देहायको कुनै उपायबाट आफ्नो शेयर आफैंले खरिद गर्न सक्नेछ :-

(क) धितोपत्र बजार मार्फत खरिद गरेर,

(ख) यस ऐन बमोजिम बैंक वा वित्तीय संस्थाको कर्मचारीलाई छुट्याइएको शेयर सम्बन्धित कर्मचारीबाट खरिद गरेर,

(ग) तत्काल कायम रहेको शेयरधनीबाट समानुपातिक रुपमा खरिद गरेर ।

(५) उपदफा (५) बमोजिम बैंक वा वित्तीय संस्थाले आफ्नो शेयर आफैंले खरिद गरेकोमा त्यस्तो शेयर खरिद गरेको मितिले तीस दिनभित्र आफूले खरिद गरेको शेयर संख्या, सो बापत भुक्तानी रकम र अन्य आवश्यक विवरणहरुको जानकारी राष्ट्र बैंकलाई गराउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम आफ्नो शेयर आफैले खरिद गरेको अंकित मूल्य बराबरको रकम चुक्ता पूँजीबाट घटाई छुट्टै पूँजी फिर्ता जगेडा कोष खडा गरी सो कोषमा दाखिला गर्नु पर्नेछ र सो कोषको रकमलाई चुक्ता पूँजी सरह कायम राख्नु पर्नेछ ।

(७) उपदफा (५) बमोजिम बैंक वा वित्तीय संस्थाले आफ्नो शेयर आफैले खरिद गरेकोमा आफूले खरिद गरे जति शेयर त्यसरी खरिद गरेको मितिले एक सय बीस दिनभित्र रद्द गरिसक्नु पर्नेछ ।

(८) बैंक वा वित्तीय संस्थाले आफ्नो शेयर आफैंले खरिद गर्न सक्ने वा नसक्ने अन्य अवस्था तथा आफ्नो शेयर आफैं खरिद गर्ने सम्बन्धी अन्य कुराहरु राष्ट्र बैंकले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-३

## सञ्चालक समिति र कार्यकारी प्रमुख सम्बन्धी व्यवस्था

१४. **समितिको गठन**: (१) बैंक वा वित्तीय संस्थामा कम्तिमा पाँच र बढीमा नौ जना सञ्चालकहरु रहको एक सञ्चालक समिति रहनेछ ।

(२) बैंक वा वित्तीय संस्थाका सञ्चालकको नियुक्ति यस ऐन तथा नियमावलीको अधीनमा रही बैंक वा वित्तीय संस्थाको साधारण सभाद्वारा हुनेछ ।

तर, -

(क) बैंक वा वित्तीय संस्थाको प्रथम वार्षिक साधारण सभा नभएसम्मको अवधिको लागि सञ्चालकको नियुक्ति संस्थापकद्वारा गरिनेछ ।

(ख) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै सञ्चालकको पद रिक्त हुन आएमा अर्को वार्षिक साधारण सभा नभएसम्मका लागि सञ्चालकको नियुक्ति समितिद्वारा गर्न सकिनेछ ।

(ग) कुनै संगठित संस्थाले शेयर लिएको भएमा सो शेयरको अनुपातमा हुन आउने सञ्चालक मनोनयन गर्न सक्नेछ र यसरी मनोनयन गर्दा एउटै व्यक्तिलाई एकभन्दा बढी बैंक वा वित्तीय संस्थामा मनोनयन गर्न पाइने छैन ।

(घ) सञ्चालक नियुक्ति गर्दा एउटै परिवारका सदस्यबाट एक कार्यकालमा एकजना मात्र नियुक्त हुन सक्नेछन् ।

(ङ) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै बैंक वा वित्तीय संस्थामा संचालक रहेको व्यक्ति पूर्वाधार विकास बैंकमा सञ्चालक हुन यो व्यवस्थाले बाधा पुर्‍याएको मानिने छैन ।

(३) उपदफा (१) बमोजिम समितिमा दफा १५ बमोजिमको योग्यता तथा अनुभव भएका व्यक्तिहरुमध्येबाट कम्तिमा एकजना व्यावसायिक सञ्चालकको रुपमा नियुक्ति गरी सोको जानकारी त्यस्तो नियुक्ति पछि बस्ने पहिलो साधारण सभामा दिनु पर्नेछ ।

तर बैक वा वित्तीय संस्थाको संस्थापक, सञ्चालक वा शेयरधनी तथा निजहरुको परिवार व्यावसायिक सञ्चालक हुन पाउने छैन ।

(४) उपदफा (१) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक परिवारको एकभन्दा बढी व्यक्ति एकै पटक कुनै एउटा बैंक वा वित्तीय संस्थाको सञ्चालक हुन पाउने छैन ।

(५) सञ्चालकले आफूमध्ये बहुमतबाट छानेको कुनै एकजना सञ्चालक समितिको अध्यक्ष हुनेछ ।

(६) बैंक वा वित्तीय संस्थाको शेयर लिएको कम्पनी, संगठित संस्था, विदेशी बैंक वा वित्तीय संस्थाले आफूले लिएको शेयरको अनुपातमा सञ्चालक नियुक्ति गर्दा सञ्चालकको अतिरिक्त निजको अनुपस्थितिमा काम गर्न सक्ने गरी वैकल्पिक सञ्चालक समेत नियुक्ति गर्न सक्नेछ ।

१५. **<u>सञ्चालकको पदावधिः</u>** (१) सञ्चालकको पदावधि नियमावलीमा उल्लेख भए बमोजिम बढीमा चार वर्षको हुनेछ र निज पुनः नियुक्त वा मनोनित हुन सक्नेछ ।

तर दफा १४ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) र (ख) बमोजिम नियुक्ति भएको सञ्चालक वार्षिक साधारण सभा नभएसम्म मात्र आफ्नो पदमा बहाल रहनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता कुनै व्यक्ति एक बैंक वा वित्तीय संस्थामा लगातार दुई कार्यकाल भन्दा बढी सञ्चालकको पदमा नियुक्त हुन सक्ने छैन ।

१६. **<u>सञ्चालकको योग्यताः</u>** (१) सञ्चालकको पदमा नियुक्ति हुने कुनै पनि व्यक्तिको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) कुनै विषयमा स्नातकोपाधि हासिल गरेको वा कुनै सरकारी वा बैङ्किङ्ग वा वित्तीय क्षेत्रसँग सम्बन्धित कुनै निकायमा सञ्चालक वा अधिकृतस्तरको पदमा कम्तिमा पाँच वर्षको अनुभव प्राप्त गरेको,

(ग) सञ्चालक नियुक्तिका सम्बन्धमा राष्ट्र बैंकले तोकेका फिट एण्ड प्रोपर टेष्ट सम्बन्धी मापदण्ड पुरा गरेको,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि 'घ' वर्गका वित्तीय संस्थाको सञ्चालकको शैक्षिक योग्यता तथा अनुभव राष्ट्र बैंकले समय समयमा तोके बमोजिम हुनेछ ।

१७. **<u>व्यावसायिक सञ्चालकको योग्यताः</u>** देहायको बैंक वा वित्तीय संस्थाले व्यावसायिक सञ्चालकको नियुक्ति गर्दा देहायको योग्यता तथा अनुभव प्राप्त व्यक्ति मध्येबाट गर्नु पर्नेछः-

(क) "क" वर्गको बैंक वा राष्ट्रिय स्तरको "ख" वर्गको विकास बैंकको हकमा,-

(१) व्यवस्थापन, बैङ्किङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणित, व्यापार प्रशासन वा वाणिज्य कानून बिषयमा स्नातकोत्तर उपाधी वा चार्टर्ड एकाउण्टेन्सी उपाधी हासिल गरेको र नेपाल सरकारको सेवामा रही कुनै वित्तीय वा कानूनी क्षेत्रसँग सम्बन्धित निकाय वा राष्ट्र बैंक वा अन्तर्राष्ट्रिय बैंक वा वित्तीय संस्थाको सेवामा अधिकृत स्तर द्वितीय श्रेणी वा सो सरहको पदमा कम्तीमा पाँच वर्ष कार्य गरेको वा "क" वर्गको बैंक वा राष्ट्रिय स्तरको "ख" वर्गको वित्तीय संस्थाको अधिकृत स्तर प्रथम श्रेणी वा सो सरहको पदमा कम्तीमा पाँच वर्ष कार्य गरेको वा कुनै विश्वविद्यालयको अध्यापन सेवामा कम्तीमा उप-प्राध्यापक भई व्यवस्थापन, बैङ्किङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, व्यापार प्रशासन, वाणिज्य कानून बिषय कम्तीमा दश बर्ष अध्यापन गरेको, वा

(२) व्यवस्थापन, बैङ्किङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणित, व्यापार प्रशासन वा कानून बिषयमा स्नातक उपाधी वा चार्टर्ड एकाउण्टेन्सी उपाधी हासिल गरेको र नेपाल सरकारको कुनै वित्तीय वा कानूनी क्षेत्रसँग सम्बन्धित निकाय वा राष्ट्र बैंक वा अन्तर्राष्ट्रिय बैंक वा वित्तीय संस्थाको अधिकृत स्तर तृतीय श्रेणीको पदमा कम्तीमा दश बर्ष कार्य गरेको, वा

(३) व्यवस्थापन, बैङ्किङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणित, व्यापार प्रशासन वा कानून बिषयमा स्नातक उपाधी वा चार्टर्ड एकाउण्टेन्सी उपाधी हासिल गरेको र नेपाल सरकारको सेवामा रही कुनै वित्तीय वा कानूनी क्षेत्रसँग सम्बन्धित निकाय वा राष्ट्र बैंक वा अन्तर्राष्ट्रिय बैंक वा वित्तीय संस्थाको कम्तिमा अधिकृत स्तर प्रथम श्रेणी वा सो सरहको पदमा कम्तीमा तीन वर्ष कार्य गरेको ।

(ख) खण्ड “क” वाहेकका वित्तीय संस्थाको हकमा,-

(१) व्यवस्थापन, बैङ्किङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तत्थ्याङ्कशास्त्र, गणित, व्यापार प्रशासन, कानून विषयमा स्नातकोपाधी वा चार्टर्ड एकाउण्टेन्सी उपाधि हासिल गरेको र नेपाल सरकारको सेवामा रही कुनै बैङ्किङ्ग, वित्तीय वा कानूनी क्षेत्रसँग सम्बन्धित कुनै निकाय वा राष्ट्र बैंक वा अन्तर्राष्ट्रिय बैंक वा वित्तीय संस्थाको अधिकृत स्तर तृतीय श्रेणीको पदमा कम्तीमा पाँच वर्ष काम गरेको वा “क” वर्गको बैंक वा राष्ट्रिय स्तरको “ख” वर्गको वित्तीय संस्थाको अधिकृत तृतीयस्तरको पदमा कम्तीमा दश वर्ष कार्य गरेको, वा

(२) कुनै विश्वविद्यालयको अध्ययन सेवामा रही व्यवस्थापन, बैङ्किङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, व्यापार प्रशासन वा वाणिज्य कानून बिषय कम्तीमा दश वर्ष अध्यापन गरेको ।

१८. <u>सञ्चालकको अयोग्यता</u>: (१) देहायको कुनै पनि व्यक्ति बैंक वा वित्तीय संस्थाको सञ्चालक हुन योग्य हुने छैनः-

(क) २१ वर्ष उमेर पूरा नभएको,

(ख) मगज बिग्रिएको वा मानसिक सन्तुलन ठीक नभएको,

(ग) नेपालभित्र वा विदेशमा कर्जा तिर्न नसकी साहूको दामासाहीमा परेको,

(घ) नेपालभित्र वा विदेशमा बैंक वा वित्तीय संस्थासँगको कुनै कारोबारमा कालोसूची वा डिफल्टरमा परी सो कालो सूची वा डिफल्टरबाट फुकुवा भएको मितिले कम्तिमा तीन वर्ष पूरा नभएको,

(ङ) बैंक वा वित्तीय संस्था वा कुनै पनि प्रकारको निक्षेप सम्बन्धी व्यवसाय सञ्चालन गर्ने अन्य संस्थाको बहालवाला सञ्चालक वा कर्मचारी रहेको,

(च) बैंक वा वित्तीय संस्थाको बहालवाला लेखापरीक्षक वा सल्लाहकार वा सम्बन्धित बैंक वा वित्तीय संस्थासँग कुनै किसिमको ठेक्का पट्टामा हिस्सेदार रहेको वा निजी स्वार्थ रहेको,

(छ) धितोपत्र व्यवसायीको रुपमा कार्य गर्न धितोपत्र बजारको सदस्यता प्राप्त गरेको वा मर्चेण्ट बैंकर,

(ज) शेयर स्वामित्वका कारणले सञ्चालक हुन सम्बन्धित बैंक वा वित्तीय संस्थाको नियमावली बमोजिम सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर नलिएको,

(झ) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व प्राप्त संगठित संस्था वा राष्ट्र बैंक वा बैंक वा वित्तीय संस्थाको बहालवाला कर्मचारी रहेको,

तर, नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व प्राप्त संस्थाले शेयर खरिद गरेको वा राष्ट्र बैंकले बैंक वा वित्तीय संस्थामा सञ्चालक मनोनीत गर्न यो व्यवस्थाले बाधा पुऱ्याउने छैन ।

(ञ) राष्ट्र बैंकको गभर्नरको हकमा निज आफ्नो पदबाट हटेको वा अवकाश प्राप्त गरेको मितिले कम्तिमा सात वर्ष पूरा नभएको, राष्ट्र बैंकको डेपुटी गभर्नर र सञ्चालकको हकमा निज आफनो पदबाट हटेको वा अवकाश प्राप्त गरेको मितिले कम्तिमा पाँच वर्ष पूरा नभएको र राष्ट्र बैंकको विशिष्ट श्रेणीको कर्मचारीको हकमा निज आफनो सेवाबाट हटेको वा अवकाश प्राप्त गरेको मितिले कम्तिमा दुई वर्ष पूरा नभएको,

तर राष्ट्र बैंकले कुनै बैंक वा वित्तीय संस्था यस ऐन बमोजिम आफ्नो नियन्त्रणमा लिई सञ्चालन गर्दा वा गराउँदा यो बन्देज लागू हुने छैन ।

(ट) प्रचलित कानून बमोजिम कर तिर्नु पर्ने दायित्व भई त्यस्तो कर चुक्ता नगरेको,

(ठ) राष्ट्र बैंकले तोकेभन्दा बढी रकम बैंक वा वित्तीय संस्थासँग व्यवासयिक कर्जा लिई उद्योग, व्यवसाय तथा व्यपारमा संलग्न रहेको व्यक्ति,

(ड) कुनै प्रकारको चोरी, ठगी, किर्ते, जालसाँजी, भ्रष्टाचार, नैतिक पतन देखिने कुनै पनि फौजदारी वा वित्तीय वा बैंकिंग कसूर गरेको अभियोगमा नेपाल वा विदेशी मुलुकको अदालतबाट सजायँ पाएको १० वर्ष नपुगेको ।

(ढ) नेपाल वा अन्य विदेशी मुलुकको कानून बमोजिम स्थापित कुनै पनि संस्था, नियमन, सुपरीवेक्षण निकाय, व्यावसायिक संगठन जस्ता निकायले व्यावसायिक मान्यता तथा कानून विपरित कार्य गरेको भनी कारवाही गरेको पाँच वर्ष नपुगेको वा त्यस्तो आरोपमा सो व्यक्तिलाई अनुसन्धान तहकिकात भैरहेको,

(ण) व्यवसायिक सञ्चालकको हकमा निज सम्बन्धित बैंक वा वित्तीय संस्थाको शेयरधनी रहेको,

(त) अदालतको फैसला बमोजिम लागेको कैद, जरिवाना तिर्न बुझाउन बाँकी रहेको, सरकारी बाँकी तिर्न बुझाउन बाँकी रहेको व्यक्ति ।

(२) पूर्वाधार विकास बैंकको हकमा उपदफा (१) को खण्ड (ङ) र (ज) उल्लेखित व्यवस्था लागु हुने छैन ।

(३) उपदफा (१) को व्यवस्थामा प्रतिकूल असर नपर्ने गरी बैंक वा वित्तीय संस्थाको सञ्चालक, पदाधिकारी वा कर्मचारीले सोही बैंक वा वित्तीय संस्थाको सहायक कम्पनीको संचालक भई काम गर्न सक्नेछ ।

१९. <u>सञ्चालक पदमा बहाल रहन नसक्ने अवस्थाः</u> (१) देहायका अवस्थामा कुनै पनि व्यक्ति बैंक वा वित्तीय संस्थाको सञ्चालकको पदमा बहाल रहने छैन :

(क) दफा २१ बमोजिमको योग्यता नभएमा,

(ख) जुन समूहबाट सञ्चालक नियुक्ति भएको हो सोही समूहको प्रस्तावमा सोही समूहको कम्तिमा एकाउन्न प्रतिशत शेयरको प्रतिनिधित्व हुने शेयरधनीले साधारण सभामा सञ्चालकको पदबाट हटाउने प्रस्ताव बहुमतले पारित गरेमा,

(ग) सञ्चालकले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(घ) यस ऐन वा राष्ट्र बैंकको निर्देशन बमोजिम सञ्चालकले गर्न नहुने कुनै कार्य गरेमा,

(ङ) व्यवसायिक सञ्चालकको हकमा निजले सम्बन्धित बैंक वा वित्तीय संस्थाको शेयर स्वामित्व प्राप्त गरेमा,

(च) बैंक वा वित्तीय संस्था वा निक्षेपकर्ताको हक र हित विपरीत कार्य गरेको जानकारी राष्ट्र बैंकले पाई निज बैंक वा वित्तीय संस्थाको सञ्चालक पदमा रही कार्य सम्पादन गर्न असक्षम रहेको भनी निजलाई हटाउन राष्ट्र बैंकले निर्देशन दिएमा ।

(छ) राष्ट्र बैंकले सञ्चालक पदमा रही कार्य संचालन गर्न असक्षम भनी हटाउन निर्देशन दिएमा ।

(२) बैंक वा वित्तीय संस्थालाई आफ्नो कुनै सञ्चालक यस ऐन वा राष्ट्र बैंक ऐन बमोजिम सो पदमा बहाल रहन अयोग्य छ भन्ने लागेमा वा बहाल नरहेमा त्यसको पन्ध्र दिनभित्र राष्ट्र बैंकलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

२०. **सञ्चालकको जवाफदेही र दायित्वः** (१) सञ्चालकले बैंक वा वित्तीय संस्था मार्फत वा बैंक वा वित्तीय संस्थाको कामको सिलसिलामा व्यक्तिगत फाइदा लिने कुनै काम गर्न गराउन हुँदैन ।

(२) बैंक वा वित्तीय संस्थाको कारोबारको सिलसिलामा कुनै सञ्चालकले व्यक्तिगत फाइदा पुग्ने गरी कुनै रकम वा जिन्सी लिएको पाइएमा पाइएमा सो रकम वा जिन्सी बैंक वा वित्तीय संस्थाले त्यस्तो सञ्चालकबाट असुल उपर गरी लिनु पर्नेछ ।

(३) बैंक वा वित्तीय संस्थाको सञ्चालकको हैसियतले काम गर्ने व्यक्तिले आफ्नो अधिकार क्षेत्र नाघी गरेको कुनै काम कारबाही प्रति बैंक वा वित्तीय संस्था उत्तरदायी हुने छैन ।

(४) सञ्चालकले आफ्नो व्यक्तिगत हितका लागि वा बैंक वा वित्तीय संस्थालाई हानी नोक्सानी पुऱ्याई कुनै कारोबार गर्न लागेको हो भन्ने जानी जानी वा विश्वास गर्ने पर्याप्त कारण भएर पनि कसैले त्यस्तो सञ्चालक वा निजको प्रतिनिधिसँग कुनै कारोबार गरेको रहेछ भने सो व्यक्तिले बैंक वा वित्तीय संस्था उपर त्यस्तो कारोबारको सम्बन्धमा कुनै दावी गर्न पाउने छैन ।

(५) बैंक वा वित्तीय संस्थालाई व्यवस्थित, सुरक्षित एवम् कानूनी तवरबाट सञ्चालन गर्न सञ्चालकले आफ्नो शैक्षिक, व्यावसायिक ज्ञान तथा अनुभव प्रयोग गर्नु निजको दायित्व हुनेछ ।

(६) सञ्चालकले राष्ट्र बैंकले समय समयमा दिएको निर्देशनको पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

२१. **<u>सञ्चालकको लगत</u>**: बैंक वा वित्तीय संस्थाले आफ्नो सञ्चालकको व्यक्तिगत विवरण एउटा छुट्टै किताबमा लेखी राख्नु पर्नेछ र सो सम्बन्धी विवरण र सञ्चालक हेरफेर भएमा त्यसको सूचना राष्ट्र बैंकमा सातदिन भित्र पठाउनु पर्नेछ ।

२२. **<u>सञ्चालकको विवरण पेश गर्नु पर्ने</u>**: (१) बैंक वा वित्तीय संस्थाले सञ्चालकको नियुक्ति, मनोनयन वा निर्वाचन भएको मितिले पन्ध्र दिनभित्र देहायका विवरण संलग्न गरी राष्ट्र बैंक समक्ष पेश गर्नु पर्नेछः-

(क) सञ्चालकको नाम, थर, ठेगाना, पेशा, पेशागत योग्यता र अनुभव

(ख) अन्य कुनै निकायको सञ्चालक, पदाधिकारी वा कर्मचारी भई काम गरेको भए सोको दर्जा र जिम्मेवारी उल्लेख गरिएको विवरण,

(ग) सञ्चालकको परिवारको नाम थर, पारिवारिक एवं सम्बद्ध व्यक्तिको विवरण तथा बैंक वा वित्तीय संस्था र अन्य निकायमा निज र निजको परिवारको वित्तीय स्वार्थ, निज र परिवारका नाममा रहेको उक्त संस्थाको शेयर स्वामित्व, उल्लेख्य स्वामित्व र उल्लेख्य हैसियत रहे नरहेको विवरण,

(घ) निज वा निजको परिवारले सम्बन्धित बैंक वा वित्तीय संस्था वा त्यसको मुख्य वा सहायक कम्पनीमा लिएको शेयर वा डिबेन्चरको विवरण,

(ङ) निजको परिवारको कुनै सदस्य सम्बन्धित बैंक वा वित्तीय संस्थामा पदाधिकारी वा कर्मचारीको हैसियतमा काम गरिरहको भए सोको विवरण,

(च) सम्बन्धित बैंक वा वित्तीय संस्थासँग निज वा निजको परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको भए सोको विवरण,

(छ) कार्यकारी प्रमुख, प्रबन्ध सञ्चालक, कम्पनी सचिव, लेखापरीक्षक तथा महाप्रबन्धकको नियुक्तिको सम्बन्धमा कुनै प्रकारको स्वार्थ वा सरोकार भए सोको विवरण,

(ज) निजको वित्तीय, फौजदारी र व्यावसायिक पृष्ठभूमिको सम्बन्धमा राष्ट्र बैंकले जाँचबुझ गर्न वा प्रचलित कानून बमोजिम स्थापित निकाय मार्फत जाँचबुझ गराउन र यस्तो सूचना तथा जानकारी आदान प्रदान गर्न गराउन सहीछाप गरी राष्ट्र बैंकलाई दिएको लिखित अख्तियारी,

(झ) यस ऐन बमोजिम संचालक हुन योग्य रहेको स्वघोषण,

(ञ) राष्ट्र बैंक तथा समितिलाई जानकारी गराउनु पर्ने भनी राष्ट्र बैंकले समय समयमा तोकिदिएको अन्य विवरण ।

(२) उपदफा (१) मा उल्लेखित जानकारीको सम्बन्धमा जाँचबुझ गर्न आवश्यक देखेमा सो उपर जाँचबुझ गर्ने गराउने अधिकार राष्ट्र बैंकलाई हुनेछ ।

२३. **<u>सञ्चालकले जानकारी गराउनु पर्ने</u>**: (१) सञ्चालकले आफू नियुक्ति भएको सात दिन भित्र दफा २५ को उपदफा (१) बमोजिमको विवरण बैंक वा वित्तीय संस्थामा पेश गर्नु पर्नेछ ।

(२) सञ्चालक वा निजको परिवारको कुनै सदस्यको बैंक वा वित्तीय संस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै उल्लेख्य स्वामित्व वा अन्य कुनै पनि प्रकारको स्वार्थ रहेमा त्यस्तो सञ्चालकले सो कुराको जानकारी आवश्यक पूर्ण विवरण सहित समितिको पहिलो बैठकमा दिनु पर्नेछ ।

(३) यस दफा बमोजिम सञ्चालकले पेश गरेको विवरण बैंक वा वित्तीय संस्थाको कार्यकारी प्रमुखले प्रमाणित गरेर छुट्टै किताबमा अभिलेख गरी राख्नु पर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिमको कुनै स्वार्थसंग सम्बन्धित विषयमा समिति वा अन्य कुनै उपसमितिको वैठकमा छलफल हुँदा त्यस्तो सञ्चालकले बैठकको प्रारम्भमा नै त्यस्तो स्वार्थको जानकारी गराई सो विषय वैठकमा राख्नु पर्नेछ र सो सम्बन्धी निर्णयको लागि हुने छलफल वा मतदानमा त्यस्तो सञ्चालकले भाग लिन पाउने छैन ।

२४. **अधिकार प्रत्यायोजन**: समितिले आफ्नो रेखदेख र निर्देशनमा रही काम गर्न सोको औचित्य र कारण खुलाइ आफूमा निहित आफ्नो केही अधिकार कुनै सञ्चालक, दफा २५ बमोजिम गठित उपसमिति, कार्यकारी प्रमुख वा कार्यकारी प्रमुख भई काम गर्ने कुनै व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर समितिको अध्यक्षलाई त्यस्तो अधिकार प्रत्यायोजन गर्न सकिने छैन ।

२५. **उपसमिति गठन गर्न सक्ने**: (१) यस ऐनमा कुनै निकाय वा पदाधिकारीले गर्ने भनी स्पष्ट उल्लेख गरिएकोमा बाहेक समितिले कुनै खास प्रयोजनको लागि राष्ट्र बैंकको निर्देशनको परिधिभित्र रही एक वा एकभन्दा बढी उपसमिति गठन गर्न सक्नेछ ।

तर समितिको अध्यक्ष उपसमितिमा रहन पाउने छैन ।

(२) उपदफा (१) बमोजिम गठन भएको उपसमितिको काम, कर्तव्य, अधिकार, कार्याविधि र बैठकमा भाग लिए बापत सदस्यले पाउने पारिश्रमिक वा भत्ता समितिले तोके बमोजिम हुनेछ र यस्तो कार्य र खर्च वार्षिक प्रतिवेदनमा स्पष्ट खुलाउनु पर्नेछ ।

२६. **समितिको बैठक**: (१) समितिको बैठक वर्षमा कम्तिमा बाह्रपटक बस्नु पर्नेछ ।

तर दुईवटा बैठकको बीचको फरक साठी दिन भन्दा बढी हुने छैन ।

(२) कम्तिमा एक तिहाई सञ्चालकले लिखित अनुरोध गरेमा अध्यक्षले जुनसुकै बखत समितिको बैठक बोलाउनु पर्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा सञ्चालकहरुले आफूमध्येबाट बहुमतले छानेको कुनै एकजना सञ्चालकले समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(४) कूल सञ्चालक संख्याको कम्तिमा एकाउन्न प्रतिशत सञ्चालक उपस्थित नभई समितिको बैठक बस्ने छैन ।

(५) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत मात्र दिन पाउनेछ ।

(६) समितिको बैठकमा उपस्थित सञ्चालकको नाम, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरणको माइन्युट एक छुट्टै किताबमा अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण

सञ्चालकले सही गरेको हुनु पर्नेछ ।

तर कुनै विषयमा छलफल गर्दा कुनै सञ्चालकले निर्णयको विपरीत वा त्यस्तो निर्णय हुने कुराभन्दा फरक विचार राखेमा सोही कुरा निजले अभिलेखमा उल्लेख गरी सही गर्नु पर्नेछ ।

२७. **समितिको काम, कर्तव्य र अधिकार**: (१) साधारण सभाबाट हुने काम बाहेक यस ऐन, प्रचलित कानून, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही बैंक वा वित्तीय संस्थाले गर्नु पर्ने सम्पूर्ण काम, कर्तव्य र अधिकार समितिमा निहित रहनेछ ।

(२) बैंक तथा वित्तीय संस्थाको समग्र जोखिम व्यवस्थापन गरी निक्षेपकर्ता, ग्राहकवर्ग तथा सर्वसाधारण शेयरधनीको हितमा बैंक सञ्चालन गर्नु समितिको कर्तब्य हुनेछ ।

(३) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बैंक वा वित्तीय संस्थाले गर्नु पर्ने काम सुव्यवस्थित रुपले सञ्चालन गर्न यस ऐन तथा प्रचलित कानूनको अधीनमा रही आवश्यक विनियम, निर्देशिका, कार्यविधि बनाई लागू गर्ने,

(ख) बैंक वा वित्तीय संस्थाको कारोबारमा जोखिम वा जोखिमजन्य परिस्थिति उत्पन्न हुन नदिन, आफ्नो नीति र रणनीति अनुरुप बैंकिङ्ग तथा वित्तीय कारोबार होशियारीपूर्वक सञ्चालन गर्न आन्तरिक नियन्त्रण प्रणाली एवं अन्तराष्ट्रियस्तरको जोखिम व्यवस्थापन मापदण्ड तयार गरी लागू गर्ने र सोको समय समयमा समीक्षा गरी अद्यावधिक गर्ने,

(ग) बैंक वा वित्तीय संस्थाले गर्नुपर्ने सम्पूर्ण काम कारवाहीको लागि आवश्यक नीतिगत व्यवस्था गर्ने, कामकारवाहीको नियमित अनुगमन गरी बैंक वा वित्तीय संस्था व्यवस्थितर मर्यादित ढंग (प्रुडेन्सियल नर्म्स) वाट संचालन गर्ने गराउने,

(घ) बैंक वा वित्तीय संस्थाको स्पष्ट संगठनात्मक संरचना तयार गरी सो बमोजिम आवश्यक अधिकार प्रत्यायोजन नीति तर्जुमा र कार्यान्वयन गर्ने,

(ङ) गैरकार्यकारी अध्यक्ष तथा सञ्चालकले बैंक वा वित्तीय संस्थाको निक्षेप लिने, कर्जा दिने, धितोपत्रमा लगानी गर्ने, कर्मचारी व्यवस्थापन गर्ने र बजेट खर्च गर्ने जस्ता दैनिक कामकारोवारमा हस्तक्षेप नगर्ने कुराको प्रत्याभूति गर्ने,

(च) बैंक वा वित्तीय संस्थामा उपयुक्त संस्थागत सुशासन कायम गरी वित्तीय विवरणलाई विश्वासिलो र सही किसिमवाट समय मै तयार गरी गराई सो प्रति आफू जवाफदेही रहने,

(छ) बैंक वा वित्तीय संस्थामा नैतिक तथा व्यावसायिक मापदण्डको प्रवर्द्धन गर्न आफ्नो ग्राहक पहिचान हुने किसिमको आन्तरिक कार्यविधि बनाई लागू गर्ने,

(ज) राष्ट्र बैंकले समय समयमा तोकेबमोजिमका अन्य कार्यहरु गर्ने ।

(४) यस ऐन, प्रबन्धपत्र र नियमावलीमा अन्यथा व्यवस्था भएकोमा बाहेक समितिले कुनै सञ्चालकलाई वा आफ्नो कुनै पदाधिकारीलाई एक्लै वा संयुक्त रुपमा बैङ्क वा वित्तीय संस्थाको तर्फबाट लेखापढी गर्न वा विनिमेय अधिकारपत्र वा चेक आदिमा सहीछाप गर्न समेत सबै वा केही अधिकार सुम्पी आफ्नो प्रतिनिधि

खडा गर्न सक्नेछ ।

(५) समितिले यस ऐन बमोजिम काम कारवाही गर्दा कार्यकारी प्रमुख लगायत यस ऐनमा स्पष्ट रुपमा कुनै पदाधिकारीले गर्ने भनी उल्लेख गरिएको भएमा त्यस्तो पदाधिकारीको अधिकार क्षेत्रमा हस्तक्षेप नहुने गरी कार्य सम्पादन हुने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ ।

२८. **सञ्चालकको भत्ता तथा सुविधाः** (१) सञ्चालकले बैठकमा उपस्थित भए बापत पाउने बैठक भत्ता तथा अन्य कुनै पनि सुविधा नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) सञ्चालकले उपदफा (१) बमोजिम नियमावलीमा उल्लेख गरिए बाहेक कुनै किसिमको सेवा सुविधा लिएको भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो सुविधा बापत लिएको रकम व्याज सहित निजबाट असुल उपर गरी लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम असुल उपर हुन नसकेमा त्यस्तो रकम भुक्तानी दिने अख्तियार प्राप्त अधिकारीबाट असुल उपर गरिनेछ ।

२९. **कार्यकारी प्रमुखको नियुक्ति र सेवाको शर्तः** (१) समितिले यस ऐन, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही बैंक वा वित्तीय संस्थाको प्रमुख प्रशासकको रुपमा कार्यगर्ने गरी एक कार्यकारी प्रमुखको नियुक्ति गर्नु पर्नेछ ।

(२) कार्यकारी प्रमुखको नियुक्ति गर्दा देहाय बमोजिमको योग्यता तथा अनुभव भएको योग्य व्यक्तिलाई नियुक्ति गरी त्यस्तो नियुक्ती गरेको सात दिन भित्र राष्ट्र बैकलाई जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्ति भएको कार्यकारी प्रमुख यस ऐन बमोजिम योग्य भएको नदेखिएमा राष्ट्र बैंकले नलागेमा निजलाई हटाई अर्को व्यक्तिलाई नियुक्त गर्न सम्बन्धित बैंक वा वित्तीय संस्थालाई आदेश दिन सक्नेछः-

(क) कुनै विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी बैङ्किङ्ग तथा वित्तीय क्षेत्र, बैङ्किङ्ग तथा वित्तीय कानूनसंग सम्बन्धित सरकारी निकाय, संगठित संस्था, विश्वविद्यालय वा त्यस्तो कार्य गर्ने अन्तर्राष्ट्रिय संघ/संस्थाको अधिकृत तह वा सोभन्दा माथिको पदमा कम्तिमा पाँच वर्षको अनुभव भएको,

(ख) कार्यकारी प्रमुखको नियुक्तिका सम्बन्धमा राष्ट्र बैकले तोकेका फीट एण्ड प्रोपर टेष्टका मापदण्ड पूरा गरेको,

(ग) पैसठ्ठी वर्ष उमेर ननाघेको,

(ग) दफा २० को उपदफा (१) बमोजिम अयोग्य नभएको ।

तर सोही दफाको उपदफा (१) को खण्ड (ज) र (त) भने कार्यकारी प्रमुखको हकमा लागू हुने छैन ।

(४) सञ्चालकलाई मात्र लागू हुने भनी राष्ट्र बैंकले तोकेका व्यवस्था बाहेक दफा २१, २२ र २३ का अन्य व्यवस्था कार्यकारी प्रमुख समेतलाई लागू हुनेछन् ।

(५) बैंक वा वित्तीय संस्थाले दफा २ को खण्ड (थ) मा उल्लिखित कार्यकारी प्रमुख जनाउँने कुनै

एक नामको प्रयोग गरेपछि सो खण्डमा उल्लिखित अन्य नाम लगायत त्यस्तै कुनै पनि विशेषण वा सो सरहका अर्थ लाग्ने शब्द प्रयोग गरी अन्य पदको सिर्जना गर्न सक्ने छैन ।

(६) कार्यकारी प्रमुखको पदावधि बढीमा चार वर्षको हुनेछ र निजको पुनर्नियुक्ति हुन सक्नेछ ।

(७) कार्यकारी प्रमुखको पारिश्रमिक तथा सेवाका अन्य शर्त वा सुविधाहरु राष्ट्र बैकको निर्देशन अधिनमा रही समितिले तोके बमोजिम हुनेछ र निजको नियुक्ति गर्दाका बखत नै निजको सेवाको शर्त तथा सुविधा निर्धारण गर्नु पर्नेछ ।

तर कुनै सञ्चालक कार्यकारी प्रमुखको पदमा नियुक्ति भएको अवस्थामा निजले पाउने पारिश्रमिक तथा अन्य सम्पूर्ण सेवा तथा सुविधा वापतको रकम नियमावलीमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

(८) कुनै व्यक्ति कुनै बैंक वा वित्तीय संस्थाको कार्यकारी प्रमुख भएको अवस्थामा अर्को बैंक वा वित्तीय संस्थामा कार्यकारी प्रमुख, सञ्चालक, पदाधिकारी, कर्मचारी वा अन्य कुनै पदमा रही काम गर्न पाउने छैन ।

तर पूर्वाधार विकास बैंकको कार्यकारी प्रमुख बाहेक सञ्चालक, पदाधिकारी, कर्मचारी वा अन्य कुनै पदमा यो व्यवस्था लागू हुने छैन ।

३०. **कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार**: (१) कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस ऐन, राष्ट्र बैंकको निर्देशन, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही समितिको निर्णय लागू गर्ने र बैंक वा वित्तीय संस्थाको काम कारबाही तथा कारोबारको रेखदेख तथा नियन्त्रण गर्ने,

(ख) बैंक वा वित्तीय संस्थाको वार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ग) बैंक वा वित्तीय संस्थाको कर्मचारी विनियमावलीको अधीनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,

(घ) साधारण सभाद्वारा गरिएका निर्णय र राष्ट्र बैंकद्वारा निर्देशित कुराहरु कार्यान्वयन गर्ने, गराउने,

(ङ) यस ऐन, राष्ट्र बैंकको निर्देशन, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही बैंक वा वित्तीय संस्थाले राष्ट्र बैंक वा अन्य कुनै निकायमा पेश गर्नु पर्ने विवरण, कागजात, निर्णय आदि यथासमयमा पेश गर्ने,

(च) बैंक वा वित्तीय संस्था सञ्चालन गर्ने सम्बन्धमा राष्ट्र बैंक, समिति तथा साधारण सभाले तोकेका अन्य कार्यहरु गर्ने ।

(२) कार्यकारी प्रमुख आफ्नो कामको निमित्त समिति प्रति उत्तरदायी हुनेछ ।

## परिच्छेद-४

## इजाजतपत्र सम्बन्धी व्यवस्था

३१. **बैंक वा वित्तीय संस्था बाहेक अन्य कसैले वित्तीय कारोबार गर्न नपाउने:** दफा ३५ बमोजिम बैकिङ्ग तथा वित्तीय कारोवार गर्न इजाजतपत्र प्राप्त गर्ने बैंक वा वित्तीय संस्था बाहेक अन्य कसैले पनि यस ऐन बमोजिमको बैकिङ्ग तथा वित्तीय कारोबार गर्न पाउने छैन ।

३२. **यस ऐनको व्यवस्था लागू नहुने:** (१) दफा ३१ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको संस्थाले देहाय बमोजिमको आर्थिक कारोबार सञ्चालन गर्न बाधा पुगेको मानिने छैनः-

(क) सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता गरिएका सहकारी संस्थाले आफ्नो शेयर खरिद गर्ने सदस्यहरु वीच गर्ने वचत तथा ऋणको कारोवार,

(ख) हुलाक वचत बैंकले गर्ने बचत तथा ऋणको कारोवार,

(ग) प्रचलित कानून बमोजिम वित्तीय मध्यस्थताको काम गर्ने अन्य संस्थाले समूह गठन गरी विपन्न वर्गमा गर्ने लघुवित्त कारोवार,

(घ) राष्ट्र बैंकले समय समयमा तोकेका संस्थाको अन्य कारोवार ।

३३. **बैंक शब्दको प्रयोग:** (१) कसैले पनि राष्ट्र बैंकको स्वीकृति नलिई बैकिङ्ग तथा वित्तीय कारोबार गर्ने प्रयोजनको लागि बैंक वा वित्तीय संस्थाको नाम प्रयोग गर्नु हुँदैन ।

(२) यस ऐनको दफा ५१ बमोजिमको कार्य गर्न इजाजतपत्र पाएको वाणिज्य बैंक, वित्तीय संस्था र नेपालमा शाखा, सम्पर्क वा प्रतिनिधि कार्यालय खोल्ने विदेशी बैंक वा वित्तीय संस्था वा राष्ट्र बैंकबाट पूर्व स्वीकृति लिएको अवस्थामा वाहेक अन्य कुनै पनि व्यक्ति, कम्पनी वा संस्थाले राष्ट्र बैंकबाट पूर्व स्वीकृति नलिई आफ्नो नामसँग 'बैंक', 'बैंकर', 'बैंकिङ्ग' वित्त, वित्तीय वा अन्य त्यस्तै अर्थ आउने संकेत, विशेषण वा त्यस्तै किसिमका अर्थ लाग्ने शब्द प्रयोग गर्न पाउने छैन ।

तर देहायका विषयमा यो व्यवस्था लागू हुने छैनः-

(क) बैंक वा वित्तीय संस्थाको संगठन,

(ख) कानून वा अन्तर्राष्ट्रिय सम्झौता वा प्रचलन बमोजिम स्थापित वा मान्यता प्राप्त कुनै संस्था,

(ग) संस्थापना भएको छ महिना भित्र बैंकिङ्ग तथा वित्तीय कारोवार गर्न इजाजतपत्रका लागि निवेदन दिने कम्पनी ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त गरेको कुनै बैंक वा वित्तीय संस्थाले त्यस्तो कारोबार गर्न स्वीकृति प्राप्त गर्दाका बखत कायम रहेको नाम प्रयोग गरी वित्तीय कारोबार गर्न सक्नेछ र "ख", "ग" तथा "घ" वर्गको बैंक वा वित्तीय संस्थाले क्रमशः विकास बैंक, वित्त कम्पनी तथा लघु वित्त वित्तीय संस्था भन्ने नाम प्रयोग गर्न पाउने छ ।

३४. **बैंकिङ्ग वा वित्तीय कारोबार गर्ने इजाजतपत्रको लागि निवेदन दिनुपर्ने:** (१) यस ऐन बमोजिम पूर्व स्वीकृति प्राप्त गरेका बैंकिङ्ग वा वित्तीय कारोबार गर्न चाहने बैंक वा वित्तीय संस्थाले राष्ट्र बैंकले इजाजतपत्रका लागि तोकिदिएको दस्तुर सहित इजाजतपत्रको लागि राष्ट्र बैंक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने निवेदनका साथमा बैंक वा वित्तीय संस्थाले देहायका विवरण तथा कागजात समेत संलग्न गरेको हुनु पर्नेछः-

(क) बैंक वा वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली र प्रचलित कानून बमोजिम संस्थापना भएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) कारोबार सञ्चालन गर्न आवश्यक सबै पूर्वाधार तयार भएको कार्यालय भवनको विवरण वा भवन भाडामा लिने भए बहाल सम्बन्धी सम्झौताको प्रतिलिपि र भाडामा लिएको भवनको विवरण सहित बैंकिंग तथा वित्तीय सेवा, सुविधा प्रदान गर्न सक्ने पर्याप्त आधार रहेको विवरण,

(ग) संस्थापक शेयरधनीले लिन कबूल गरेको शेयरको रकम चुक्ता भई राष्ट्र बैंकमा जम्मा गरेको प्रमाणित हुने कागजात,

(घ) बैंक वा वित्तीय संस्थाको संगठनात्मक संरचना,

(ङ) बैंक वा वित्तीय संस्थाको कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी विनियम,

(च) बैंक वा वित्तीय संस्थाको कर्जा नीति,

(छ) बैंक वा वित्तीय संस्थाको आर्थिक प्रशासन सम्बन्धी विनियम,

(ज) कर्जा अपलेखन सम्बन्धी विनियम,

(झ) कारोवार गर्ने मुख्य स्थान वा शाखाको स्थान यकीन भइसकेकोमा सोको ठेगाना,

(ञ) बैंकिङ्ग वा वित्तीय कारोबार गर्नको लागि राष्ट्र बैंकले तोकेका शर्तहरु पालना गर्ने कुराको मञ्जुरी,

(ट) निक्षेपकर्ताको हक हित विपरीत हुने कुनै काम नगर्ने र निक्षेप फिर्ता लान चाहेमा दिने लिखित प्रतिवद्धता,

(ठ) बैंक वा वित्तीय संस्थाको व्यावसायिक रणनीति र संचालन गरिने कारोवारको प्रकृति, आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन प्रक्रिया सहितको संगठनात्मक संरचनालाई समेट्ने गरी तयार पारिएको व्यवसायिक योजना,

(ड) पूर्व स्वकिृति लिन पेश गरिएका कागजात तथा विवरणमा कुनै हेरफेर भए सो को विवरण,

(ढ) बैंक वा वित्तीय संस्थाको सञ्चालक र पदाधिकारीहरुको नामावली तथा निजहरु यस ऐन बमोजिम सञ्चालक वा पदाधिकारीहरु हुन योग्य रहेको विवरण,

(ण) बैंकिङ्ग वा वित्तीय कारोबार सञ्चालन गरुञ्जेल राष्ट्र बैंकले समय समयमा तोकिदिए बमोजिमको न्यूनतम पूँजी कायम राख्ने प्रतिवद्धता,

(त) बैंक वा वित्तीय संस्थाले संभावित सबै जोखिमहरुको उपयुक्त ढंगबाट व्यवस्थापन गर्न आन्तरिक नियन्त्रण प्रणाली कायम गर्ने र त्यस्तो संस्थाले आफ्ना

ग्राहकहरुलाई उपयुक्त बैंकिङ्ग तथा वित्तीय सेवा वा सुविधाहरु प्रदान गर्ने कुरा,

(थ) बैंक वा वित्तीय संस्थाको सबै सञ्चालक, पदाधिकारी र उल्लेख्य स्वामित्व भएको व्यक्ति बैंक वा वित्तीय संस्थाको उद्देश्य पूर्तिका लागि आइपर्ने सबैखाले परिस्थितिसँग सामञ्जस्य राख्न सक्ने, बैंकिङ्ग तथा वित्तीय कारोबारको प्रकृति अनुकूल चल्नसक्ने सक्षम व्यक्ति भई व्यवसाय प्रुडेन्सियल मापदण्ड बमोजिम संचालन हुने कुरा,

(द) राष्ट्र बैंकले समय समयमा तोकिदिएको अन्य विवरण तथा कागजातहरु ।

(३) कुनै विदेशी बैंक वा वित्तीय संस्थाले नेपालमा संयुक्त लगानीमा संस्थापित गर्ने बैंक वा वित्तीय संस्थाको हकमा उपदफा (२) मा उल्लिखित कुराहरुका अतिरिक्त देहाय बमोजिमका कुराहरु समेत राष्ट्र बैंकमा पेश गर्नु पर्नेछः-

(क) "क", "ख", "ग", "घ" वर्गका बैंक वा वित्तीय संस्थाको हकमा विदेशी बैंक वा वित्तीय संस्थाको सम्बन्धित मुलुकको कानून बमोजिम त्यस्तो मुलुकको सरकार वा केन्द्रीय बैंक वा नियमन गर्ने निकायले नेपालमा त्यस्तो विदेशी बैंक वा वित्तीय संस्थाले बैंकिङ्ग तथा वित्तीय कारोबार सञ्चालन गर्न दिएको स्वीकृति वा सहमति पत्र ।

(ख) विदेशी बैंक वा वित्तीय संस्था स्थापना गर्न राष्ट्र बैंकमा निवेदन पेश गरेपछि वा राष्ट्र बैंकबाट अनुमति लिएपछि त्यस्तो विदेशी बैंक वा वित्तीय संस्थाले यस ऐन बमोजिम पूरा गर्नु पर्ने कुनै कुरामा फरक परेको भए सोको विवरण,

(ग) राष्ट्र बैंकले माग गरे बमोजिमको अन्य जानकारी तथा विवरण ।

(४) यस दफा बमोजिमको निवेदन उपर कारवाही गर्दा सो निवेदनसाथ संलग्न कागजात नपुग वा अपर्याप्त भएमा राष्ट्र बैंकले बैंक वा वित्तीय संस्थासँग थप कागजात वा विवरण माग गर्न सक्नेछ ।

३५. **<u>बैंकिङ्ग वा वित्तीय कारोबार गर्न इजाजतपत्र दिनेः</u>** (१) दफा ३४ बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा राष्ट्र बैंकले यस ऐन बमोजिम सबै आधार पुगेको पाएमा त्यस्तो बैंक वा वित्तीय संस्थालाई दफा ३८ बमोजिमको वर्गीकरणको आधारमा १२० दिनभित्र कारोबार सञ्चालन गर्न कुनै एक वर्गको इजाजतपत्र दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र दिनु अघि राष्ट्र बैंकले देहायका कुराहरुको एकिन गर्नु पर्नेछः-

(क) बैंकिङ्ग वा वित्तीय कारोबार गर्न इजाजतपत्र दिंदा स्वस्थ प्रतिस्पर्धात्मक र वित्तीय मध्यस्थता सम्बन्धी कारोबार प्रभावकारी भई निक्षेपकर्ताको हित हुने,

(ख) यस ऐन वा सो अन्तर्गत बनेको नियम, विनियम, आदेश वा निर्देशन तथा प्रबन्धपत्र र नियमावलीको अधीनमा रही बैंकिङ्ग तथा वित्तीय कारोबार सञ्चालन गर्न सक्षम रहेको,

(ग) दफा ३५ बमोजिम इजाजतपत्रको लागि दिएको निवेदन साथ संलग्न विवरण तथा कागजात तथा पर्याप्त भौतिक पूर्वाधार छ भन्ने लागेमरहेको,

(घ) बैंक वा वित्तीय संस्थामा नियुक्ति वा संलग्न भएको वा नियुक्ति गरिने वा संलग्न हुने कुनै पनि पदाधिकारी बैंकिङ्ग तथा वित्तीय कारोबार सञ्चालन गर्न सक्षम रहेको ।

(३) यस दफा बमोजिम दिइएको इजाजतपत्र अरु कोही कसैलाई कुनै ब्यहोराले दिन, हस्तान्तरण गर्न वा नामसारी गर्न पाईने छैन ।

(४) राष्ट्र बैंकले बैकिङ्ग तथा वित्तीय कारोबार सञ्चालन गर्ने इजाजतपत्र दिंदा कुनै मिति तोकिदिएकोमा सोही मितिबाट र त्यस्तो मिति नतोकेकोमा इजाजतपत्र जारी भएको मितिबाट त्यस्तो इजाजतपत्र प्रारम्भ भएको मानिनेछ ।

(५) बैंक वा वित्तीय संस्थाले यस ऐन बमोजिम कारोबार गर्न पाएको इजाजतपत्रको छाँयाप्रति त्यस्तो कारोबार हुने प्रत्येक स्थानमा स्पष्ट देखिने गरी राख्नु पर्नेछ ।

(६) यस दफा बमोजिम बैंकिङ्ग तथा वित्तीय कारोबार सञ्चालन गर्न इजाजतपत्र दिन नसकिने अवस्था भएमा राष्ट्र बैंकले सोको कारण खुलाई निवेदन परेको मितिले नब्बे दिनभित्र सम्बन्धित बैंक वा वित्तीय संस्थालाई सूचना दिनु पर्नेछ ।

३६. **इजाजतपत्र दिन इन्कार गर्न सक्ने :** (१) दफा ३५ मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्र बैंकले देहायको कुनै अवस्थामा बैंक वा वित्तीय संस्थालाई बैंकिङ्ग तथा वित्तीय कारोबार सञ्चालन गर्न इजाजतपत्र दिन इन्कार गर्न सक्नेछ :-

(क) नेपालको वित्तीय प्रणालीको स्थायित्व, स्वच्छ प्रतिष्पर्धा र विश्वसनीयता उपर प्रतिकुल असर पर्ने भएमा

(ख) निक्षेपकर्ताको हित संरक्षणको निमित्त वित्तीय कारोबार सञ्चालन गर्न इजाजतपत्र दिन उचित र उपयुक्त हुने नदेखिएमा,

(ग) बैंकिङ्ग तथा वित्तीय कारोबार सञ्चालन गर्ने पूर्वाधार पूरा गरेको हुने नदेखिएमा,

(घ) यस ऐन बमोजिमका अन्य विवरण वा शर्तहरु पूरा भएको नदेखिएमा ।

३७. **राष्ट्र बैंकले शर्त तोक्न सक्ने:** (१) दफा ३५ बमोजिम बैंकिङ्ग वा वित्तीय कारोबार गर्ने इजाजतपत्र प्रदान गर्दा विद्यमान बैंक तथा वित्तीय संस्थाको अवस्था, वित्तीय कारोबारको स्वस्थ सञ्चालन तथा निक्षेपकर्ताको हितलाई ध्यानमा राखी राष्ट्र बैंकले आवश्यक शर्त तोक्न सक्नेछ । त्यस्तो शर्तको पालना गर्नु सम्बन्धित बैंक वा वित्तीय संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित शर्तमा राष्ट्र बैंकले समय समयमा आवश्यकता अनुसार थपघट तथा हेरफेर गर्न सक्नेछ ।

३८. **बैंक वा वित्तीय संस्थाको वर्गीकरण:** दफा ५१ बमोजिम बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न दफा ३४ बमोजिम निवेदन दिने बैंक वा वित्तीय संस्थाको इजाजतपत्रको लागि आवश्यक हुने न्यूनतम चुक्ता पूँजी र त्यस्तो बैंक वा वित्तीय संस्थाले सञ्चालन गर्ने कारोवार तथा कार्यक्षेत्रको आधारमा राष्ट्र

बैंकले बैंक वा वित्तीय संस्थालाई "क", "ख", "ग" वा "घ" वर्गमा वर्गीकरण गरी सोही बमोजिमको इजाजतपत्र सम्बन्धित बैंक वा वित्तीय संस्थालाई दिनेछ ।

तर पूर्वाधार विकास बैंक कुनै पनि वर्गमा समावेश हुने छैन ।

३९. **माथिल्लो वर्गको बैंक वा वित्तीय संस्थामा परिणत हुन सक्नेः** (१) तल्लो वर्गको कुनै वित्तीय संस्था एक तह माथिल्लो वर्गको बैंक वा वित्तीय संस्थामा परिणत हुन चाहेमा राष्ट्र बैंक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर जाँचबुझ गर्दा राष्ट्र बैंकले त्यस्तो वित्तीय संस्थालाई एक तह माथिल्लो वर्गको बैंक वा वित्तीय संस्थामा परिणत हुन उपयुक्त देखेमा देहायका कुराहरुको अधीनमा रही पूर्व स्वीकृति दिन सक्नेछः-

(क) माथिल्लो वर्गको बैंक वा वित्तीय संस्थाका लागि राष्ट्र बैंकले तोकेबमोजिमको पूँजी पूरा भएको,

(ख) विगत तीन वर्षदेखि लगातार नाफा गर्न सक्षम भएको,

(ग) निष्कृय कर्जा राष्ट्र बैंकले तोकेको सीमाभित्र रहेको,

(घ) प्रारम्भिक खर्च अपलेखन गरिसकेको,

(ङ) सार्वजनिक रुपमा निष्काशन गर्नु पर्ने शेयरको निष्काशन भई बाँडफाँड भैसकेको,

(च) माथिल्लो वर्गको बैंक वा वित्तीय संस्थामा परिणत हुन साधारण सभाले निर्णय गरेको,

(छ) विगत तीन वर्षदेखि लगातार राष्ट्र बैंकको निर्देशन बमोजिम पूँजीकोष पर्याप्तता कायम रहेको

(ज) राष्ट्र बैंकले तोकेका अन्य सबै शर्तहरु पूरा गरेको ।

(३) उपदफा (२) बमोजिम पूर्व स्वीकृति प्राप्त गरेका बैंक वा वित्तीय संस्थाको प्रबन्धपत्र वा नियमावलीमा प्रचलित कानून बमोजिम संशोधन गर्न लगाई यस ऐन बमोजिम राष्ट्र बैंकले माथिल्लो वर्गको बैंक वा वित्तीय संस्थाको इजाजतपत्र दिन सक्नेछ ।

४०. **सूची प्रकाशन गर्नु पर्नेः** (१) राष्ट्र बैंकले प्रत्येक तीन महिनामा बैंकिङ्ग तथा वित्तीय कारोबार गर्दै आएका बैंक तथा वित्तीय संस्थाहरुको सूची राष्ट्रियस्तरको पत्रपत्रिका वा अन्य कुनै माध्यमबाट प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचीमा बैंक तथा वित्तीय संस्थाको कारोवार संचालन मिति, चुक्ता पूँजी, पूँजी कोषको अवस्था, कुल कर्जा, निष्क्रिय कर्जाको अवस्था तथा राष्ट्र बैंकले आवश्यक देखेको अन्य विवरण समेत समावेश गर्न सक्नेछ ।

४१. **विदेशी बैंक वा वित्तीय संस्था सम्बन्धी विशेष व्यवस्थाः** (१) शाखा मार्फत बैंकिङ्ग तथा वित्तीय कारोबार सञ्चालन गर्न कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई राष्ट्र बैंकले इजाजतपत्र दिएमा सो बमोजिम संस्थापित शाखा यस ऐन बमोजिम संस्थापना भएको बैंक वा वित्तीय संस्था सरह मानिनेछ र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम, आदेश वा निर्देशनले अन्यथा व्यवस्था गरेकोमा बाहेक अन्य सम्पूर्ण प्रावधानहरु त्यस्तो शाखाको हकमा समेत समान रुपले लागू हुनेछन् ।

(२) बिदेशी बैंक वा वित्तीय संस्थालाई दिनु पर्ने कानूनी सूचना, म्याद तथा अन्य विवरण त्यस्तो बैंक वा वित्तीय संस्थाको नेपाल स्थित शाखामा दिन सकिनेछ र नेपालमा एकभन्दा बढी शाखा खोली कारोबार गरेको भएमा त्यस्तो बिदेशी बैंक वा वित्तीय संस्थाको कुनै एक शाखालाई मूख्य शाखा तोकी सो मार्फत वा त्यस्तो विदेशी बैंक वा वित्तीय संस्थाको नेपालमा रहेको सम्पूर्ण सम्पत्ति दर्ता भएको शाखाको ठेगानामा त्यस्तो पत्राचार गर्नेछ ।

(३) विदेशी बैंक वा वित्तीय संस्थाको शाखाको काम, कर्तव्य, अधिकार, जिम्मेवारी, दायित्व, जायजेथा, लेखा आदि काम कारबाहीको जिम्मेवारी लिने तथा त्यस्तो काम कारबाही सम्पादन गर्ने पदाधिकारी तथा कर्मचारीहरुको जिम्मेवारी सम्बन्धमा राष्ट्र बैंकले आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) विदेशी बैंक वा वित्तीय संस्थाको शाखाले आफ्नो दायित्व पूरा गर्ने क्रममा आफ्नो सम्पत्ति प्रयोग गर्दा अन्य कुनै कानूनी व्यवस्थामा प्रतिकूल असर नहुने गरी नेपालको दायित्वलाई पहिलो प्राथमिकता दिई पूरा गर्नु पर्नेछ ।

(५) बिदेशी बैंक वा वित्तीय संस्थाले आफ्नो शाखा बन्द गर्नु परेमा राष्ट्र बैंकको स्वीकृति लिई सो शाखाको सम्पूर्ण दायित्व भुक्तानी गरेर मात्र आफ्नो शाखा बन्द गर्नु पर्नेछ ।

(६) शाखाको नियमित कारोबारको सिलसिलामा बाहेक विदेशी बैंक वा वित्तीय संस्थाको शाखाको कुनै पनि पदाधिकारी वा कर्मचारीले त्यस्तो शाखाको कुनै सम्पत्ति अर्को मुलुकमा स्थानान्तरण गरेमा, सोको स्वीकृति दिएमा, त्यसो गर्न अख्तियारी दिएमा वा सो कार्यलाई मद्दत गर्ने वा पुग्ने कुनै कार्य गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ ।

(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी बैंक वा वित्तीय संस्थाको नेपालस्थित शाखाले थोक बैंकिङ्ग तथा वित्तीय काम कारोबार मात्र गर्न सक्नेछ र प्रतिनिधि वा अन्य कुनै पनि कार्यालयको काम कारबाही राष्ट्र बैंकले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-५

## पूँजी, पूँजीकोष र सम्पत्ति सम्बन्धी व्यवस्था

४२ **पूँजी कायम राख्नु पर्नेः** (१) बैंक वा वित्तीय संस्थाको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी राष्ट्र बैंकले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको बैंक वा वित्तीय संस्थाले राष्ट्र बैंकले तोकेको अवधिभित्र उपदफा (१) बमोजिमको पूँजी संरचना कायम गर्नु पर्नेछ ।

(३) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले बैंक वा वित्तीय संस्थाको चुक्ता पूँजीमा लगानी गर्न सक्ने प्रतिशत र रकम राष्ट्र बैंकले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

४३. **पूँजी वृद्धि गर्नु पर्नेः** (१) राष्ट्र बैंकले उपयुक्त देखेमा बैंक वा वित्तीय संस्थालाई निजको तत्काल कायम रहेको अधिकृत पूँजी, जारी पूँजी वा चुक्ता पूँजी बढाउन निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम राष्ट्र बैंकले निर्देशन दिएमा बैंक वा वित्तीय संस्थाले आफ्नो अधिकृत पूँजी, जारी पूँजी वा चुक्ता पूँजी वृद्धि गर्नु पर्नेछ ।

४४. **पूँजीकोषः** (१) बैंक वा वित्तीय संस्थाले आफ्नो कुल सम्पत्ति वा कुल जोखिम भारित सम्पत्तिको आधारमा राष्ट्र बैंकले तोकिदिएको अनुपातमा पूँजीकोष कायम गर्नु पर्नेछ । राष्ट्र बैंकले यस्तो अनुपात तोक्दा अतिरिक्त पूँजीकोष अनुपात समेत तोक्न सक्नेछ ।

(२) बैंक वा वित्तीय संस्थाले उपदफा (१) बमोजिमको पूँजीकोष कायम गर्न नसकेमा समितिले एक महिनाभित्र सोको जानकारी राष्ट्र बैंकलाई दिनु पर्नेछ । त्यसरी दिएको जानकारीमा अन्य कुराका अतिरिक्त पूँजीकोष कायम रहन नसकेको कारण तथा पूँजीकोषलाई वृद्धि गरी राष्ट्र बैंकले निर्देशन दिए बमोजिमकै अवस्थामा ल्याउन समितिले तयार गरेको योजना वा कार्यक्रम समेत संलग्न गरेको हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको जानकारी प्राप्त भएपछि राष्ट्र बैंकले समितिले पेश गरेको योजना वा कार्यक्रम मनासिब देखेमा सोही बमोजिम र त्यसमा कुनै संशोधन वा हेरफेर गर्नु परेमा सोको कारण खुलाई प्रस्तावित योजना वा कार्यक्रम संशोधन वा हेरफेर गरी कार्यान्वयन गर्न सम्बन्धित बैंक वा वित्तीय संस्थालाई निर्देशन दिन सक्नेछ ।

४५. **सम्भावित नोक्सानी सम्बन्धी व्यवस्था** : बैंक वा वित्तीय संस्थाले आफ्नो कुल सम्पत्ति र वासलात बाहिरको कारोबारको दायित्व सम्बन्धी जोखिमलाई खाम्न सक्ने गरी राष्ट्र बैंकले निर्धारण गरे बमोजिम सम्भावित नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।

४६. **साधारण जगेडा कोषः** (१) बैंक वा वित्तीय संस्थाले एक साधारण जगेडा कोष कायम राख्नु पर्नेछ । त्यस्तो जगेडा कोषमा चुक्ता पूँजीको दोब्बर नभएसम्म प्रत्येक आर्थिक वर्षको खुद नाफाबाट कम्तिमा बीस प्रतिशत रकम थप्दै जानु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बैंक वा वित्तीय संस्थाको जगेडा कोषमा जम्मा भएको रकम राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई अन्य शीर्षकमा रकमान्तर गर्न वा लगानी गर्न पाइने छैन ।

४७. **सटही समीकरण कोषः** (१) विदेशी विनिमय कारोबार गर्ने बैंक वा वित्तीय संस्थाले प्रत्येक आर्थिक वर्षमा भारतीय रुपैयाँ बाहेक अन्य विदेशी मुद्राको विनिमय दरमा परिवर्तन भएको कारणबाट आर्जन गरेको पुनर्मूल्याङ्कन मुनाफालाई सोही आर्थिक वर्षको अन्त्यमा नाफा-नोक्सान हिसाबमा आवश्यक हिसाब मिलान गर्नु पर्नेछ । यसरी नाफा-नोक्सान हिसाबमा हिसाब मिलान गर्दा कुनै आर्थिक वर्षमा

पुनर्मूल्याङ्कन आम्दानी भएको छ भने त्यस्तो मुनाफाको कम्तिमा पच्चीस प्रतिशत रकम सटही समीकरण कोषमा जम्मा गर्नु पर्नेछ ।

तर भारतीय रुपैयाँको विनिमय दरमा परिवर्तन भएको कारणबाट हुने पुनर्मूल्याङ्कन नाफा-नोक्सानीको हकमा राष्ट्र बैंकले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम सटही समीकरण कोषमा जम्मा भएको रकम विदेशी मुद्राको विनिमय दरमा घटबढ भएको कारणबाट हुने नोक्सानी समायोजन गर्न बाहेक राष्ट्र बैंकको स्वीकृति नलिई अन्य काममा खर्च गर्न वा रकमान्तर गर्न पाइने छैन ।

४८. **कायम राख्नुपर्ने तरल सम्पत्तिः** बैंक वा वित्तीय संस्थाले राष्ट्र बैंकले समय समयमा तोके बमोजिमको तरल सम्पत्ति कायम राख्नु पर्नेछ ।

४९. **लाभांश भुक्तानी र स्थानान्तरणः** (१) बैंक वा वित्तीय संस्थाले आफ्नो सम्पूर्ण प्रारम्भिक खर्च, अघिल्लो वर्षसम्म हुन गएको नोक्सानी, राष्ट्र बैंक तोकिदिएको पूँजी, पूँजीकोष, सम्भावित नोक्सानी व्यवस्था र साधारण जगेडाकोषमा दफा ४६ बमोजिम छुट्याउनु पर्ने रकम पूरा नगरेसम्म र सर्वसाधारणलाई छुट्याइएको शेयर बिक्री वितरण नगरेसम्म शेयरधनीहरुलाई लाभांश घोषणा गर्न वा बाँड्न पाउने छैन ।

(२) बैंक वा वित्तीय संस्थाले लाभांश घोषणा तथा वितरण गर्नु अघि राष्ट्र बैंकको स्वीकृति लिनु पर्नेछ ।

(३) विदेशी बैंक वा वित्तीय संस्थाको शाखा, कार्यालयले नेपालबाट विदेशमा लाभांश रकमान्तर गर्दा राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ ।

## परिच्छेद-६

## कारोबार संचालन सम्बन्धी व्यवस्था

५०. **कारोबार सञ्चालनका आधारभूत सिद्धान्तः** (१) बैंक वा वित्तीय संस्थाले यस ऐन, प्रबन्धपत्र, नियमावली, इजाजतपत्र प्रदान गर्दा तोकिएका शर्त, सीमा तथा समय समयमा राष्ट्र बैंकले जारी गरेको निर्देशन वा आदेश बमोजिम स्वच्छ एवं विवेकसम्मत ढंगले आफ्नो वित्तीय कारोवार सञ्चालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रतिकूल नहुने गरी बैंक वा वित्तीय संस्थाले आफ्नो कारोवारको सिलसिलामा देहायका समेत काम गर्नु पर्नेछः-

(क) पूँजीकोष तथा पर्याप्त तरलता कायम राख्ने,

(ख) सम्पत्तिको ह्रासकट्टी, दायित्व वहन र नोक्सानी सम्बन्धी पर्याप्त व्यवस्था मिलाउने,

(ग) लेखा तथा अन्य कारोबारको अभिलेख स्पष्ट र व्यवस्थित तवरबाट राख्ने,

(घ) जोखिम नियन्त्रण सम्बन्धी पर्याप्त तथा प्रभावकारी व्यवस्था गर्ने,

(ङ) नोक्सानीको जोखिम न्यूनीकरण गर्न सम्पत्तिको विविधीकरण गर्ने ।

५१. **बैंक वा वित्तीय संस्थाले गर्न सक्ने बैंकिङ्ग तथा वित्तीय कारोबारः** (१) यस ऐन, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही “क” वर्गको बैंकले देहाय बमोजिमको बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न सक्नेछः-

(क) ब्याज वा बिना ब्याजमा निक्षेप स्वीकार गर्ने तथा त्यस्तो निक्षेपको भुक्तानी दिने,

(ख) राष्ट्र बैंकले तोकेको सीमा, शर्त वा निर्देशनको अधिनमा रही कर्जा दिने,

(ग) प्रचलित कानूनको अधीनमा रही विदेशी विनिमय कारोबार गर्ने,

(घ) हायर पर्चेज, लिजिङ्ग, हाउसिङ्ग, सेवा व्यवसाय तथा हाइपोथिकेशन धितो राखी कर्जा दिने,

(ङ) राष्ट्र बैंकले तोकेको सीमा, शर्त वा निर्देशनको अधीनमा रही मर्चेण्ट बैङ्किङ्ग कारोबार गर्ने,

(च) अन्य बैंक वा वित्तीय संस्थासँग मिली सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारी पासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रुपमा कर्जा दिने दिलाउने व्यवस्था गर्ने,

(छ) आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सो बापत ग्राहकसँग आवश्यक शर्त गराउने, सुरक्षण लिने, निजको चल अचल सम्पत्ति धितोबन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिने र धितोवन्धक, सुरक्षणमा लिएको सम्पत्ति प्राप्त गर्ने, धारण गर्ने तथा सो सम्बन्धी अन्य कारोवार गर्ने,

(ज) विदेशी बैंक वा वित्तीय संस्थाको जमानतमा कर्जा दिने,

(झ) प्रतितपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र, चेक, यात्रु चेक, ड्राफ्ट वा अन्य वित्तीय उपकरण निष्काशन गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, डिस्काउण्ट गर्ने वा खरिद-बिक्री गर्ने,

(ञ) राष्ट्र बैंकले तोकेको सीमा, शर्त वा निर्देशनको अधीनमा रही टेलिफोन, टेलेक्स, फ्याक्स, कम्प्युटर वा म्याग्नेटिक टेप वा अन्य त्यस्तै प्रकारका विद्युतीय उपकरण वा साधनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने, लेनदेन गर्ने, मध्यस्थताको काम गर्ने र रकमान्तर गर्ने,

(ट) क्रेडिट कार्ड, डेबिट कार्ड, चार्ज कार्ड, डिजिटल वा विद्युतीय कारोवार लगायतका अन्य वित्तीय उपकरणहरु जारी गर्ने, स्वीकार गर्ने, व्यवस्थापन गर्ने र सो सम्बन्धी कार्य गर्न एजेण्ट नियुक्त गर्ने,

(ठ) अटोमेटेड टेलर मेशिन, क्यास डिस्पेन्सिङ्ग र यस्तै अन्य इलेक्ट्रोनिक मेशिनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने र कर्जा दिने,

(ड) प्रचलित व्यवस्थाको अधिनमा रही अधिविकर्ष कर्जा दिने,

(ढ) आफूकहाँ पहिले नै धितो रहीसकेको चल अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने वा अन्य बैंक वा वित्तीय संस्थामा धितो रहिसकेको चल अचल सम्पत्तिको पुनः धितोमा त्यसको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने,

(ण) राष्ट्र बैंकले तोकेको सीमा, शर्त वा निर्देशन बमोजिम राष्ट्र बैंकको एजेण्ट भई नेपाल सरकारको तर्फबाट सरकारी कारोबार लगायत अन्य कारोबार गर्ने,

(त) नेपाल भित्र वा विदेशमा विनिमयपत्र, चेक वा अन्य वित्तीय उपकरणद्वारा रकम पठाउने वा चलान गर्ने, विदेशबाट विप्रेषण प्राप्त गर्ने र सो को भुक्तानी गर्ने, सुन, चाँदी, शेयर, डिबेन्चर, बण्ड आदि खरिद-बिक्री गर्ने र शेयरको लाभांश तथा विनिमयपत्र, कुपन, ड्राफ्ट, वाहकपत्र, रेलवे रसिद प्रतिज्ञापत्र, डिबेन्चर, बण्ड खिचेर सो सम्बन्धी ब्याज असुल उपर गर्ने,

(थ) ग्राहकको निमित्त कमिशन एजेण्ट भई शेयर, डिबेन्चर वा सुरक्षणको जिम्मा लिने, खरिद-बिक्री गरिदिने, शेयरको लाभांश, डिबेन्चर वा सुरक्षणको ब्याज आदि उठाई दिने र सोको लाभांश, मुनाफा वा ब्याज नेपाल भित्र वा विदेशमा पठाउने,

(द) नेपाल सरकार वा राष्ट्र बैंकले जारी गरेको ऋणपत्र खरिद-बिक्री गर्ने वा सकार गर्ने,

(ध) सेफ डिपोजिट भल्टको व्यवस्था गर्ने,

(न) राष्ट्र बैंकले तोकेको सीमा, शर्त वा निर्देशनको अधिनमा रही वासलात बाहिरको कारोबार गर्ने,

(प) विपन्न वर्ग, न्यून आय भएको परिवार, दैवी प्रकोप पीडित तथा मुलुकका कुनै क्षेत्रका वासिन्दाको आर्थिक उत्थानको लागि व्यक्तिगत वा सामुहिक जमानीमा राष्ट्र बैंकले तोके बमोजिमको रकमसम्म कर्जा दिने,

(फ) आफू तथा अन्य बैंक वा वित्तीय संस्थाबाट कर्जा लिने ऋणी वा ग्राहकको विवरण, सूचना वा जानकारी राष्ट्र बैंक, सम्बन्धित निकाय वा अन्य बैंक वा वित्तीय संस्थाबीच लिने दिने,

(ब) राष्ट्र बैंकले तोकेको सीमा, शर्त वा निर्देशनको अधीनमा रही सुन, चाँदी खरिद-विक्री गर्ने,

(भ) राष्ट्र बैंकले तोकेको सीमा, शर्त वा निर्देशनको अधीनमा रही शेयर डिबेन्चर, बण्ड, ऋणपत्र, बचतपत्र, वा अन्य वित्तीय उपकरणको माध्यमबाट पूँजी परिचालन गर्ने र विभिन्न किसिमका वित्तीय उपकरणहरुमा लगानी गर्ने,

(म) आवश्यकतानुसार राष्ट्र बैंकबाट पुनरकर्जा लिने वा अन्य बैंक वा वित्तीय संस्थाबाट कर्जा लिनेदिने,

(य) परियोजना स्थापना, सञ्चालन र मूल्याङ्कन सम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण

गर्ने गराउने तथा तालीम, परामर्श र अन्य जानकारी उपलब्ध गराउने,

(र) परियोजनाको प्रवर्द्धनका लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम कर्जाको रुपमा प्रवाह गर्ने वा कर्जाको व्यवस्थापन गर्ने,

(ल) कुनै व्यक्ति वा संस्थालाई कर्जा दिंदा वा निजसँग कुनै कारोबार गर्दा आफ्नो हितको संरक्षणका लागि आवश्यकता अनुसार शर्त गराउने,

(व) आफ्नो चल अचल जायजेथा धितो राखी कर्जा लिने,

(श) प्रचलित कर्जा अपलेखन विनियमावलीको अधिनमा रही कर्जा अपलेखन गर्ने,

(ष) यस ऐन र प्रचलित कानून बमोजिम आफ्नो स्वामित्वमा आउने सबै प्रकारका जायजेथाको उचित व्यवस्थापन तथा विक्री गर्ने,

(स) राष्ट्र बैकले तोकेको सीमा, शर्त वा निर्देशनको अधीनमा रही सम्बन्धित निकायबाट स्वीकृति लिई आफ्ना ग्राहकको लागि मात्र बीमा अभिकर्ता सम्बन्धी कार्य गर्ने,

(ह) राष्ट्र बैकले तोकेको सीमा, शर्त वा निर्देशनको अधीनमा रही सहायक कम्पनी खोली म्युचुअल फण्डको काम कारोवार गर्ने,

(क्ष) प्रचलित कानून बमोजिम दुई वा दुई भन्दा बढी व्यक्तिहरु बीच हुने कुनै कार्य वापत तिर्नु बुझाउनु वा लिनु पर्ने रकम उक्त काम भएपछि भुक्तानी लिने दिने व्यवस्था गर्न दुई पक्षको सहमतिमा जमानी बस्ने,

(त्र) राष्ट्र बैंकले तोकेको अन्य काम गर्ने ।

(२) यस ऐन, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही "ख" वर्गको वित्तीय संस्थाले राष्ट्र बैकले तोकेको सीमा, शर्त वा निर्देशनको अधीनमा देहाय बमोजिमको बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न सक्नेछः-

(क) ब्याज वा बिना ब्याजमा निक्षेप स्वीकार गर्ने तथा त्यस्तो निक्षेपको भुक्तानी दिने,

(ख) हाइपोथिकेशन धितो राखी दिने कर्जा बाहेक अन्य कर्जा दिने,

(ग) प्रचलित कानूनको अधीनमा रही विदेशी विनिमय कारोबार गर्ने,

(घ) हायर पर्चेज, लिजिङ्ग, हाउसिङ्ग, तथा सेवा व्यवसाय धितो राखी कर्जा दिने,

(ङ) मर्चेण्ट बैङ्किङ्ग कारोबार गर्ने,

(च) अन्य बैंक वा वित्तीय संस्थाहरुसँग मिली सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारी पासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रुपमा कर्जा दिने, दिलाउने व्यवस्था गर्ने,

(छ) विदेशी बैंक वा वित्तीय संस्थाको जमानतमा कर्जा दिने,

(ज) आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सो बापत ग्राहकसँग आवश्यक शर्त गराउने, सुरक्षण लिने, निजको चल अचल सम्पत्ति धितोबन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिने,

(झ) विनिमयपत्र, प्रतिज्ञापत्र, चेक, यात्रुचेक, ड्राफ्ट वा हुण्डी जारी गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, डिस्काउण्ट गर्ने वा खरिद-बिक्री गर्ने,

(ञ) अटोमेटेड टेलर मेशिन, क्यास डिस्पेन्सिङ्ग मेशिन र यस्तै अन्य इलेक्ट्रोनिकको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने र कर्जा दिने,

(ट) प्रचलित व्यवस्थाको अधिनमा रही अधिविकर्ष कर्जा दिने,

(ठ) आफ्नो चल अचल जायजेथा धितो राखी कर्जा लिने,

(ड) आफूकहाँ पहिले नै धितो रहिसकेको चल अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने वा अन्य बैंक वा वित्तीय संस्थामा धितो रहिसकेको चल अचल सम्पत्तिको पुनः धितोमा त्यसको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने,

(ढ) राष्ट्र बैंकको पूर्व स्वीकृती लिई प्रतितपत्र र वैदेशिक विप्रेषणको कारोवार गर्ने,

(ण) नेपाल भित्र विनिमयपत्र, चेक वा अन्य वित्तीय उपकरणको माध्यमद्वारा रकम पठाउने, शेयर वा डिबेन्चर, बण्ड आदि खरिद-बिक्री गर्ने, शेयरको लाभांश र प्रतिज्ञापत्र, डिबेन्चर, बण्ड आदिको ब्याज असूल उपर गर्ने,

(त) ग्राहकको निमित्त कमिशन एजेण्ट भई शेयर, डिबेन्चर वा सुरक्षणको जिम्मा लिने, खरिद-बिक्री गरिदिने, शेयर, डिबेन्चर वा सुरक्षणको लाभांश, ब्याज, मुनाफा आदि उठाइ दिने,

(थ) नेपाल सरकार वा राष्ट्र बैंकले जारी गरेको ऋणपत्रको खरिद-बिक्री गर्ने वा सकार गर्ने,

(द) सेफ डिपोजिट भल्टको व्यवस्था गर्ने,

(ध) वासलात बाहिरको कारोबार गर्ने,

(न) विपन्न वर्ग, न्यून आय भएका परिवार, दैवी प्रकोप पीडित तथा मुलुकका कुनै क्षेत्रको बासिन्दाको आर्थिक उत्थानको लागि व्यक्तिगत वा सामुहिक जमानीमा राष्ट्र बैंकले तोकेको रकमसम्म कर्जा दिने,

(प) आफू तथा अन्य कुनै बैंक वा वित्तीय संस्थाबाट कर्जा वा कुनै प्रकारको सुविधा लिने ऋणी वा ग्राहकको विवरण सूचना वा जानकारी राष्ट्र बैंक, सम्बन्धित निकाय वा अन्य बैंक वा वित्तीय संस्थाबीच लिने दिने,

(फ) नेपालभित्र रकम स्थानान्तरण सम्बन्धी काम गर्ने,

(ब) शेयर, डिबेन्चर, बण्ड, ऋणपत्र, बचतपत्र वा अन्य वित्तीय उपकरणको माध्यमबाट पूँजी परिचालन गर्ने,

(भ) आवश्यकतानुसार राष्ट्र बैंकबाट पुनर्कर्जा लिने वा अन्य बैंक वा वित्तीय संस्थाबाट कर्जा लिने दिने,

(म) परियोजनाको प्रवर्द्धनका लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम कर्जाको रुपमा प्रवाह गर्ने वा कर्जाको व्यवस्थापन गर्ने,

(य) परियोजना स्थापना, सञ्चालन र बैंकिङ्ग, लेखा, सम्पति, कर्जा मूल्याङ्कन सम्बन्धी अध्ययन, अनुसन्धान, सर्भेक्षण गर्ने गराउने तथा तालीम, परामर्श र अन्य सेवा प्रदान गर्ने तथा जानकारी उपलब्ध गराउने,

(र) प्रचलित कर्जा अपलेखन विनियमावलीको अधिनमा रही कर्जा अपलेखन गर्ने,

(ल) कुनै व्यक्ति वा संस्थालाई कर्जा दिंदा वा निजसँग कुनै कारोबार गर्दा आफ्नो हितको संरक्षणका लागि आवश्यकता अनुसार शर्त गराउने,

(व) कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई सवारी साधन, मेशिन औजार,

उपकरण, घरायसी टिकाउ सामान वा त्यस्तै अन्य चल सम्पत्तिको लागि किस्ताबन्दी वा हायरपर्चेज कर्जा उपलब्ध गराउने,

(व) राष्ट्र बैंकले तोकेका अन्य काम गर्ने ।

(३) यो ऐन, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही "ग" वर्गको वित्तीय संस्थाले राष्ट्र बैंकले तोकेको सीमा, शर्त वा निर्देशनको अधीनमा देहाय बमोजिमको बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न सक्नेछः-

(क) ब्याज वा बिना ब्याजमा निक्षेप स्वीकार गर्ने तथा त्यस्तो निक्षेपको भुक्तानी दिने,

(ख) हाइपोथिकेशन धितो राखी दिने कर्जा बाहेक अन्य कर्जा दिने,

(ग) हायर पर्चेज, लिजिङ्ग तथा हाउसिङ्ग धितो राखी कर्जा दिने,

(घ) मर्चेण्ट बैङ्किङ्ग कारोबार गर्ने,

(ङ) प्रचलित कर्जा अपलेखन विनियमावलीको अधिनमा रही कर्जा अपलेखन गर्ने,

(च) अन्य बैंक वा वित्तीय संस्थासँग मिली सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारी पासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रुपमा कर्जा दिने,

(छ) विदेशी बैंक वा वित्तीय संस्थाको जमानतमा कर्जा दिने,

(ज) आफ्नो चल अचल जायजेथा धितो राखी कर्जा लिने,

(झ) आफूकहाँ पहिले नै धितो रहिसकेको चल अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने वा अन्य बैंक वा वित्तीय संस्थामा धितो रहिसकेको चल अचल सम्पत्तिको पुनः धितोमा त्यसको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने,

(ञ) आफ्नो जायजेथाको उचित प्रबन्ध गर्ने, बिक्री गर्ने वा बहालमा दिने,

(ट) विनिमयपत्र, प्रतिज्ञापत्र, चेक, यात्रुचेक, ड्राफ्ट वा अन्य वित्तीय उपकरण जारी गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, डिस्काउण्ट गर्ने वा खरिद/बिक्री गर्ने,

(ठ) भारतीय रुपैयाँ खरिद/बिक्री गर्ने,

(ड) विपन्न वर्ग, न्यून आय भएका परिवार, दैवी प्रकोप पीडित तथा मुलुकको कुनै क्षेत्रको बासिन्दाको आर्थिक उत्थानको लागि व्यक्तिगत वा सामूहिक जमानीमा राष्ट्र बैंकले तोकेको रकमसम्म कर्जा दिने,

(ढ) आफू तथा अन्य कुनै बैंक वा वित्तीय संस्थाबाट कर्जा वा कुनै प्रकारको सुविधा लिने ऋणी वा ग्राहकको विवरण सूचना वा जानकारी राष्ट्र बैंक वा कुनै अन्य बैंक वा वित्तीय संस्थाबीच लिने दिने,

(ण) कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई सवारी साधन, मेशिन औजार, उपकरण, घरायसी टिकाउ सामान वा त्यस्तै अन्य चल सम्पत्तिको लागि किस्ताबन्दी वा हायरपर्चेज कर्जा उपलब्ध गराउने,

(त) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई आवासीय घर वा गोदाम घर खरिद गर्न वा निर्माण गर्न वा त्यस्तो आवासीय घर वा गोदाम घर निर्माण गर्नका निमित्त जग्गा खरिद गर्न कर्जा उपलब्ध गराउने,

(थ) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई सवारी साधन, मेशिन, औजार उपकरण, घरायसी टिकाउ सामान वा त्यस्तै चल सम्पत्ति भाडामा लिन कर्जा (लिजिङ्ग फाइनान्स) उपलब्ध गराउने वा त्यस्ता चल सम्पत्ति भाडामा दिने,

(द) कुनै व्यक्ति वा संस्थालाई कर्जा दिंदा वा निजसँग कुनै कारोबार गर्दा आफ्नो हितको संरक्षणका लागि आवश्यकता अनुसार शर्त गराउने,

(ध) आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सो बापत ग्राहकसँग आवश्यक शर्त गराउने, सुरक्षण लिने, निजको चल अचल सम्पत्ति धितोबन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिने,

(न) ग्राहकको निमित्त कमिशन एजेण्ट भई शेयर, डिबेन्चर वा सुरक्षणको जिम्मा लिने, खरिद-बिक्री गरिदिने, शेयर, डिबेन्चर वा सुरक्षणको लाभांश, ब्याज, मुनाफा आदि उठाइ दिने वा धितोपत्र कारोवार गर्ने,

(प) कुनै संगठित संस्थाको कर्मचारी वा पूर्व कर्मचारी वा निजको आश्रित वा निजहरुसँग सम्बन्धित व्यक्तिहरुको हितको लागि स्थापना भएको संस्थाहरुलाई सघाउ पुऱ्याउन निवृत्तिभरण वा भत्ता दिने वा बीमाको रकम भुक्तानी गर्ने,

(फ) आफ्नो सम्पतिको कुनै अंश वा पूरै विक्री गर्ने वा लिजमा दिने,

(ब) व्यवसायिक प्रतिष्ठानलाई आवश्यक वित्तीय परामर्श सेवा प्रदान गर्ने,

(भ) खरिद गरिएको कुनै पनि वस्तुको तत्काल वा पछि भुक्तानी गर्ने (डिफर्ड) मूल्यमा अर्को खरिदकर्तालाई विक्री गर्नु परेमा वित्तीय संस्था र विक्रेताको सहमति अनुसार सो वस्तुको मूल्य तय गर्ने,

(म) राष्ट्र बैंकले तोकेका अन्य काम गर्ने ।

(४) यो ऐन, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही "घ" वर्गको वित्तीय संस्थाले राष्ट्र बैकले तोकेको सीमा, शर्त तथा निर्देशनको अधीनमा रही देहाय बमोजिमको बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न सक्नेछः-

(क) लघु कर्जा प्रदान गर्ने,

(ख) राष्ट्र बैंकले तोकिदिएको अवधिसम्म नियमित रुपमा बचत गरी तोकिदिएको बचत कायम राखेको समूह वा समूहको सदस्यलाई लघु व्यवसाय सञ्चालन गर्न कुनै चल अचल सम्पत्ति सुरक्षण वा जमानत लिई वा नलिई लघुकर्जा दिने,

(ग) बैंक वा वित्तीय संस्था वा स्वदेशी वा विदेशी संघ/संस्था आदिबाट कर्जा वा अनुदान प्राप्त गर्ने र त्यस्तो कर्जा वा अनुदान लघुकर्जा वितरणमा वा सो कार्यलाई प्रभावकारी बनाउने काममा प्रयोग गर्ने,

तर विदेशी संघ/संस्था आदिबाट कर्जा वा अनुदान लिनु अघि राष्ट्र बैंकको स्वीकृति लिनु पर्नेछ ।

(घ) लघुकर्जा उपलब्ध गराउनु अघि जुन कार्यको लागि कर्जा माग भएको हो सो सम्बन्धी कार्यको मूल्याङ्कन गर्ने र त्यस्तो कार्यको सम्भाव्यता छ, छैन पहिचान गर्ने,

(ङ) न्यून आय भएका व्यक्तिको आर्थिक स्थितिमा सुधार हुने खालका लघु व्यवसाय संचालन गर्न कर्जा वा सुविधा प्रदान गर्ने,

(च) लघु व्यवसायको सम्बन्धमा गोष्ठी सञ्चालन गर्ने, परियोजना तर्जुमा गर्ने, प्रशिक्षण दिने, सहयोग गर्ने, प्राविधिक ज्ञान दिलाउने र आवश्यकतानुसार प्राविधिक सहयोग जुटाउने,

(छ) लघुकर्जा परिचालन सम्बन्धमा समूहलाई आवश्यक पर्ने सेवा प्रदान गर्ने,

(ज) लघुकर्जा समयमा असुल उपर गर्नेतर्फ आवश्यक कारबाही गर्ने,

(झ) लघुकर्जाको उचित प्रयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने र अनुगमन गर्दा उचित प्रयोग भएको नदेखिएमा आवश्यक निर्देशन दिने,

(ञ) राष्ट्र बैंकको स्वीकृती लिई राष्ट्र बैंकले तोकिदिएको शर्त बन्देजको अधिनमा रही निक्षेप स्वीकार गर्ने तथा त्यस्तो निक्षेपको भुक्तानी दिने,

(ट) आफ्नो चल अचल जायजेथा धितो राखी कर्जा लिने तथा जायजेथाको उचित प्रबन्ध गर्ने,

(ठ) आफू तथा अन्य कुनै बैंक वा वित्तीय संस्थाबाट कर्जा वा कुनै प्रकारको सुविधा लिने ऋणी वा ग्राहकको विवरण सूचना वा जानकारी राष्ट्र बैंक, सम्बन्धित निकाया वा अन्य बैंक वा वित्तीय संस्थाबीच लिने दिने,

(ड) राष्ट्र बैंकले तोकेको अन्य काम गर्ने ।

(५) यस ऐनमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन, प्रबन्धपत्र र नियमावली तथा राष्ट्र बैकले तोकेको सीमा, शर्त तथा निर्देशनको अधीनमा रही पूर्वाधार विकास बैंकले देहाय बमोजिमको बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न सक्नेछः-

(क) पूर्वाधार विकास सम्बन्धी परियोजनाहरुमा कर्जा लगानी गर्ने,

(ख) पूर्वाधार विकास सम्बन्धी परियोजना संचालन गर्ने कम्पनीहरुको धितोपत्रमा लगानी वा इन्भेष्टमेन्ट बैंकिगको काम गर्ने,

(ग) पूर्वाधार विकास परियोजनाको विकास तथा संचालनको लागि आवश्यक वित्तीय परामर्स उपलव्ध गराउने, परियोजनामा लगानी गर्ने इच्छुक स्वदेशी तथा विदेशी लगानीकर्ताहरुको पहिचान गर्ने र त्यस्ता लगानीकर्ताहरुलाई पूर्वाधार विकास परियोजनाका संस्थापक, संचालक वा योजनाकारहरुसँग सम्पर्क गराउने र यस सम्बन्धी सेवाको उपयुक्त शुल्क लिने,

(घ) पूर्वाधार विकास परियोजना संचालनको लागि बिभिन्न वित्तीय उपकरणहरु तयार गरि दिने र यस सम्बन्धी उपयुक्त परामर्स उपलव्ध गराउने,

(ङ) पूर्वाधार विकास सम्बन्धी परियोजनाहरु निर्माण तथा संचालनको लागि आवश्यक मेसिन उपकरण तथा औजारहरुको खरीद, विक्री वा आपूर्ति वा जडान सम्बन्धी कारोवारको लागि प्रतितपत्र खोल्ने तथा जमानत पत्रहरु जारी गर्ने,

(च) पूर्वाधार विकास सम्बन्धी परियोजनाहरुमा लगानी गर्न आवश्यक रकम जुटाउनको लागि राष्ट्र बैंकको स्वीकृति लिई विभिन्न प्रकारका स्वेदेशी वा विदेशी विनिमयमा वित्तीय उपकरण जारी गर्ने,

(छ) मुनाफामा सहभागी गराउने वा नगराउने वा कम्तीमा एक वर्ष भन्दा बढी समय पछि मात्र फिर्ता गर्ने शर्तमा कुनै व्यक्ति वा संगठित संस्थाबाट एक पटकमा कम्तीमा दश लाख वा सो भन्दा बढीको मुद्दती निक्षेप स्वीकार गर्ने,

(ज) पूर्वाधार विकास सम्बन्धी परियोजनाहरुको विकास, संचालन तथा व्यवस्थापनको लागि अन्य आवश्यक कार्य गर्ने,

(झ) आफूले शेयर खरिद वा ऋण लगानी गरेको परियोजनाको नाममा चल्ती खाता खोली सञ्चालन गर्ने,

(ञ) पूर्वाधार विकास परियोजना संचालन गर्ने कम्पनी वा संगठित संस्थालाई ऋण दिने वा त्यस्तो संगठित संस्थाको धितोपत्रमा लगानी गर्ने,

(ट) राष्ट्र बैंकले तोकिदिए बमोजिमका सामान्य बैंकिङ्ग कारोबार गर्ने ।

(ठ) राष्ट्र बैंकले तोकेको अन्य काम गर्ने ।

५२. **<u>बैंक वा वित्तीय संस्थाले गर्न नहुने काम</u>**: (१) बैंक वा वित्तीय संस्थाले देहायका काम गर्नु वा गराउनु हुँदैन:-

(क) व्यापार गर्ने उद्देश्यले मालसामान खरिद-बिक्री गर्न वा आफ्नो प्रयोजनको निमित्त आवश्यक पर्ने बाहेक भवन निर्माण वा अचल सम्पत्ति खरिद गर्न,

(ख) आफ्नो शेयरको सुरक्षणमा कर्जा दिन,

(ग) संस्थापक, सञ्चालक, चुक्ता पूँजीको एक प्रतिशत वा सोभन्दा बढी शेयर लिएको व्यक्ति, कार्यकारी प्रमुख वा त्यस्ता व्यक्तिको परिवारको सदस्य वा सञ्चालक मनोनीत वा नियुक्ति गर्ने अधिकार पाएको फर्म, कम्पनी वा संस्थालाई कर्जा वा सुविधा प्रदान गर्न,

(घ) संस्थापक, सञ्चालक, चुक्ता पूँजीको एक प्रतिशत वा सोभन्दा बढी शेयर लिएको व्यक्ति, कार्यकारी प्रमुख वा त्यस्ता व्यक्तिको परिवारका सदस्य वा मैनेजिङ्ग एजेण्ट वा सञ्चालक मनोनीत गर्ने अधिकार पाएको व्यक्ति, फर्म, कम्पनी वा संस्थाको उल्लेख्य स्वामित्व वा वित्तीय स्वार्थ भएको कुनै फर्म, कम्पनी वा संस्थालाई कुनै किसिमको कर्जा वा सुविधा प्रदान गर्न,

(ङ) एउटै ग्राहक, कम्पनी, एकै समूहको कम्पनी वा साझेदारी फर्म, सम्बद्ध व्यक्तिलाई आफ्नो पूँजीकोषको राष्ट्र बैंकले तोकिदिएको प्रतिशतभन्दा बढी हुने गरी कर्जा वा सुविधा प्रदान गर्न,

<u>स्पष्टीकरण</u> : यस खण्डको प्रयोजनको लागि "एकै समूह" भन्नाले राष्ट्र बैंकले समय समयमा निर्देशन जारी गरी तोकिदिए बमोजिमको सम्बद्ध व्यक्ति, कम्पनीहरु वा साझेदारी फर्म आदिको समूह सम्झनु पर्छ।

(च) संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख जमानत बसी कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई कुनै किसिमको कर्जा दिन,

(छ) यस ऐनको अधिनमा रही राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गको वित्तीय कारोबार गर्न स्वीकृति पाएको बैंक वा वित्तीय संस्थाको धितोपत्रमा लगानी गर्न,

(ज) राष्ट्र बैंकले तोकिदिएको सीमाभन्दा बढी रकम अन्य संस्थाको शेयर पूँजीमा लगानी गर्न,

(झ) बैंक वा वित्तीय संस्थाहरु एक आपसमा मिली वित्तीय कारोबारमा कुनै किसिमको एकाधिकार वा अन्य कुनै किसिमको नियन्त्रित अभ्यास कायम गर्न,

(ञ) आफूले नाजायज लाभ लिने नियतले वित्तीय क्षेत्रको प्रतिस्पर्धात्मक वातावरणमा कृत्रिम अवरोध खडा हुने कुनै पनि किसिमको कार्य गर्न,

(ट) दफा ५२ बमोजिमको बैंकिङ्ग तथा वित्तीय कारोवार वाहेक आफैले वा एजेन्ट, साझेदार वा सह–स्वामित्व भएको व्यक्तिको हैसियतले थोक तथा खुद्रा व्यापार, वस्तु निर्माण (म्यानुफ्याक्चरिङ्ग), यातायात, कृषि, खानी, निर्माण व्यवसाय वा यस्तै अन्य व्यवसाय सञ्चालन गर्न,

तर बैंक वा वित्तीय संस्थाले आफ्नो कर्जा असुली गर्न अस्थायी रुपमा त्यस्तो काम कारवाहीहरु सञ्चालन गर्न वा त्यसमा सहभागी हुन सक्नेछ।

(ठ) आफ्नो नियमित बैंकिङ्ग तथा वित्तीय कारोबार सञ्चालन गर्न आवश्यक भएको वा बैंक वा वित्तीय संस्थालाई दिएको वा लिइराखेको धितो धरौटको बन्दोबस्तको लागि आवश्यक भएकोमा वाहेक वस्तुको खरीद- बिक्री गर्न वा सट्टापट्टा गर्न,

(ड) संकलन वा विनिमेयको लागि प्राप्त गरिएका विनिमेय पत्र वा दफा ५२ मा उल्लेख भएको व्यावसायसँग सम्बन्धित व्यावसाय बाहेक कुनै व्यापार वा अन्य व्यक्तिको लागि वस्तु खरीद-बिक्री गर्ने वा सट्टा पट्टा गर्ने व्यवसाय गर्न,

(ढ) राष्ट्र बैंकले समय समयमा बैंक वा वित्तीय संस्थाको पूँजी रकमको आधारमा निर्धारण गरेको औसत प्रतिशतभन्दा बढी हुने गरी कुनै पनि अचल सम्पत्ति खरीद गर्न वा अन्य कुनै किसिमले प्राप्त गर्न वा त्यसमा कुनै हक प्राप्त गर्न,

तर बैंक वा वित्तीय संस्थालाई कुनै कर्जाको धितो धरौट वापत वा ऋण भुक्तानी नभएको अवस्थामा धितो वापत कुनै अचल सम्पत्ति स्वीकार गर्न तथा त्यस्तो अचल सम्पत्ति बिक्री नगरुन्जेल सो सम्पत्ति धारण गरी राख्न वाधा पुऱ्याएको मानिने छैन ।

(ण) बैंक वा वित्तीय संस्थाले गर्न नहुने भनी राष्ट्र बैंकले समय समयमा तोकेका अन्य कार्य गर्न ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो बैंकिङ्ग तथा वित्तीय कारोवार सञ्चालनको प्रयोजनको लागि वा आफ्ना कर्मचारीलाई प्रचलित कर्मचारी विनियमावली बमोजिम आवास वा अन्य सुविधा उपलब्ध गराउन, नेपाल सरकार वा राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, कुनै पनि निक्षेप खातामा रहेको रकम वा मुद्दति रसिदको धितोमा कर्जा दिन र संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख वा एक प्रतिशतभन्दा बढी शेयर लिएको शेयरधनीहरुलाई आफ्नै मुद्दति निक्षेप, नेपाल सरकार वा राष्ट्र बैंकले जारी गरेको ऋणपत्रको धितोमा कर्जा, तथा तोकिएको सीमासम्मको क्रेडिट कार्ड सुविधा प्रदान गर्न यस दफाको प्रावधानले बाधा पुऱ्याएको मानिने छैन ।

५३. **सहायक कम्पनी उपर बन्देज:** यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक बैंक वा वित्तीय संस्थाले राष्ट्र बैंकको स्वीकृति बिना नेपाल भित्र वा बिदेशमा सहायक कम्पनी खोल्न, प्राप्त गर्न वा त्यसमा कुनै किसिमको स्वार्थ राख्न सक्ने छैन ।

५४. **सम्बद्ध व्यक्तिसँग कारोबार गर्न नपाउने:** राष्ट्र बैंकले तोकेको अवस्थामा बाहेक कुनै पनि बैंक वा वित्तीय संस्थाले सम्बद्ध व्यक्तिहरुलाई कुनै पनि कर्जा वा सुबिधा दिन सक्ने छैन ।

५५. **कर्जा चुक्ता गर्नु पर्ने विषेश व्यवस्था:** कुनै पनि बैंक वा वित्तीय संस्थाले कुनै व्यक्ति वा निजको परिवार वा निजको उल्लेख्य स्वामित्व वा उल्लेख्य हैसियत रहेको कुनै संस्थालाई ऋण दिएकोमा ऋण सुविधा दिएपछि त्यस्तो व्यक्ति बैंक वा वित्तीय संस्थाको सञ्चालक वा पदाधिकारीको पदमा नियुक्ति भएमा सो व्यक्ति नियुक्ति भएको मितिले एक वर्षभित्र निजको वाँकी कर्जा रकम चुक्ता हुनु पर्नेछ र सो समय भित्र चुक्ता नगरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ ।

५६. **सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) तथा शंकास्पद कारोबारको जानकारी गराउने:** (१) कुनै पनि बैंक वा वित्तीय संस्थाले खातावाल व्यक्ति वा आफूसँग कारोवार गर्ने अन्य कसैको पनि आफ्नो ग्राहक पहिचान (नो योर कस्टमर) नियमन लगायत आफ्नो ग्राहकहरुसँगको कारोबारका सम्बन्धमा सूचना संकलन गरी अभिलेख राख्नु पर्नेछ ।

(२) कुनै बैंक वा वित्तीय संस्था वा त्यसको सञ्चालक वा पदाधिकारीलाई कुनै व्यक्ति प्रत्यक्ष वा परोक्ष रुपमा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) मा संलग्न भएको, निजले आतंकवादी क्रियाकलापमा लगानी गरेको वा कुनै कारोबारबाट सम्पत्ति शुद्धीकरणमा वा आतंकवादमा लगानी गरेको वा गर्न लागेको कुरामा शंका गर्नुपर्ने मनासिब कारण भएमा त्यस्तो बैंक वा वित्तीय संस्था

वा त्यसको सञ्चालक वा पदाधिकारीले त्यस्तो व्यक्ति वा कारोवारको विस्तृत विवरण सहितको प्रतिवेदन राष्ट्र बैंक तथा सम्बन्धित अधिकार प्राप्त निकायलाई तुरुन्त दिनु पर्नेछ ।

(३) गैरकानूनी रुपबाट रकम आर्जन गरी निक्षेप जम्मा गर्ने कुनै पनि व्यक्तिलाई कानूनी कारबाहीबाट बचाउनका लागि बैंक वा वित्तीय संस्थाले त्यस्तो सम्पत्ति लुकाउन, परिवर्तन गर्न, भुक्तानी वा रकमान्तर गर्न वा सोको उत्पत्ति वा स्रोत सम्बन्धी जानकारी लुकाउने वा ढाँट्ने वा सोको लागि कुनै किसिमको सहयोग गर्नु हुँदैन । त्यस्तो कार्य गरेको जानकारी प्राप्त हुन आएमा वा त्यस्तो कार्य भए गरेको शंका लागेमा बैंक वा वित्तीय संस्थाले सोको विवरण राष्ट्र बैंक र मुद्रा अपचलन नियन्त्रण गर्ने सम्बन्धित अन्य निकायलाई तुरुन्त उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बैंक वा वित्तीय संस्थाबाट प्राप्त सूचनाका आधारमा कुनै व्यक्ति प्रत्यक्ष वा परोक्ष रुपमा गैर कानूनी सम्पत्ति शुद्धीकरण वा आतंकवादमा लगानी गर्ने कार्यमा संलग्न भएको वा सम्पत्ति शुद्धीकरण वा आतंकवादमा लगानी गर्ने क्रममा रहेको वा हुन सक्ने संभावना भएको कुरामा शंका गर्नु पर्ने मनासिब कारण भएमा राष्ट्र बैंकले त्यस्तो प्रतिवेदनलाई आवश्यक कारवाहीको लागि अधिकार प्राप्त निकाय समक्ष पठाउनेछ ।

(५) कुनै व्यक्तिले उपदफा (४) बमोजिम अनुसन्धान भइरहेको थाहा पाई वा शंका गरी त्यस्तो अनुसन्धानलाई प्रतिकूल प्रभाव पार्ने वा पर्नसक्ने गरी सोको जानकारी अर्को व्यक्तिलाई दिएमा वा उपदफा (४) बमोजिमको अनुसन्धानसंग सान्दर्भिक भएको वा हुने सम्भावना रहेको सूचनाको झुट्टो विवरण दिए वा दिन लगाएमा, सूचना लुकाए वा लुकाउन लगाएमा, नष्ट गरे वा गर्न लगाएमा वा अन्य कुनै किसिमले प्रमाण नास गरे वा गर्न प्रयास गरेमा निजले कसूर गरेको मानिनेछ ।

५७. **राष्ट्र बैंकले निर्देशन जारी गर्ने** : बैंक वा वित्तीय संस्थाले यस परिच्छेद बमोजिम काम कारोवार गर्दा अवलम्वन गर्नु पर्ने प्रकृयागत व्यवस्था तथा अन्य काम कुराका सम्बन्धमा राष्ट्र बैंकले आवश्यक निर्देशन जारी गर्न सक्नेछ ।

## परिच्छेद ७

## कर्जा प्रवाह तथा असूली सम्बन्धी व्यवस्था

५८. **कर्जा प्रवाह गर्नु पर्ने**: (१) राष्ट्र बैंकले समय समयमा दिएको निर्देशन तथा समितिले निर्धारण गरेको कर्जा नीतिको अधीनमा रही प्रयोजन खुलाएर मात्र बैंक वा वित्तीय संस्थाले कर्जा प्रवाह गर्नु पर्नेछ।

(२) बैंक वा वित्तीय संस्थाले कर्जा दिंदा आफूलाई मान्य हुने चल अचल सम्पत्ति सुरक्षण लिई वा अन्य उचित जमानी लिई आफ्नो र निक्षेपकर्ताको हितको सुरक्षा हुने गरी कर्जा प्रवाह गर्नु पर्नेछ।

(३) बैंक वा वित्तीय संस्थाले यस दफा बमोजिम कर्जाको सुरक्षण बापत लिएको सम्पत्ति कुनै पनि व्यहोराबाट कसैका नाउँमा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न वा हस्तान्तरण हुन नसक्ने गरी बैंक वा वित्तीय संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज वा रोक्का राखिदिनको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम रजिष्ट्रेशन, दाखिल खारेज वा रोक्का राखिदिनको लागि बैंक वा वित्तीय संस्थाबाट लेखी आएमा सम्बन्धित कार्यालयले माग बमोजिम रजिष्ट्रेशन, दाखिल खारेज वा रोक्का गरी दिनु पर्नेछ।

(५) न्यून आय भएको तथा विपन्न वर्गको व्यक्ति र कुनै खास भौगोलिक क्षेत्रमा बसोवास गर्ने बासिन्दाको आर्थिक उत्थानको लागि प्राथमिकता दिइएको वर्ग तथा क्षेत्रमा कर्जा प्रवाह गर्न राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(६) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले बैंक वा वित्तीय संस्थासँग लिएको कर्जाको शर्त, भाखा र ब्याज सम्बन्धी कुराहरू बैंक वा वित्तीय संस्था र ऋणीका बीच भएको लिखत वा करारमा उल्लेख भए बमोजिम हुनेछ।

(७) ऋणी, जमानतकर्ता वा फर्म, कम्पनी वा संस्था ऋणी भए सोका सञ्चालक, राष्ट्र बैंकले तोकेको प्रतिशत भन्दा बढी शेयर लिने शेयरधनी, साझेदार वा अन्य कुनै प्रकारको स्वामित्व हुने व्यक्ति, उल्लिखित सबै व्यक्तिका परिवार तथा निजहरु कहीँ कतै हिताधिकारी भए सोको विवरण तथा प्रचलित कानून बमोजिम कारवाही गर्नु पर्दा आवश्यक परिचय खुल्ने प्रमाण समेत बैंक वा वित्तीय संस्थाले लिनु पर्नेछ।

(८) बैंक वा वित्तीय संस्थाले कसैलाई कर्जा प्रदान गर्दा कर्जाको साँवा, ब्याज, हर्जाना तथा सो तिर्ने बुझाउने नियमित किस्ता समेत तोकी सो को जानकारी ऋणी तथा जमानतकर्तालाई दिने र कर्जा रकमको प्रयोगको सम्बन्धमा अनुगमनको तालिका बनाई सो बमोजिम नियमित अनुगमन गर्नु पर्नेछ।

५९. **कर्जा असूली सम्बन्धी व्यवस्था** : (१) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले इजाजतपत्रप्राप्त संस्थासँग भएको कर्जाको सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा वा लिखतको भाकाभित्र इजाजतपत्रप्राप्त संस्थाको कर्जा चुक्ता नगरेमा वा इजाजतपत्रप्राप्त संस्थाले जाँचबुझ गर्दा कर्जा लिएको कर्जा रकम जुन प्रयोजनको लागि लिएको हो सो प्रयोजनमा नलगाएको वा हिनामिना वा दुरुपयोग भएको देखिएमा सम्बन्धित लिखत वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणीले इजाजतपत्रप्राप्त संस्थालाई लेखिदिएको वा इजाजतपत्रप्राप्त संस्थामा राखेको धितो सुरक्षणलाई इजाजतपत्रप्राप्त संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो सावाँ ब्याज असूलउपर गर्न सक्नेछ।

(२) कर्जा लिने, व्यक्ति, फर्म, कम्पनी वा संस्थाले इजाजतपत्रप्राप्त संस्थामा राखेको धितो सुरक्षणको जायजेथामा कुनै किसिमले हक छोडी दिएमा वा अन्य कुनै कारणबाट इजाजतपत्रप्राप्त संस्थामा राखेको धितो सुरक्षणको मोल घट्न गएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्रप्राप्त संस्थाले तोकेको म्यादभित्र त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सो बापत थप धितो सुरक्षण राख्न लगाउन सक्नेछ । कर्जा लिने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले इजाजतपत्रप्राप्त संस्थाले तोकेको म्यादभित्र थप धितो सुरक्षण नराखेमा वा राखेको धितो सुरक्षणबाट सावाँ ब्याज असुलउपर हुन नसकेमा निजको स्वामित्वमा रहेको वा निजको हक लाग्ने अन्य चल अचल सम्पत्तिबाट इजाजतपत्रप्राप्त संस्थाले प्रचलित कानून बमोजिम आफ्नो सावाँ ब्याज असुलउपर गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्था गरी असुलउपर भएको रकमलाई सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गर्दा भएको खर्चको रकम र इजाजतपत्रप्राप्त संस्थाको सावाँ ब्याजको रकम कट्टा गरी बाँकी रहन आएमा त्यस्तो बाँकी रकम सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई फिर्ता दिइनेछ ।

(४) यस दफा बमोजिम इजाजतपत्रप्राप्त संस्थाले लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरिदिनको लागि इजाजतपत्रप्राप्त संस्थाले सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेजको लागि इजाजतपत्रप्राप्त संस्थाबाट लेखी आएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित कार्यालयले रजिष्ट्रेशन वा दाखिल खारेज गरिदिनु पर्नेछ ।

(६) यस दफा बमोजिम इजाजतपत्रप्राप्त संस्थाले धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा त्यस्तो सम्पत्ति त्यस्तो संस्थाले तोकिए बमोजिम आफ्नो स्वामित्वमा लिनेछ ।

(७) उपदफा (६) बमोजिम इजाजतपत्रप्राप्त संस्थाले आफ्नो स्वामित्वमा लिएको सम्पत्ति आफ्नो नाउँमा रजिष्ट्रेशन वा दाखिल खारेज गरिदिनको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ । यसरी लेखीआएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित कार्यालयले त्यस्तो इजाजतपत्रप्राप्त संस्थाको नाममा त्यस्तो सम्पत्ति रजिष्ट्रेशन वा दाखिल खारेज गरिदिनु पर्नेछ ।

(८) कुनै व्यक्ति वा इजाजतपत्रप्राप्त संस्थाले धितो लिलाममा सकारेको सम्पत्ति साबिक धनीले भोगचलन गर्न दिन इन्कार गरेमा प्रचलित कानून बमोजिम भोग चलन गर्न पाउने गराउन सकार गर्नेले अनुरोध गरेमा नेपाल सरकारको सम्बन्धित निकायले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(९) इजाजतपत्रप्राप्त संस्थाले दफा ५१ मा उल्लेख भए प्रचलित कर्जा अपलेखन विनियमको अधिनमा रही अपलेखन गरेको कर्जाको असूली कारबाही रोक्न पाउने छैन ।

(१०) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले इजाजतपत्रप्राप्त संस्थासँग लिएको कर्जा सो कर्जाको लिखतको भाकाभित्र चुक्ता नगरी यस दफा बमोजिम कारबाही चलाउँदा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले प्रचलित कानून बमोजिम त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई कालो सूचीमा राख्न कर्जा सूचना केन्द्र लिमिटेडमा लेखी पठाउनु पर्नेछ ।

(११) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थासँग यस दफा बमोजिम कर्जा असूलीको कारबाही चलाउँदा समेत त्यस्तो कर्जा असूलउपर हुन नसकेमा इजाजतपत्रप्राप्त संस्थाले ऋणी व्यक्ति, फर्म, कम्पनी वा संस्थाको विदेशस्थिति अन्य कुनै सम्पत्तिबाट समेत त्यस्तो कर्जा असूलउपर गर्ने प्रयोजनको लागि प्रचलित कानून बमोजिम सम्पत्ति रोक्का राख्ने लगायतका कर्जा असूलउपर सम्बन्धी कारबाही चलाउन सक्नेछ ।

(१२) उपदफा (१) देखि (८) बमोजिम ऋण असूलीका सबै कारबाही चलाउँदा समेत ऋण असूली हुन नसकेमा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले ऋणी व्यक्तिको राहदानी रोक्का तथा जफत गर्न र राज्यले प्रदान गर्ने कुनै सुविधाबाट सम्बन्धित ऋणीलाई वञ्चित गराउने आवश्यक व्यवस्थाका लागि राष्ट्र बैङ्क समक्ष अनुरोध गर्न सक्नेछ । यस्तो अनुरोध प्राप्त भएपछि राष्ट्र बैङ्कले आफ्नो राय सहित आवश्यक कारबाहीको लागि नेपाल सरकार समक्ष पठाउनेछ ।

## परिच्छेद-८

## लेखा, अभिलेख, विवरण तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

६०. **हिसाब किताब दुरुस्त राख्नु पर्नेः** (१) बैंक वा वित्तीय संस्थाले आफ्नो हिसाब किताब, खाता, बही, श्रेस्ता र लेखाको अभिलेख यथार्थ र दुरुस्त राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिने लेखा दोहोरो लेखा प्रणालीमा आधारित सर्वमान्य सिद्धान्त अनुरुप बैंक वा वित्तीय संस्थाको कारोबारको यथार्थ स्थिति स्पष्ट रुपमा प्रतिविम्बित हुने गरी राखिएको हुनु पर्नेछ ।

(३) उपदफा (१) र (२) को सर्वमान्यतामा प्रतिकूल नहुने गरी इजाजतपत्र प्राप्त विदेशी बैंक वा वित्तीय संस्थाको शाखा वा कार्यालयले आफ्नो सम्पत्ति, दायित्व, आम्दानी, खर्च आदि खुल्ने गरी छुट्टै लेखा, हिसाव किताब, अभिलेख तथा नाफा-नोक्सान हिसाव लगायतको वित्तीय विवरण तयार पारी राख्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम राखिने लेखा तथा अन्य विवरण राष्ट्र बैंकले अन्यथा स्वीकृति दिएकोमा बाहेक आफ्नो केन्द्रीय कार्यालयमा राख्नु पर्नेछ ।

६१. **वासलात, नाफा-नोक्सान, हिसाब तयार गरी राख्नेः** (१) बैंक वा वित्तीय संस्थाले आफ्नो वासलात र नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका अन्य वित्तीय विवरण राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरिका अनुसार राख्नु पर्नेछ ।

(२) बैंक वा वित्तीय संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफ्नो वासलात तथा नाफा-नोक्सान हिसाबको विवरण राष्ट्र बैंक समक्ष पेश गर्नु पर्नेछ र त्यस्तो वासलात र नाफा-नोक्सान हिसाबको विवरण सर्वसाधारणको जानकारीको लागि सोही अवधिभित्र एक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ । बैंक वा वित्तीय संस्थाले लेखापरीक्षण भएको प्रत्येक आर्थिक वर्षको वासलात र नेपालभित्र र वाहिर भएको कारोवारको नाफा-नोक्सान हिसाबको विवरण अर्को आर्थिक वर्षको वासलात र नाफा-नोक्सान हिसाब तयार गरी सार्वजनिक नगरुन्जेलसम्म आफ्नो बैंकिङ्ग वा वित्तीय कारोबार सञ्चालन हुने प्रत्येक स्थानमा सबैले स्पष्टसँग देख्न सक्ने ठाउँमा टाँसगरी राख्नु पर्नेछ र यस दफा बमोजिमको वासलात र नाफा-नोक्सानको हिसाब कुनै बैंक वा वित्तीय संस्थाले प्रकाशन नगरेमा सोही बैंक वा वित्तीय संस्थाको खर्चमा उक्त वासलात र नाफा-नोक्सानको हिसाब राष्ट्र बैंकले प्रकाशन गर्न सक्नेछ ।

(३) बैंक वा वित्तीय संस्थाको वासलात र नाफा-नोक्सान हिसाबमा सो बैंक वा वित्तीय संस्थाको सहायक कम्पनी भए त्यस्तो सहायक कम्पनीको कारोवार तथा वित्तीय अवस्थालाई छुट्टाछुट्टै र एकिकृत रुपमा समेत उल्लेख गरेको हुनु पर्नेछ ।

(४) यस दफामा लेखिएको कुराका अतिरिक्त इजाजतपत्र प्राप्त विदेशी बैंक वा वित्तीय संस्थाको शाखाले आर्थिक वर्ष समाप्त भएको नव्वे दिन भित्र त्यस्तो विदेशी बैंक शाखाको सम्पत्ति, दायित्व तथा आय-व्यय समेटिने गरी लेखापरीक्षण गरिएको वासलात र नाफा-नोक्सानको हिसाब राष्ट्र बैंक समक्ष पेश गर्नु पर्नेछ र राष्ट्र बैंकले तोकिदिए अनुसार त्यस्तो वासलात र नाफा-नोक्सान हिसाब सोही अवधिभित्र एक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ ।

(५) यस परिच्छेद बमोजिम कुनै बैंक वा वित्तीय संस्थाले तयार पार्नु पर्ने वासलात र नाफा-नोक्सान हिसाबको ढाँचा, विषयवस्तु, प्रमाणित गर्नु पर्ने तरिका र सार्वजनिक गराउनु पर्ने कुनै विवरण आदि समेत राष्ट्र बैंकले तोके वा निर्देशन दिएबमोजिम हुनेछ ।

(६) उपदफा (५) बमोजिम बैंक वा वित्तीय संस्थाले प्रकाशन गरेको कुनै विवरणमा उल्लेख गरेका कुराहरु गलत, अपूर्ण, भ्रमपूर्ण वा झुट्टा भएको शंका लागेमा राष्ट्र बैंकले लिखित सूचना दिई त्यस्तो बैंक वा वित्तीय संस्थालाई देहाय बमोजिम गर्न लगाउन सक्नेछ :-

(क) छुटाईएको वा उल्लेख नगरिएको कुरा प्रकाशन गर्न,

(ख) गलत, अपूर्ण, भ्रमपूर्ण वा झुट्टा जानकारी समावेश नभएका विवरण पुनः प्रकाशन गर्न, वा

(ग) राष्ट्र बैंकले निर्देशनमा तोकिदिए बमोजिमका अन्य कुराहरु सच्याउन ।

६२. <u>**लेखापरीक्षण समितिः**</u> (१) बैंक वा वित्तीय संस्थाको समितिले गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा तीन सदस्य भएको एक लेखापरीक्षण समिति गठन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको लेखापरिक्षण समितिमा बैंक वा वित्तीय संस्थाको अध्यक्ष, उप-समितिको संयोजक र कार्यकारी प्रमुख रही कार्य गर्न सक्ने छैन ।

(३) उपदफा (१) बमोजिमको समितिका सदस्यहरु निक्षेप लिने, कर्जा दिने, धितोपत्रमा लगानी गर्ने, स्वीकृत बजेट खर्च गरी निर्णय लिनु पर्ने कुनै पनि नियमित दैनिक कारोवारमा संलग्न हुन पाउने छैन ।

(४) उपदफा (१) बमोजिमको लेखा परीक्षण समितिको बैठक भत्ता तथा अन्य सुविधा समितिले तोकी साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

(५) समितिले बैठक बोलाएको अवस्थामा बाहेक सामान्यतया लेखापरीक्षण समितिको बैठक तीन महिनामा एक पटक बस्ने छ ।

(६) लेखापरीक्षण समितिको बैठक सम्बन्धी कार्यविधि सोही समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

६३. <u>**लेखापरीक्षण समितिको काम कर्तव्य तथा अधिकार**</u>ः दफा ६२ बमोजिम गठित लेखापरीक्षण समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) बैंक वा वित्तीय संस्थाको लेखा, बजेट तथा लेखापरीक्षण कार्यविधि, आन्तरिक नियन्त्रण व्यवस्था उपयुक्त भए नभएको र भएमा सोको पालना भए नभएको अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(ख) बैंक वा वित्तीय संस्थाको लेखा र बहीखाताको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने र त्यस्ता कागजात प्रचलित कानून, राष्ट्र बैंकको नियमन तथा निर्देशन बमोजिम ठीकसँग तयार भए नभएको बारे यकीन गर्ने,

(ग) बैंक वा वित्तीय संस्थामा लागू भएको प्रचलित कानून पूर्ण रुपमा पालना भएको छ भनी विश्वस्त हुन बैंक वा वित्तीय संस्थाको व्यवस्थापन र सञ्चालनको नियमित व्यवस्थापकीय तथा कार्य सम्पादनको लेखापरीक्षण गर्ने गराउने,

(घ) बैंक वा वित्तीय संस्थामा लागू हुने ऐन, नियम, विनियम, नीति, निर्देशन बमोजिम त्यस्तो काम कारबाही भए नभएको अनुगमन गर्ने र सोको प्रतिवेदन समिति समक्ष पेश गर्ने,

(ङ) समितिबाट माग गरिएको विषयमा राय दिने ।

६४. <u>**लेखापरीक्षणः**</u> (१) बैंक वा वित्तीय संस्थाले आर्थिक वर्ष समाप्त भएको पाँच महिनाभित्र वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका अन्य वित्तीय विवरण राष्ट्र बैंकले निर्धारण गरेको ढाँचा र तरिका अनुसार तयार गरी लेखापरीक्षण गराउनु पर्नेछ । त्यस्तो वित्तीय विवरणमा कम्तिमा दुईजना सञ्चालक, कार्यकारी प्रमुख र लेखापरीक्षकको सही भएको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र लेखापरीक्षण गराउन नसक्ने बैंक वा वित्तीय संस्थाले मनासिब कारण खोली लेखापरीक्षण गराउने म्याद थपको लागि अनुरोध गरेमा राष्ट्र बैंकले बढीमा तीन महिनाको अवधि थप गरिदिन सक्नेछ ।

(३) लेखापरीक्षकले आफूले गरेको लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित बैंक वा वित्तीय संस्था र राष्ट्र बैंकमा दिनु पर्नेछ ।

६५. **लेखापरीक्षकको नियुक्ति**ः (१) लेखापरीक्षकको नियुक्ति बैंक वा वित्तीय संस्थाको साधारण सभाबाट हुनेछ ।

(२) साधारण सभाले उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्ति गर्दा राष्ट्र बैंकले स्वीकृत गरेको लेखापरीक्षकको सूचीमा रहेका लेखापरीक्षकहरु मध्येबाट गर्नु पर्नेछ ।

तर साधारण सभाले एउटै लेखापरीक्षकलाई लगातार तीन पटक भन्दा बढी अवधिको लागि नियुक्ति गर्न सक्ने छैन ।

(३) राष्ट्र बैंकले स्वीकृत गरेको लेखापरीक्षकको सूचीमा समावेश भएका लेखापरीक्षकमध्येबाट साधारण सभाले उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्ति गर्दा “क”, “ख” र “ग” वर्गको इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थाको हकमा चार्टर्ड एकाउन्टेण्ट र “घ” वर्गको इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थाको हकमा चार्टर्ड एकाउन्टेण्ट वा दर्तावाला लेखापरीक्षकलाई नियुक्ति गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम बैंक वा वित्तीय संस्थाले लेखापरीक्षक नियुक्ति नगरेमा वा गर्न नसकेमा राष्ट्र बैंकले लेखापरीक्षक नियुक्ति गर्न सक्नेछ ।

(५) आफ्नो कर्तव्य पालना नगर्ने लेखापरीक्षकलाई राष्ट्र बैंकले कुनै पनि बैंक वा वित्तीय संस्थाको एक वर्षदेखि तीन वर्षसम्म लेखापरीक्षण गर्न नपाउने गरी लेखापरीक्षकको सूचीबाट हटाउन सक्नेछ ।

तर त्यस्तो कारबाही गर्नु अघी सुनुवाईको मनासिव माफिकको मौका दिनु पर्नेछ ।

६६. **लेखापरीक्षकमा नियुक्त हुन नसक्ने**ः (१) देहाय बमोजिमको कुनै पनि व्यक्ति वा त्यस्तो व्यक्ति संस्थापक वा हिस्सेदार भएको फर्म, कम्पनी वा संस्था बैंक वा वित्तीय संस्थाको लेखापरीक्षकमा नियुक्त हुन सक्ने छैनः-

(क) बैंक वा वित्तीय संस्थाको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख वा निजको परिवारको सदस्य,

(ख) बैंक वा वित्तीय संस्थाको पदाधिकारी, कर्मचारी वा आन्तरिक लेखापरिक्षक

(ग) बैंक वा वित्तीय संस्थाको सञ्चालक, कार्यकारी प्रमुख वा कर्मचारीसँग साझेदार भई काम गरेको व्यक्ति,

(घ) बैंक वा वित्तीय संस्थाको ऋणी, उल्लेख्य स्वामित्व वा उल्लेख्य हैसियत भएको व्यक्ति वा सम्बद्ध व्यक्ति वा वित्तीय स्वार्थ भएको व्यक्ति,

(ङ) नेपाल वा विदेशमा दामासाहीमा परेको व्यक्ति,

(च) सम्बन्धित बैंक वा वित्तीय संस्थाको एक प्रतिशत वा सोभन्दा बढी शेयर लिएको व्यक्ति, फर्म, कम्पनी वा संस्था,

(छ) फौजदारी अपराधमा अदालतबाट सजाय पाई पाँच वर्षको अवधि व्यतित भई नसकेको व्यक्ति,

(झ) राष्ट्र बैंकले स्वीकृत गरेको लेखापरीक्षकको सूचीमा सामावेश नभएको व्यक्ति,

(ञ) प्रचलित कानून बमोजिम लेखापरीक्षक नियुक्त हुन अयोग्य रहेको व्यक्ति ।

(२) बैंक वा वित्तीय संस्थाको लेखापरीक्षकमा नियुक्ति भएको कुनै व्यक्तिमा उपदफा (१) बमोजिमको कुनै अग्योताका आधार पाईएमा त्यस्तो व्यक्तिको नियुक्ति स्वतः रद्द भएको मानिनेछ ।

६७. <u>विवरण दिनुपर्ने</u>: लेखापरीक्षण गर्ने क्रममा लेखापरीक्षकले मागेको हिसाब किताब, खाता बही, श्रेस्ता र लेखा लगायत सोसँग सम्बन्धित अन्य विवरण बैंक वा वित्तीय संस्थाले जुनसुकै बखत परीक्षण गर्न दिनु पर्नेछ । लेखापरीक्षकले मागेका कुराको यथार्थ जवाफ समेत त्यस्तो विवरण दिने जिम्मेवारी भएका पदाधिकारीले तुरुन्तै दिनु पर्नेछ ।

६८. <u>लेखापरीक्षकको काम, कर्तव्य र अधिकारः</u> (१) लेखापरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) लेखा तथा वित्तीय विवरणको लेखापरीक्षण गर्ने,

(ख) आफूले लेखापरीक्षण गरेको लेखा, वासलात तथा नाफा-नोक्सान हिसाब समावेश गरी बैंक वा वित्तीय संस्थाको समितिमा लेखापरीक्षण प्रतिवेदन तयार गरी पेश गर्ने,

(ग) बैंक वा वित्तीय संस्थाको काम कारबाहीमा अनियमितता भएको वा सही ढंगले काम हुन नसकेको र त्यस्ता कुराहरुले बैंक वा वित्तीय संस्थालाई हानी नोक्सानी पुऱ्याउनेछ भन्ने लागेमा समितिलाई सोको जानकारी गराउने,

(घ) देहायको अवस्था आउन सक्ने लागेमा राष्ट्र बैंकलाई सोको जानकारी गराउनेः-

(१) राष्ट्र बैंकले बैंक वा वित्तीय संस्थाको इजाजतपत्र दिँदा तोकेका शर्त वा यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशन आदिको उल्लंघन हुने,

(२) बैंक वा वित्तीय संस्थाको नियमित काम कारबाहीमा प्रतिकूल प्रभाव पार्ने,

(३) लेखापरीक्षकलाई लेखा प्रतिवेदन प्रस्तुत गर्नबाट रोक्ने वा गलत लेखा प्रतिवेदन पेश गर्न लगाउने ।

(२) लेखापरीक्षकलाई आफ्नो कर्तव्य पालनाको सिलसिलामा जुनसुकै बखत बैंक वा वित्तीय संस्थाको खाता, हिसाव किताब, लेखा, भौचर लगायत सबै कागजात र लगतको निरीक्षण गर्ने अधिकार हुनेछ र लेखापरीक्षकले आफ्नो काम उपयुक्त ढंगबाट पूरा गर्ने तथा कर्तव्य पालना गर्ने क्रममा बैंक तथा वित्तीय संस्थाको सञ्चालक वा पदाधिकारीसँग निजले आवश्यक ठानेको जानकारी र स्पष्टीकरण माग गर्न सक्नेछ ।

(३) लेखापरीक्षकले आफ्नो प्रतिवेदनमा देहायका कुराहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ :-

(क) माग गरेका कुराको जवाफ प्राप्त भए नभएको,

(ख) वासलात, वासलात वाहिरको कारोबार, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण राष्ट्र बैंकले तोकेको ढाँचा र तरिका अनुसार तयार भए नभएको र उक्त विवरण बैंक वा वित्तीय संस्थाले राखेको हिसाब किताब, बही खाता, श्रेस्ता र लेखासँग दुरुस्त रहे नरहेको ,

(ग) प्रचलित कानून बमोजिम हिसाब किताब, खाता बही, श्रेस्ता र लेखा ठीकसँग राखे नराखेको,

(घ) बैंक वा वित्तीय संस्थाको कुनै पदाधिकारीले प्रचलित कानून विपरीत कुनै कामकाज वा अनियमित कार्य गरे नगरेको वा बैंक वा वित्तीय संस्थाको हानी नोक्सानी भए नभएको,

(ङ) बैंक वा वित्तीय संस्थाको कारोबार सन्तोषप्रद रुपबाट सञ्चालन भए नभएको,

(च) पूँजीकोष तथा जोखिम व्यहोर्ने कोष पर्याप्त मात्रामा भए नभएको,

(छ) कर्जा अपलेखन विनियम वा राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा अपलेखन गरे नगरेको,

(ज) राष्ट्र बैंकले दिएको निर्देशन अनुरुप कार्य गरे नगरेको,

(झ) निक्षेपकर्ता र लगानीकर्ताको हित संरक्षण हुने कार्य गरे नगरेको,

(ञ) विविध जोखिम व्यवस्थापनका सम्बन्धमा आवश्यक जोखिम व्यवस्थापन प्रणालीको विकास गरे नगरेको,

(ट) बैंक वा वित्तीय संस्थाका कार्यालयहरुबाट प्राप्त विवरण लेखापरीक्षणको लागि पर्याप्त भए नभएको,

(ठ) शेयरधनीलाई थाहा दिनुपर्ने निजको विचारमा लागेका अन्य कुराहरु,

(ड) लेखापरीक्षकले लेखापरीक्षण प्रतिवेदनमा खुलाउनु पर्ने भनी राष्ट्र बैंकले तोकिदिएको अन्य विवरण,

(ढ) अन्य प्रचलित कानूनले तोकेको कुराहरु,

(ण) आवश्यक सुझाव ।

(४) उपदफा (३) बमोजिम तयार पारिएको लेखापरीक्षकको प्रतिवेदन समिति र राष्ट्र बैंक समक्ष पेश गर्नु पर्नेछ ।

(५) लेखापरीक्षकको प्रतिवेदन प्राप्त गरेपछि राष्ट्र बैंकले बैंक वा वित्तीय संस्थाको लेखापरीक्षकलाई देहायका काम गर्न आदेश दिन सक्नेछ :-

(क) लेखापरीक्षणका सम्बन्धमा राष्ट्र बैंकले आवश्यक ठानेको अतिरिक्त जानकारी पेश गर्न,

(ख) बैंक वा वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको कारोबारको लेखापरीक्षणको क्षेत्रलाई अझ व्यापक बनाउन,

(ग) कुनै खास विषयमा राष्ट्र बैंकले तोकिदिए बमोजिम वा बैंक वा वित्तीय संस्थालाई सिफारीस गरे बमोजिम अन्य जाँच गर्न र

(घ) खण्ड (ख) तथा (ग) मा उल्लिखित कुनै पनि कुराको सम्वन्धमा प्रतिवेदन बुझाउन ।

(६) उपदफा (५) मा उल्लिखित कुराहरुका अतिरिक्त लेखापरीक्षण गर्दा बैंक वा वित्तीय संस्थाको वासलात, नाफा-नोक्सान हिसाव र अन्य वित्तीय विवरणमा फरक पर्ने भएमा सो फरक रकम समेत समायोजन गरी अर्को वासलात, नाफा-नोक्सान हिसाव सहितको लेखापरीक्षण प्रतिवेदन बैंक तथा वित्तीय संस्थाको सञ्चालक समिति र राष्ट्र बैंकमा पेश गर्नु पर्नेछ ।

(७) समितिले बैंक तथा वित्तीय संस्थाको वार्षिक प्रतिवेदन सहितको लेखापरीक्षण प्रतिवेदन शेयरधनीहरुको वार्षिक साधारण सभामा पढेर सुनाउनु पर्नेछ ।

६९. **लेखापरीक्षकको स्थान रिक्त भएमा**: कुनै कारणले लेखापरीक्षकको स्थान रिक्त भएमा बाँकी अवधीको लागि अर्को लेखापरीक्षकको नियुक्ति समितिले गर्नु पर्नेछ ।

७०. **लेखापरीक्षकले प्रमाणित गर्नु पर्ने**: लेखापरीक्षकले आफूले परीक्षण गरेको हिसाब किताब, खाता बही, श्रेस्ता र लेखामा आफूले जाँचेको मिति समेत उल्लेख गरी दस्तखत गरी निस्सा लगाई प्रमाणित गर्नु पर्नेछ ।

७१. **लेखापरीक्षकको पारिश्रमिक**: बैंक वा वित्तीय संस्थाको लेखापरीक्षकको पारिश्रमिक राष्ट्र बैंकले नियुक्त गरेकोमा राष्ट्र बैंकले, साधारण सभाले नियुक्त गरेकोमा सो सभाले र समितिले नियुक्त गरेकोमा समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-९

## बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने, गाभिने वा प्राप्त गर्ने सम्वन्धी व्यवस्था

७२. **बैंक वा वित्तीय संस्था गाभ्न वा गाभिन सक्ने**: (१) यस ऐन वा राष्ट्र बैंक ऐन बमोजिम तोकिएको प्रक्रिया पूरा गरी एउटा बैंक वा वित्तीय संस्था अर्को बैंक वा वित्तीय संस्थामा गाभ्न वा गाभिन सक्नेछ ।

(२) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्र बैंकको निरीक्षण सुपरिवेक्षण प्रतिवेदन वा अन्य कुनै अध्ययनबाट नेपालको वित्तीय प्रणाली वा कुनै बैंक वा वित्तीय संस्थामा देहायका कुनै अवस्था भएको पाइएमा सोको कारण खोली राष्ट्र बैंकले त्यस्तो बैंक वा वित्तीय संस्था वा सोको निश्चित सम्पति, दायित्व वा व्यवसाय अर्को बैंक वा वित्तीय संस्थामा गाभ्न, वा गाभिन आदेश दिन सक्नेछ ।

(क) पुँजीकोष अपर्याप्त रहेको वा विगत तीन वर्षदेखि वित्तीय स्थिति खस्कदै गएको,

(ख) निक्षेपकर्ताको हित तथा निक्षेपकर्ता प्रतिको दायित्वमा प्रतिकुल प्रभाव पर्ने कार्य गरेको वा त्यस्तो अवस्था विद्यमान रहेको,

(ग) राज्यको वित्तीय प्रणालीको स्थायित्व, विकास र सम्बर्द्धनको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गर्न आवश्यक भएको ।

(३) उपदफा (२) बमोजिम राष्ट्र बैंकले बैंक वा वित्तीय संस्था गाभ्न आदेश दिँदा त्यस्तो आदेशमा सोको प्रक्रिया समेत तोक्न सक्नेछ ।

७३. **गाभ्न वा गाभिन निवेदन दिनुपर्ने**: (१) कुनै बैंक वा वित्तीय संस्था अर्को बैंक वा वित्तीय संस्थामा गाभ्न वा गाभिन चाहेमा गाभ्न वा गाभिन चाहने दुई वा सो भन्दा बढी बैंक वा वित्तीय संस्थाले आ-आफ्नो समितिबाट निर्णय गरी सैद्धान्तिक सहमतिका लागि देहायका कुरा खुलाई राष्ट्र बैंकमा संयुक्त रुपमा निवेदन दिनु पर्नेछः-

(क) बैंक वा वित्तीय संस्था गाभ्नु, गाभिनुको आवश्यकता तथा औचित्य, सोबाट बैंकिङ्ग तथा वित्तिय क्षेत्र र वित्तीय प्रणालीमा पर्ने असरको सामान्य प्रक्षेपण ।

(ख) गाभ्ने वा गाभिने बैंक वा वित्तीय संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण, नेटवर्थ लगायतको वित्तीय विवरण सहितको लेखापरीक्षकको प्रतिवेदन,

(ग) गाभ्ने वा गाभिने बैंक वा वित्तीय संस्थाले कर्जा लिएका साहूहरुको हित सुरक्षार्थ गरिएको व्यवस्था,

(घ) गाभिने बैंक वा वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्वको भुक्तानी अवधि सहितको यथार्थ विवरण,

(ङ) गाभ्ने वा गाभिने बैंक वा वित्तीय संस्थाका कर्मचारीको व्यवस्थापनको विवरण,

(च) अन्य प्रचलित कम्पनी तथा धितोपत्र सम्बन्धी कानून बमोजिमको स्वीकृति प्रक्रिया,

(छ) संस्थाहरुले गाभ्ने, गाभिने सम्बन्धी गरेको प्रारम्भिक सम्झौता पत्र,

(ज) राष्ट्र बैंकले तोकेका अन्य कुराहरु

(२) उपदफा (१) बमोजिम प्राप्त गरेको निवेदन उपर राष्ट्र बैंकले जाँचबुझ गर्नेछ र त्यस्तो जाँचबुझको सिलसिलामा राष्ट्र बैंकले आवश्यकता अनुसार निवेदकसँग छलफल गर्न र थप कागजात माग्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गरिएको जाँचबुझबाट बैंक वा वित्तीय संस्था गाभ्दा, गाभिदा राष्ट्रको बैंकिङ्ग तथा वित्तीय प्रणालीको विकास, स्वच्छ प्रतिस्पर्धा तथा प्रचलित कानूनको पालनामा कुनै पनि किसिमको नकारात्मक असर पर्ने छैन भन्ने कुरामा राष्ट्र बैंक सन्तुष्ट भएमा गाभ्ने, गाभिने प्रक्रिया अगाडि बढाउने सैद्धान्तिक सहमति दिन सक्नेछ र यसरी सहमति दिंदा थप शर्त तोक्न वा निर्देशन दिन समेत सक्नेछ ।

७४. **सम्पत्ति तथा दायित्वको मुल्याङ्कन सम्बन्धी व्यवस्था** : (१) दफा ७३ बमोजिम बैक वा वित्तीय संस्था गाभ्ने वा गाभिने सैद्धान्तिक सहमति प्राप्त गरेपछि त्यस्ता बैंक वा वित्तीय संस्थाहरुले आ-आफ्नो सम्पत्ति, दायित्व तथा कारोवारको मूल्याङ्कन गर्ने कम्तिमा बैंकको लेखापरीक्षण गर्न योग्य रहेको व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई आपसी सहमतिमा मूल्याङ्कनकर्ता नियुक्ति गरी सो को जानकारी राष्ट्र बैंकलाई दिनु पर्नेछ ।

तर बैंक तथा वित्तीय संस्थाले त्यस्तो मुल्यांकन राष्ट्र बैंकमा निवेदन दिनु पूर्व नै गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम नियुक्ति भएको मूल्याङ्कनकर्ताको काम कारवाही, विश्वसनीय नलागेमा राष्ट्र बैंकले निजलाई हटाई अर्को मूल्याङ्कनकर्ताको नियुक्ति गर्न आदेश दिन सक्नेछ ।

(३) मुल्याङ्कनकर्ताको सेवा, सुविधा सम्बन्धित बैंक वा वित्तीय संस्थाले निर्धारण गर्नेछन् ।

(४) मुल्याङ्कनकर्ताले सम्पत्ति, दायित्व, नेटवर्थ तथा समग्र कारोवारको मुल्याङ्कन गर्दा सो सम्बन्धमा स्थापित मान्यता, आधार, र विधि बमोजिम गर्नु पर्नेछ । राष्ट्र बैंकले मुल्याँकन गर्ने विधि, मुल्याँकनका आधार र क्षेत्रका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

७५. **सम्झौता सम्बन्धी व्यबस्था**: यस ऐन बमोजिम राष्ट्र बैंकले आदेश दिएकोमा बाहेक गाभ्न, गाभिन सैद्धान्तिक सहमति पाएका बैंक वा वित्तीय संस्थाले गाभ्ने गाभिने सम्बन्धमा देहायका कुराहरु खुलाई सम्झौता गर्नु पर्नेछः-

(क) निक्षेपकर्ता, साहू तथा शेयरधनीहरुको हित संरक्षण सम्बन्धी व्यबस्था,
(ख) बैंक वा वित्तीय संस्थाको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन पद्धति र मिलान सम्बन्धी व्यबस्था,
(ग) लगानी तथा कारोबारको व्यबस्थापन, अन्तरसंस्था स्वामित्व तथा अन्तरसंस्था लेनदेन विवरण, जमानत वा प्रत्याभूतिको विवरण, गैर बैंकिङ्ग कारोवारको व्यवस्थापन, सम्पति र दायित्वको उचित व्यबस्थापनको व्यवस्था,
(घ) गाभ्ने, गाभिने प्रक्रिया, लाग्ने समय र लागतको विवरण,
(ङ) सञ्चालन तथा व्यबस्थापन संरचना र सञ्चालकको नामावली,
(च) गाभ्न, गाभिन सैद्धान्तिक सहमति प्राप्त संस्थाका कर्मचारीहरुको तह मिलान, सेवा सुविधाको मिलान गर्ने व्यवस्था,
(छ) उल्लेख्य स्वामित्व भएका शेयरधनी तथा अन्य शेयरधनीहरुको विवरण,
(ज) नयाँ बैंक वा वित्तीय संस्थाको रुपमा गाभ्ने, गाभिने वा प्राप्ति गर्ने भए सो संस्थाको नाम, प्रबन्धपत्र र नियमावली, पूँजी संरचना, पुनर्संरचना तथा वर्ग,
(झ) विदेशी बैंक वा वित्तीय संस्थाको हकमा सम्बन्धित नियमनकारी निकायको सहमति पत्र,
(ञ) विदेशी बैंक वा वित्तीय संस्थाको हकमा नेपालमा रहेको बैंक वा वित्तीय संस्थाको

व्यवसाय प्राप्ति गर्ने वा त्यस्तो बैंक वा वित्तीय संस्थाको सम्पूर्ण व्यवसाय नेपालमा बिक्री गर्ने भए सो कुरा,

(ट) सरोकारवालाको गुनासो व्यवस्थापन पद्धति,

(ठ) प्रचलित कानून र सोको पालना गर्न चालिने प्रकृया,

(ड) राष्ट्र बैंकले तोकेको अन्य आवश्यक विवरण ।

७६. **स्वीकृति सम्बन्धी व्यवस्था:** (१) गाभ्ने, गाभिने प्रक्रिया अगाडि बढाउन प्रारम्भिक अनुमति पाएका बैंक वा वित्तीय संस्थाले आ-आफ्नो साधारण सभाबाट सो सम्बन्धी विशेष प्रस्ताव पारित गरी अन्तिम स्वीकृतिको निमित्त दफा ७८ बमोजिमको सम्झौता तथा राष्ट्र बैंकले तोकेका अन्य कुरा समावेश गरी संयुक्त रुपमा राष्ट्र बैंक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा राष्ट्र बैंकले थप जानकारी वा कागजात माग गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको जाँचबुझबाट बैंक तथा वित्तीय संस्था गाभ्दा गाभिंदा वित्तीय क्षेत्रमा स्वस्थ प्रतिस्पर्धाको वातावरण, कुनै बैंक वा वित्तीय संस्थाको एकाधिकार वा नियन्त्रित अभ्यास कायम हुनसक्ने, नसक्ने तथा समग्र बैङ्गिग तथा वित्तीय संरचना, वित्तीय बजार तथा बचतकर्ताहरुलाई गम्भीर असर पर्ने सम्भावनालाई विचार गरी राष्ट्र बैंकले बैंक वा वित्तीय संस्थालाई एक आपसमा गाभ्न, गाभिन अन्तिम स्वीकृति दिन सक्नेछ । अन्तिम स्वीकृति दिँदा राष्ट्र बैंकले गाभ्ने गाभिने सम्बन्धमा पेश भएको विवरणमा आवश्यक परिवर्तन, हेरफेर, पुनर्विचार गर्न गराउन लगाई वा कुनै शर्त तथा सीमा समेत तोक्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको स्वीकृति दिन नसकिने देखेमा राष्ट्र बैंकले कारण खुलाई सोको जानकारी तीस दिनभित्र सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई दिनेछ ।

(५) उपदफा (३) बमोजिम स्वीकृति प्राप्त संस्थाहरुलाई गाभिएकै कारणले यस ऐनमा उल्लेख भएका र राष्ट्र बैंकले जारी गरेका निर्देशनहरु पुरा गर्न कठिनाइ भएमा आवश्यकता र औचित्यको आधारमा राष्ट्र बैंकले तोकिए बमोजिम छुट दिन सक्नेछ ।

(६) गाभ्ने, गाभिने सम्बन्धी अन्य व्यवस्था राष्ट्र बैंकले तोके बमोजिम हुनेछ ।

७७. **बैंक तथा वित्तीय संस्था प्राप्ति (एक्विजिसन) सम्बन्धी व्यवस्था:** (१) यस ऐन वा राष्ट्र बैंक ऐन बमोजिम तोकिएको प्रक्रिया पूरा गरी एउटा बैंक वा वित्तीय संस्थाले अर्को बैंक वा वित्तीय संस्था प्राप्ति गर्न सक्नेछ ।

(२) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्र बैंकको निरीक्षण सुपरिवेक्षण प्रतिवेदन वा अन्य कुनै अध्ययनबाट नेपालको वित्तीय प्रणाली वा कुनै बैंक वा वित्तीय संस्थामा देहायका कुनै अवस्था भएको पाइएमा सोको कारण खोली राष्ट्र बैंकले इजाजतपत्रप्राप्त संस्थालाई आवश्यक निर्देशन वा सुझाव दिई संस्था प्राप्त गर्न वा गराउन सक्नेछ :-

(क) एकै समूहका व्यक्ति, फर्म, कम्पनीका एक भन्दा बढी बैंक वा वित्तीय संस्थाहरु सञ्चालनमा रही अस्वस्थ वित्तीय सम्बन्ध कायम रहेको,

(ख) इजाजतपत्रप्राप्त संस्थाहरु यथास्थितिमा सञ्चालन गराउँदा त्यसको नकारात्मक प्रभावले निक्षेपकर्ता, सर्वसाधारण शेयरधनी, अन्य सेवाग्राहीको हक हित संरक्षण हुन नसक्ने देखिएको,

(ग) प्रणालीगत जोखिम बढ्दै गई इजाजतपत्रप्राप्त संस्थाहरुले दायित्व भुक्तानी गर्न सक्षम नरहेको,

(घ) निर्धारित समयमा सर्वसाधारण समूहमा शेयर निष्कासन नगरेको, निष्कासित शेयर विक्री वितरण नभएको वा तोकिएको न्युनतम समानुपातिक चुक्ता पुँजी नपुऱ्याएको,

(ङ) तीन पटक वा सो भन्दा बढी शीघ्र सुधारात्मक कारवाहीमा परेको वा इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिमा बारम्बार विवाद उत्पन्न भई सुशासनको अवस्था कमजोर भएको राष्ट्र बैंकलाई लागेको ।

(३) उपदफा (२) बमोजिम राष्ट्र बैंकले बैंक वा वित्तीय संस्था प्राप्ति सम्बन्धी आदेश दिँदा त्यस्तो आदेशमा सोको प्रक्रिया समेत तोक्न सक्नेछ ।

७८. **प्राप्ति गर्न निवेदन दिनुपर्नेः** (१) कुनै बैंक वा वित्तीय संस्थाले अर्को बैंक वा वित्तीय संस्था प्राप्त गर्न चाहेमा सम्बन्धित दुई वा सो भन्दा बढी बैंक वा वित्तीय संस्थाले आ-आफ्नो साधारण सभाको विशेष प्रस्ताव बमोजिम आ-आफ्नो समितिबाट निर्णय गरी सैद्धान्तिक सहमतिका लागि देहायका कुरा खुलाई राष्ट्र बैंकमा संयुक्त रुपमा निवेदन दिनु पर्नेछः-

(क) बैंक वा वित्तीय संस्था प्राप्तिको आवश्यकता तथा औचित्य, सोबाट बैंकिङ्ग तथा वित्तीय क्षेत्र र वित्तीय प्रणालीमा पर्ने असरको सामान्य प्रक्षेपण ।

(ख) मूल संस्था तथा लक्षित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण, नेटवर्थ लगायतको वित्तीय विवरण सहितको लेखापरीक्षकको प्रतिवेदन,

(ग) मूल संस्था तथा लक्षित संस्थाका कर्मचारीको व्यवस्थापनको विवरण,

(घ) अन्य प्रचलित कम्पनी तथा धितोपत्र सम्बन्धी कानून बमोजिमको स्वीकृति प्रक्रिया,

(ङ) बैंक वा वित्तीय संस्था प्राप्ति सम्बन्धी गरेको प्रारम्भिक सम्झौता पत्र,

(च) राष्ट्र बैंकले तोके बमोजिमका अन्य कुराहरु

(२) उपदफा (१) बमोजिम प्राप्त गरेको निवेदन उपर राष्ट्र बैंकले जाँचबुझ गर्नेछ र त्यस्तो जाँचबुझको सिलसिलामा राष्ट्र बैंकले आवश्यकता अनुसार निवेदकसँग छलफल गर्न र थप कागजात माग्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गरिएको जाँचबुझबाट बैंक वा वित्तीय संस्था प्राप्त गर्दा मुलुकको बैंकिङ्ग तथा वित्तीय प्रणालीको विकास, स्वच्छ प्रतिस्पर्धा तथा प्रचलित कानूनको पालनामा कुनै पनि किसिमको नकारात्मक असर पर्ने छैन भन्ने कुरामा राष्ट्र बैंक सन्तुष्ट भएमा प्राप्ति सम्बन्धी प्रक्रिया अगाडि बढाउने सैद्धान्तिक सहमति दिन सक्नेछ र यसरी सहमति दिंदा थप शर्त तोक्न वा निर्देशन दिन समेत सक्नेछ ।

७९. **सम्पत्ति तथा दायित्वको मूल्याङ्कन सम्बन्धी व्यवस्था** : (१) लक्षित संस्थाले आफ्नो सम्पत्ति र दायित्व तथा कारोवारको पछिल्लो मूल्याङ्कन गर्न आफ्नो साधारण सभाबाट निर्णय गरी नियुक्त गरिएको वा साधारण सभाले अख्तियारी दिए बमोजिम सञ्चालक समितिले नियुक्त गरेको लेखापरीक्षकबाट सम्पत्ति र दायित्व तथा कारोवारको पछिल्लो अवधिको मूल्याङ्कन गराउनु पर्नेछ ।

(२) प्राप्त गर्ने संस्थाले लक्षित संस्थाको सम्पत्ति तथा दायित्वको विस्तृत मूल्याङ्कन गराउन सक्नेछ ।

उपदफा (१) बमोजिम नियुक्ति भएको मूल्याङ्कनकर्ताको काम कारवाही, विश्वसनीय नलागेमा राष्ट्र बैंकले निजलाई हटाई अर्को मूल्याङ्कनकर्ताको नियुक्ति गर्न आदेश दिन सक्नेछ ।

(३) मूल्याङ्कनकर्ताले सम्पत्ति, दायित्व, नेटवर्थ तथा समग्र कारोवारको मूल्याङ्कन गर्दा सो सम्बन्धमा स्थापित मान्यता, आधार र विधि बमोजिम गर्नु पर्नेछ । राष्ट्र बैंकले मूल्याँकन गर्ने विधि, मूल्याँकनका आधार र क्षेत्रका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

८०. **सम्झौता सम्बन्धी व्यवस्था:** यस ऐन बमोजिम राष्ट्र बैंकले आदेश दिएकोमा बाहेक प्राप्ति गर्ने सैद्धान्तिक सहमति पाएका बैंक वा वित्तीय संस्थाले सो सम्बन्धमा देहायका कुराहरु खुलाई सम्झौता गर्नु पर्नेछ:-

(क) निक्षेपकर्ता, साहू तथा शेयरधनीहरुको हित संरक्षण सम्बन्धी व्यवस्था,
(ख) बैंक वा वित्तीय संस्थाको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन पद्धति र मिलान सम्बन्धी व्यवस्था,
(ग) लगानी तथा कारोबारको व्यवस्थापन, अन्तरसंस्था स्वामित्व तथा अन्तरसंस्था लेनदेन विवरण, जमानत वा प्रत्याभूतिको विवरण, गैर बैंकिङ्ग कारोवारको व्यवस्थापन, सम्पति र दायित्वको उचित व्यवस्थापनको व्यवस्था,
(घ) प्राप्त गर्दा लाग्ने समय र लागतको विवरण,
(ङ) मूल संस्था र लक्षित संस्थाका कर्मचारीहरुको तह मिलान, सेवा सुविधाको मिलान गर्ने व्यवस्था,
(च) विदेशी बैंक वा वित्तीय संस्थाको हकमा सम्बन्धित नियमनकारी निकायको सहमति पत्र,
(छ) विदेशी बैंक वा वित्तीय संस्थाको हकमा नेपालमा रहेको बैंक वा वित्तीय संस्थाको व्यवसाय प्राप्ति गर्ने वा त्यस्तो बैंक वा वित्तीय संस्थाको सम्पूर्ण व्यवसाय नेपालमा बिक्री गर्ने भए सो कुरा,
(ज) सरोकारवालाको गुनासो व्यवस्थापन पद्धति,
(झ) राष्ट्र बैंकले तोकेको अन्य आवश्यक विवरण ।

८१. **अन्तिम स्वीकृति सम्बन्धी व्यवस्था:** (१) प्राप्त गर्ने कार्यका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन सैद्धान्तिक सहमति पाएको मूल संस्थाले लक्षित संस्थाको विशेष वा साधारण सभाको प्राप्त गर्ने सम्बन्धी स्वीकृत प्रस्ताव सहित अन्तिम स्वीकृतिको निमित्त राष्ट्र बैंकमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा राष्ट्र बैंकले थप जानकारी वा कागजात माग गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको जाँचबुझबाट बैंक तथा वित्तीय संस्था प्राप्ति गर्दा मुलुकको वित्तीय क्षेत्रमा स्वस्थ प्रतिस्पर्धाको वातावरण, कुनै बैंक वा वित्तीय संस्थाको एकाधिकार वा नियन्त्रित अभ्यास कायम हुनसक्ने सम्भावना लगायत समग्र बैङ्गिग तथा वित्तीय संरचना, वित्तीय बजार तथा वचतकर्ताहरुलाई गम्भीर असर पर्ने सम्भावनालाई विचार गरी राष्ट्र बैंकले बैंक वा वित्तीय संस्था प्राप्ति गर्ने सम्बन्धी अन्तिम स्वीकृति दिन सक्नेछ । अन्तिम स्वीकृति दिँदा राष्ट्र बैंकले सो सम्बन्धमा पेश भएको विवरणमा आवश्यक परिवर्तन, हेरफेर, पुनर्विचार गर्न गराउन लगाई वा कुनै शर्त तथा सीमा समेत तोक्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको स्वीकृति दिन नसकिने देखेमा राष्ट्र बैंकले कारण खुलाई सोको जानकारी सम्बन्धित बैंक वा वित्तीय संस्थालाई दिनेछ ।

(५) उपदफा (३) बमोजिम स्वीकृति प्राप्त संस्थाहरुलाई प्राप्ति गरेकै कारणले राष्ट्र बैंकले जारी गरेका निर्देशनहरु पूरा गर्न कठिनाइ भएमा आवश्यकता र औचित्यको आधारमा राष्ट्र बैंकले तोकिए बमोजिम छुट दिन सक्नेछ ।

(६) प्राप्ति गर्ने सम्बन्धी अन्य व्यवस्था राष्ट्र बैंकले तोके बमोजिम हुनेछ ।

८२. **कानून विपरित शेयर प्राप्त गरेमा रोक लगाउनेः** (१) कुनै पनि व्यक्तिले बैंक वा वित्तीय संस्थाको शेयर प्राप्त गर्दा अनियमितता गरेको राष्ट्र बैंकले थाहा पाएमा राष्ट्र बैंकले त्यस्तो शेयरको कुनै पनि प्रकारले हस्तान्तरण गर्न, बिक्री गर्न, सो शेयरको मताधिकार तथा अन्य अधिकार माथि रोक लगाउन आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश भएमा त्यस्तो शेयरको स्वामित्व भएको व्यक्तिले सो शेयर राष्ट्र बैंकले तोकेको म्यादभित्र राष्ट्र बैंक समक्ष समर्पण गर्नु पर्नेछ र सो शेयर विक्री गर्न राष्ट्र बैंकले आवश्यक आदेश दिन सक्नेछ ।

८३. **कारोवार प्राप्त गर्न सक्नेः** राष्ट्र बैंकको पूर्व स्वीकृती लिई कुनै बैंक वा वित्तीय संस्थाको कुनै पनि शाखा, कार्यालय वा सोको कुनै पनि सम्पत्ति तथा कारोवार अर्को कुनै बैंक वा वित्तीय संस्थाले आपसी सहमतिमा प्राप्त वा हस्तान्तरण गर्न सक्नेछ ।

८४. **पुनरावेदन गर्न सक्नेः** (१) बैंक वा वित्तीय संस्थाले यस ऐन बमोजिम गाभ्ने, गाभिने, प्राप्त वा हस्तान्तरण गर्ने सिलसिलामा सोका पदाधिकारी वा कर्मचारीको सम्बन्धमा गरेको कुनै व्यवस्था वा सम्झौतामा चित्त नबुझ्ने पदाधिकारी वा कर्मचारीले सो भए गरेको मितिले पैंतिस दिनभित्र राष्ट्र बैंक समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा राष्ट्र बैंकले निवेदन परेको मितिले पैतिस दिनभित्र निर्णय गरी सो को जानकारी सम्बन्धित निवेदकलाई र बैंक वा वित्तीय संस्थालाई दिनु पर्नेछ ।

## परिच्छेद-१०

## बैंक वा वित्तीय संस्थाको स्वेच्छिक खारेजी

८५. **बैंक वा वित्तीय संस्थाको स्वेच्छिक खारेजी:** (१) बैंक तथा वित्तीय संस्थाको स्वच्छिक खारेजीका सम्बन्धमा यस ऐनमा लेखिए जति कुराहरुका सम्बन्धमा यसै ऐन बमोजिम हुनेछ ।

(२) स्वेच्छिक खारेजीमा जान चाहने कुनै बैंक वा वित्तीय संस्थाले सोको लागि स्वेच्छिक खारेजी कार्ययोजना सहितको निवेदन राष्ट्र बैंक समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको निवेदन उपर जाँचबुझ गर्दा देहायका अवस्थाहरु विद्यमान भएको कुरामा राष्ट्र बैंक विश्वस्त भएमा राष्ट्र बैंकले त्यस्तो बैंक वा वित्तीय संस्था स्वेच्छिक खारेजी गर्न कुनै शर्त तोकी वा नतोकी प्रारम्भिक सहमति दिन सक्नेछः-

(क) बैंक वा वित्तीय संस्थाको निक्षेपकर्ता तथा साहूहरु प्रतिको सम्पूर्ण दायित्व अविलम्ब बहन गर्न आर्थिक रुपमा सक्षम रहेको विषयमा सम्पत्ति तथा दायित्व मूल्याँकन प्रतिवेदनमा उल्लेख भई आएको,

(ख) बैंक वा वित्तीय संस्थाका शेयरधनीहरुको साधारण सभामा मतदानमा भाग लिन पाउने शेयरधनीहरु मध्ये पचहत्तर प्रतिशत वा सोभन्दा बढी शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले विशेष प्रस्ताव पारित गरेको,

(ग) नेपाल सरकारको शेयर स्वामित्वमा रहेको बैंक वा वित्तीय संस्थाको खारेजी भए नेपाल सरकारको स्वीकृति प्राप्त भएको,

(घ) विदेशी बैंक वा वित्तीय संस्थाको नेपालस्थित शाखा वा कार्यालयको खारेजीका लागि मुख्य विदेशी बैंक वा वित्तीय संस्थाले स्वीकृति दिएको,

(ङ) अघिल्लो आर्थिक बर्षको लेखापरीक्षण भएको तथा चालु आर्थिक वर्षको निवेदन पेश गरेको अघिल्लो दिन सम्मको वासलात, नाफा-नोक्सान हिसाब समेतको पूर्ण लेखा विवरण पेश भएको,

(च) स्वेच्छिक खारेजीको कारणले नेपालको बैङ्किग तथा वित्तीय प्रणाली, वित्तीय संरचना, वित्तीय बजार तथा बचतकर्ताहरुलाई गम्भीर नकारात्मक असर पर्ने नदेखिएको,

(छ) बाध्यात्मक खारेजीमा नपरेको वा पर्ने सम्भावना नभएको,

(ज) कुनै गलत मनसाय वा वदनियत नदेखिएको, र

(झ) राष्ट्र बैंकले निर्धारण गरेका अन्य शर्त तथा आधार पूरा गरेको ।

८६. **स्वेच्छिक खारेजीको सूचना:** दफा ८५ बमोजिम राष्ट्र बैंकबाट प्रारम्भिक सहमति पाउने बैंक वा वित्तीय संस्थाले सो सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) प्रारम्भिक सहमति प्राप्त भएको मितिले सात दिनभित्र कम्पनी रजिस्ट्रारको कार्यालयमा सोको जानकारी दर्ता गराउने,

(ख) प्रारम्भिक सहमति प्राप्त भएको मितिले तीस दिनभित्र सम्पूर्ण निक्षेपकर्ता, साहू वा सम्बन्धित व्यक्तिहरू सबैलाई छिटो, छरितो र विश्वसनीय माध्यमबाट सोको सूचना पठाउने,

(ग) प्रारम्भिक सहमति प्राप्त भएको मितिले तीस दिनभित्र राष्ट्रियस्तरमा प्रकाशन हुने दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने,

(घ) आफ्नो कारोबार हुने मुख्य स्थान तथा सोको प्रत्येक कार्यालयमा सबैले देख्न सक्ने ठाउँमा त्यस्तो सूचना टाँस गर्ने,

(ङ) राष्ट्र बैंकले तोकेका अन्य कार्य गर्ने ।

८७. **स्वेच्छिक खारेजीको प्रारम्भः** (१) दफा ८५ बमोजिम स्वेच्छिक खारेजीको प्रारम्भिक सहमति पाउने बैंक वा वित्तीय संस्थाले राष्ट्र बैंकबाट स्वेच्छिक खारेजीको अन्तिम स्वीकृति लिनु अघि देहायका कार्यहरु पूरा गर्नु पर्नेछः-

(क) सम्पूर्ण निक्षेप तथा राष्ट्र बैंकले तोकेको अन्य दायित्व तोकिएको समयभित्र फिर्ता वा पूरा गर्ने,

(ख) कारोवार संचालन गर्न बन्द गर्ने र कुनै नयाँ कारोवार नगर्ने,

(ग) स्वेच्छिक खारेजी गर्न अत्यावश्यक हुने वाहेक अन्य अधिकार प्रयोग गर्न रोक्ने ।

(२) उपदफा (१) बमोजिमको काम कारवाही गर्ने सिलसिलामा राष्ट्र बैंकले आवश्यक निर्देशन जारी गर्न सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिमको रकम तथा अन्य दायित्व भुक्तानी पाउने व्यक्तिले तोकिएको समय भित्र भुक्तानी लिन नआएमा उक्त रकम राष्ट्र बैंकले निर्देशन दिएबमोजिमको खातामा जम्मा गर्नु पर्नेछ ।

(४) स्वेच्छिक खारेजीमा गएको बैंक वा वित्तीय संस्थाले आफ्नो स्वामित्वमा रहेको वा लिएको सम्पूर्ण सम्पत्ति वा कानून बमोजिम दावी गरिएको सम्पत्ति राष्ट्र बैंकले तोकेको अवधिभित्र सम्बन्धित सम्पत्ति धनीलाई फिर्ता गर्नु पर्नेछ ।

(५) स्वेच्छिक खारेजीको लागि दिएको स्वीकृतिको कारणले त्यस्तो बैंक वा वित्तीय संस्थाका निक्षेपकर्ता र अन्य साहूहरुको हक हितलाई कुनै पनि किसिमको प्रतिकूल प्रभाव पार्ने छैन ।

(६) स्वेच्छिक खारेजीमा गएको बैंक वा वित्तीय संस्थाको यस ऐन बमोजिमको काम कारबाही समाप्त भएपछि त्यस्तो बैंक वा वित्तीय संस्थाले सोको लेखापरीक्षण प्रतिवेदन राष्ट्र बैंकमा पेश गर्नु पर्नेछ ।

(७) यस दफा बमोजिमको कार्य पूरा गर्ने बैंक वा वित्तीय संस्थालाई राष्ट्र बैंकले कुनै शर्त तोकी वा नतोकी स्वेच्छिक खारेजीको अन्तिम स्वीकृति दिएपछि सोको बैंकिङ्ग तथा वित्तीय कारोवार गर्ने इजाजतपत्र रद्द गर्नु पर्नेछ ।

(८) स्वेच्छिक खारेजीमा गएको बैंक वा वित्तीय संस्थाले तत्काल दावीमा नआएको निक्षेप वापत तिर्नु बुझाउनु पर्ने रकम राष्ट्र बैंकले निर्देशन दिए बमोजिम छुट्ट्याई राख्नु पर्नेछ ।

(९) स्वेच्छिक खारेजीको प्रारम्भ राष्ट्र बैंकले स्वेच्छिक खारेजी गर्न स्वीकृति दिएको मितिदेखि शुरु भएको मानिनेछ ।

८८. **प्रचलित कम्पनी कानून बमोजिम हुनेः** (१) दफा ८७ बमोजिमको काम कारवाही सम्पन्न गरी बैंकिङ्ग तथा वित्तीय कारोवार इजाजतपत्र रद्द भएको बैंक वा वित्तीय संस्थाको खारेजी सम्बन्धी अन्य काम कारबाही प्रचलित कम्पनी कानून बमोजिम गर्नु पर्नेछ ।

(२) कम्पनी रजिस्ट्रारको कार्यालयले यस परिच्छेद बमोजिमको स्वेच्छिक खारेजीको सूचना प्राप्त गरेपछि सम्बन्धित बैंक वा वित्तीय संस्थाको सम्बन्धित दर्ता किताबमा सोही बमोजिमको व्यहोरा जनाउनु पर्नेछ ।

८९. **दायित्वमा असर नपर्नेः** यस परिच्छेद बमोजिम कुनै बैंक वा वित्तीय संस्था खारेज भएको कारणबाट यस ऐन वा अन्य प्रचलित कानून बमोजिम त्यस्तो बैंक वा वित्तीय संस्थाको कुनै शेयरधनी, सञ्चालक, कार्यकारी प्रमुख, पदाधिकारी, कर्मचारी वा अन्य व्यक्तिको दायित्वमा कुनै असर पर्ने छैन ।

## परिच्छेद-११

## बैंक वा वित्तीय संस्थाको वाध्यात्मक खारेजी तथा फरफारक सम्बन्धी व्यवस्था

९०. **बैंक वा वित्तीय संस्थाको वाध्यात्मक खारेजीः** (१) बैंक तथा वित्तीय संस्थाको खारेजीका सम्बन्धमा यस ऐनमा लेखिए जति कुराहरुका सम्बन्धमा यसै ऐन बमोजिम हुनेछ ।

(२) देहायको कुनै व्यक्तिले कुनै बैंक वा वित्तीय संस्था यस परिच्छेद बमोजिम वाध्यात्मक खारेजीमा पर्न सक्ने कुनै अवस्था विद्यमान भएको पाएमा खारेजीको लागि अदालत समक्ष निवेदन दिन सक्नेछः-

(क) भुक्तानी योग्य निक्षेप रकम भुक्तानी माग गर्दा त्यस्तो भुक्तानी नपाउने निक्षेपकर्ता,

(ख) प्रचलित दामासाही सम्बन्धी कानून बमोजिम वाध्यात्मक खारेजीको लागि निवेदन दिन सक्षम व्यक्ति,

(३) उपदफा (२) बमोजिम परेको निवेदन उपर अदालतले राष्ट्र बैंकको राय माग गर्न सक्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्र बैंकको पूर्व स्वीकृति विना कुनै पनि बैंक वा वित्तीय संस्थाले आफ्नो वाध्यात्मक खारेजीको लागि अदालत समक्ष निवेदन दिन सक्ने छैन ।

९१. **बाध्यात्मक खारेजी हुन सक्ने अवस्थाः** देहायको कुनै एक वा एक भन्दा बढी अवस्था कुनै बैंक वा वित्तीय संस्थामा विद्यमान भएमा त्यस्तो बैंक वा वित्तीय संस्थाको बाध्यात्मक खारेजी हुन सक्नेछः

(क) भुक्तानी अवधि पूरा भएको वा तत्काल भुक्तानी दिनु पर्ने निक्षेप वा अन्य आर्थिक दायित्व निर्धारित समयमा भुक्तानी गर्न नसकी बाँकी रहेमा,

(ख) बैंक वा वित्तीय संस्थाको पूँजीकोष राष्ट्र बैंकको निर्देशन अनुकूल नभएमा वा ऋृणात्मक भएमा,

(ग) बैंक वा वित्तीय संस्थाको वित्तीय स्थिति अध्ययन गर्न राष्ट्र बैंकले नियुक्ति गरेको विशेषज्ञले त्यस्तो बैंक वा वित्तीय संस्था खारेजीको लागि सिफारिस गरी सो कुरामा राष्ट्र बैंक सन्तुष्ट भएमा,

(घ) बैंक वा वित्तीय संस्थाको सञ्चालक, उल्लेख्य स्वामित्व भएका शेयरधनी वा पदाधिकारीबाट निक्षेपकर्ताको हक हित तथा वित्तीय प्रणालीको विकासमा बारम्बार अवरोध पुग्ने काम कारबाही गरेको पाइएमा,

(ङ) यस ऐन तथा राष्ट्र बैंकले दिएको निर्देशनको बारम्बार उल्लंघन गरेको पाइएमा,

(च) बैंक वा वित्तीय संस्थाको बाध्यात्मक खारेजी हुने भनी राष्ट्र बैंकले निर्धारण गरेका अन्य अवस्था पाइएमा ।

९२. **राष्ट्र बैंकले खारेजीको लागि अदालतमा निवेदन दिन सक्नेः** (१) राष्ट्र बैंकले यस परिच्छेद बमोजिम कुनै पनि बैंक वा वित्तीय संस्थाको बाध्यात्मक खारेजीको कारवाही शुरु गर्न अदालतमा निवेदन दिन सक्नेछ र त्यस्तो कारवाहीको निवेदनको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै बैंक वा वित्तीय संस्थाको खारेजीको कारवाही प्रारम्भ गर्न दिइएको निवेदनमा राष्ट्र बैंकले देहायका कागजपत्र समावेश गर्नु पर्नेछः-

(क) बैंक वा वित्तीय संस्थाको वाध्यात्मक खारेजी गर्नु पर्ने दफा ९१ बमोजिमको कारण सहितको विवरण,

(ख) बैंक वा वित्तीय संस्थाको आर्थिक विवरणको प्रतिलिपि ।

९३. **वाध्यात्मक खारेजीको आदेशः** (१) दफा ९० वा ९२ बमोजिमको निवेदन अदालत समक्ष प्राप्त हुन आएमा सो उपर अदालतले सुनुवाई गर्दा देहायको अवस्था देखिएमा अदालतले त्यस्तो बैंक वा वित्तीय संस्थाको वाध्यात्मक खारेजीको काम कारवाही प्रारम्भ गर्न आदेश दिन सक्नेछः-

(क) दफा ९४ बमोजिमको कुनै आधार,

(ख) दफा ९५ को उपदफा (२) बमोजिमको कागजात,

(ग) राष्ट्र बैंकले वाध्यात्मक खारेजी गर्न गरेको आधार र कारण सहितको सिफारिस ।

(२) कुनै बैंक वा वित्तीय संस्थाको वाध्यात्मक खारेजी गर्न अदालत समक्ष निवेदन गरेमा त्यस्तो बैंक वा वित्तीय संस्थाको सञ्चालन वा पुनर्संरचना हुने नहुने सम्बन्धमा जाँचबुझ गर्नु पर्ने छैन ।

९४. **स्वतः स्थगन हुनेः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतले कुनै बैंक वा वित्तीय संस्थाका सम्बन्धमा दफा ९३ बमोजिम बाध्यात्मक खारेजीको कारबाही प्रारम्भ गर्ने आदेश दिएकोमा अदालतको अनुमति बिना देहायमा उल्लिखित कुनै काम कारोबार हुन सक्ने छैन र कारोबार भइरहेका तर पूरा भइनसकेको भए त्यस्ता कारबाहीहरु स्वतः स्थगन हुनेछन्:-

(क) बैंक वा वित्तीय संस्थाको शेयर हस्तान्तरण, बेचबिखन वा शेयरधनीको हैसियत परिवर्तन गर्ने,

(ख) बैंक वा वित्तीय संस्थाको कुनै पनि जायजेथा हस्तान्तरण, बेचबिखन गर्ने वा कुनै किसिमले धितो वा बन्धक राख्ने,

(ग) कुनै फैसला वा आदेश अनुसार बैंक वा वित्तीय संस्थाको कुनै जायजेथा जायजात गर्ने वा धितोको सम्पत्ति चलन चलाउने,

(घ) बैंक वा वित्तीय संस्थाले पट्टा (लिज) मा लिएको कुनै सम्पत्ति पट्टा दिने व्यक्तिले फिर्ता लिने वा तत्सम्बन्धमा कुनै कानूनी कारबाही गर्ने,

(ङ) अदालतले बाध्यात्मक खारेजीको कारबाही प्रारम्भ गर्ने आदेश दिँदाका बखत भुक्तानी गर्न बाँकी रहेको वा भुक्तानी योग्य भएको ऋण भुक्तानी गर्न वा सोबापत सुरक्षण दिने, र

(च) बैंक वा वित्तीय संस्थाको कोषको रकम हस्तान्तरण गर्ने वा फिर्ता लैजाने ।

(२) उपदफा (१) बमोजिम कुनै कारोबार स्वतः स्थगन भएको कारणले कुनै व्यक्तिले आफूलाई क्षति पुग्न गएको कारण देखाई अदालतमा निवेदन दिएमा निवेदकको व्यहोरा मनासिब भएको र त्यसबाट बैंक वा वित्तीय संस्था वा त्यसका साहूहरुको हितमा प्रतिकूल असर नपर्ने देखिएमा त्यस्तो कुनै कारोबार गर्न अदालतले आदेश दिन सक्नेछ ।

९५. **लिक्विडेटरको नियुक्तिः** (१) अदालतले दफा ९३ बमोजिम कुनै बैंक वा वित्तीय संस्था वाध्यात्मक खारेजीमा लैजाने काम कारवाही प्रारम्भ गर्न आदेश गरेमा त्यस्तो काम कारबाही सम्पन्न गर्न लिक्विडेटरको नियुक्तिको लागि सिफारिस गर्न राष्ट्र बैंकलाई आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अदालतले आदेश दिएकोमा राष्ट्र बैंकले कम्तिमा तीन व्यक्तिलाई लिक्विडेटरमा नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सिफारिस गरिएका तीन व्यक्तिमध्ये कुनै एक व्यक्तिलाई अदालतले लिक्विडेटरको रुपमा नियुक्ति गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम राष्ट्र बैंकले अदालत समक्ष लिक्विडेटरको सिफारिस गर्दा प्रचलित कानून बमोजिम दामासाही व्यवसायीको कार्य गर्न इजाजतपत्र प्राप्त व्यक्ति मध्येबाट बैंङ्गिग तथा वित्तीय क्षेत्रको अनुभव भएको व्यक्ति सिफारिस गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम लिक्विडेटर नियुक्ति भएपछि त्यस्तो बैंक वा वित्तीय संस्थाको समिति स्वतः विघटन भएको मानिनेछ र लिक्विडेटरले अन्यथा आदेश दिएकोमा बाहेक त्यस्तो बैंक वा वित्तीय संस्थाले नियुक्त गरेका सम्पूर्ण पदाधिकारी तथा कर्मचारीहरुको सेवा स्वतः अन्त्य हुनेछ ।

(६) उपदफा (३) बमोजिम नियुक्ति भएको लिक्विडेटरले राजीनामा दिएमा, निजको मृत्यु भएमा वा निज तोकिएको कार्य सम्पादन गर्न असक्षम भएको कुरा राष्ट्र बैंकलाई लागेमा राष्ट्र बैंकले निजलाई हटाई अर्को लिक्विडटर नियुक्ति गरी पाउन यस दफा बमोजिम अदालत समक्ष निवेदन दिनु पर्नेछ ।

(७) लिक्विडेटरको पारिश्रमिक तथा सेवा सुविधा राष्ट्र बैंकको सिफारिसमा अदालतले निर्धारण गरे बमोजिम हुनेछ

९६. **लिक्विडेटरको काम, कर्तव्य र अधिकारः** (१) राष्ट्र बैंकको निर्देशनको अधीनमा रही लिक्विडेटरको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बैंक वा वित्तीय संस्थाको कार्यालय, खाता बही, लेखा, अभिलेख तथा जायजेथाको जिम्मा लिने,

(ख) बैंक वा वित्तीय संस्था सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ग) बैंक वा वित्तीय संस्थाको तर्फबाट र सोको नाममा गर्नुपर्ने सम्पूर्ण काम र लिखत वा कागजात गर्ने गराउने,

(घ) आफ्नो कार्य सम्पादनमा सहयोग पुऱ्याउनका लागि कर्मचारी नियुक्त गर्ने,

(ङ) बैंक वा वित्तीय संस्थाको सञ्चालन, व्यवस्थापन तथा खारेजीको काम कारवाही गर्न आवश्यक खर्च गर्ने,

(च) बैंक वा वित्तीय संस्थाको शेयरधनी, साधारण सभा, समिति तथा पदाधिकारीले प्रयोग गर्ने सम्पूर्ण अधिकार प्रयोग गर्ने,

(छ) बैंक वा वित्तीय संस्थाको सम्पूर्ण वा आंशिक सम्पत्ति तथा दायित्व राष्ट्र बैंकको स्वीकृति लिई अर्को बैक वा वित्तीय संस्थामा गाभ्ने वा हस्तान्तरण गर्ने,

(ज) बैंक वा वित्तीय संस्थाको व्यवसाय र वित्तीय अवस्थाको जाँचबुझ गर्ने,

(झ) बैंक वा वित्तीय संस्थाको जायजेथा सुरक्षण राखी ऋण प्राप्त गर्ने,

(ञ) कुनै सम्पत्ति बेचबिखन गर्दा वा कुनै करार वा दायित्व अन्त्य गर्दा बैंक वा वित्तीय संस्थालाई फाइदा हुन्छ भन्ने लिक्विडेटरलाई लागेमा त्यस्तो सम्पत्ति बेचबिखन गर्ने वा त्यस्तो करार वा दायित्वको अन्त्य गर्ने,

(ट) आवश्यकता अनुसार आफ्नो काममा सहयोग पुऱ्याउन व्यावसायिक तथा योग्य व्यक्तिको सेवा लिने,

(ठ) बैंक वा वित्तीय संस्थाको कुनै साहू वा ऋणीसँग आवश्यक छलफल र मिलापत्र गर्ने,

(ड) बैंक वा वित्तीय संस्थाको जायजेथा सङ्कलन गर्ने, संरक्षण गर्ने, बिक्री गर्ने र यस ऐनबमोजिम वितरण गर्ने,

(ढ) सञ्चालक, पदाधिकारी, कर्मचारी वा कुनै व्यक्तिले बैंक वा वित्तीय संस्था वा निक्षेपकर्ता वा साहूहरुलाई जालसाजी, ठगी वा झुक्याउने कार्य गरे नगरेको बारेमा जाँचबुझ गर्ने र त्यस्ता व्यक्तिको विरुद्धमा आवश्यक कानूनी कारबाही चलाउने वा बैंक वा वित्तीय संस्थाको तर्फबाट कुनै मुद्दा वा कुनै कानूनी कारबाही चलाउने वा त्यसको प्रतिरक्षा गर्ने,

(ण) बैंक वा वित्तीय संस्था खारेज गर्न आवश्यक अन्य सबै काम कारबाही गर्ने, गराउने,

(त) बैंक वा वित्तीय संस्थाको कुनै सम्पत्ति कसैले प्रयोग गरेको भए सो फिर्ता लिने वा त्यस्तो सम्पत्ति वा बदर भएको कारोबारबाट रकम फिर्ता लिन कानूनी कारबाही चलाउने,

(थ) प्रत्येक तीन महिनामा राष्ट्र बैंकले निर्धारण गरेको ढाँचामा खारेजीका सम्बन्धमा भएको काम कारबाहीको प्रतिवेदन तयार गरी अदालत र राष्ट्र बैंकमा पेश गर्ने,

(द) राष्ट्र बैंकले तोकेका अन्य कार्य गर्ने ।

(२) लिक्विडेटरले यस परिच्छेदबमोजिम कुनै अधिकार प्रयोग गर्दा वा कर्तव्य पालना गर्दा बाधा अड्काउ परेमा सोको फुकुवाको लागि निजले अदालतमा निवेदन दिन सक्नेछ र त्यसरी निवेदन पर्न आएमा अदालतले मनासिब ठहऱ्याएमा बाधा अड्काउ फुकाई दिन सक्नेछ ।

९७. <u>सूचना प्रकाशनः</u> (१) अदालतले बैंक वा वित्तीय संस्थाको बाध्यात्मक खारेजीको काम कारवाही प्रारम्भ गर्ने आदेश दिई लिक्विडेटर नियुक्ति गरेमा लिक्विडेटरले देहाय बमोजिमको काम कारबाही गर्नु पर्नेछः-

(क) नियुक्ति भएको पन्ध्र दिन भित्र बैंक वा वित्तीय संस्थाका शेयरधनीहरु तथा सम्बन्धित व्यक्तिहरुको जानकारीका लागि नेपालको राष्ट्रिय स्तरको कुनै नेपाली र अंग्रेजी भाषाको दैनिक पत्रिकामा प्रकाशन गर्ने,

(ख) नियुक्ति भएको पन्ध्र दिन भित्र वाध्यात्मक खारेजी सम्वन्धी आदेशको प्रमाणित प्रति संलग्न गरी जानकारीको लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउने,

(ग) बैंक वा वित्तीय संस्थाको कारोबार हुने मुख्य स्थान तथा सोको प्रत्येक कार्यालयमा सबैले देख्ने ठाउँमा त्यस्तो आदेशको सूचना टाँस गर्ने गराउने,

(घ) नियुक्ति भएपछि प्रत्येक साता कम्तिमा एकपटकका दरले चार सातासम्म राष्ट्रियस्तरमा प्रशारण हुने एक टेलिभिजन तथा एक रेडियोमा सो को सूचना प्रसारण गर्ने,

(ङ) राष्ट्र बैंकले तोकेका अन्य कार्य गर्ने ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम सूचना प्राप्त गरेपछि कम्पनी रजिष्ट्रारले त्यस्तो बैंक वा वित्तीय संस्थासँग सम्बन्धित दर्ता किताबमा वाध्यात्मक खारेजीको कार्य प्रारम्भ गर्ने आदेश भएको व्यहोरा जनाउनु पर्नेछ ।

९८. **खारेजी प्रक्रियामा शेयरधनीहरुको प्रतिनिधिः** अदालतले कुनै बैंक वा वित्तीय संस्थाको वाध्यात्मक खारेजीको काम कारवाही प्रारम्भ गर्न आदेश दिएमा देहायको कुनै व्यक्तिले बैंक वा वित्तीय संस्थाको शेयरधनीको प्रतिनिधिको हैसियतले कार्य गर्न सक्नेछः-

(क) बैंक वा वित्तीय संस्थाको बहुमत शेयरधनीहरुले तोकेको प्रतिनिधि,

(ख) नेपाल सरकारको लगानी रहेको बैंक वा वित्तीय संस्थाको हकमा नेपाल सरकार वा सोको प्रतिनिधि र अन्य शेयरधनीहरुको लगानी रहेकोमा खण्ड (क) बमोजिम नियुक्त प्रतिनिधि,

(ग) विदेशी बैंक वा वित्तीय संस्था वा सोको शाखाको हकमा त्यस्तो बैंक वा वित्तीय संस्थाको कार्यकारी प्रमुख वा निजको प्रतिनिधि ।

९९. **खारेजी सम्बन्धी आदेशको प्रभावः** (१) बैंक वा वित्तीय संस्थाको बाध्यात्मक खारेजी सम्बन्धी काम कारवाही अदालतले आदेश दिएको मितिदेखि प्रारम्भ भएको मानिनेछ ।

(२) कुनै बैंक वा वित्तीय संस्थाको बाध्यात्मक खारेजी सम्बन्धी काम कारबाही प्रारम्भ गर्न अदालतले आदेश गरेकोमा त्यस्तो आदेशबाट देहायका बिषयमा देहाय बमोजिम हुनेछः-

(क) बैंक वा वित्तीय संस्थाको कुनै दावी वा अधिकारको सम्बन्धमा कुनै हदम्याद समाप्त भएकोमा त्यस्तो बैंक वा वित्तीय संस्थाको खारेजी सम्बन्धी कारवाही प्रारम्भ गर्न अदालतबाट आदेश भएको मितिले छ महिनासम्म त्यस्तो दावी वा अधिकारको हद म्याद स्वतः विस्तार हुनेछ ।

(ख) खण्ड (ग) मा उल्लिखित अवस्थामा बाहेक बैंक वा वित्तीय संस्थाको सम्पत्ति वा जायजेथा कुनै पनि किसिमले रोक्का रहेको वा बैंक वा वित्तीय संस्थाले लिएको कर्जा वापत धितो रहेको भए सो स्वतः फुकुवा हुनेछ ।

(ग) बैंक वा वित्तीय संस्थाको निक्षेप लिने तथा कर्जा दिने काम कारबाही स्वतः बन्द हुनेछ ।

(घ) बैंक वा वित्तीय संस्थाका विरुद्धमा कुनै अदालतमा रहेको अदालती कारवाहीहरु स्वतः स्थगित हुनेछ र अदालतले अन्यथा आदेश गरेकोमा वाहेक त्यस्तो बैंक वा वित्तीय संस्था विरुद्धको अदालती कारवाही जगाउन सकिने छैन ।

तर त्यस्तो बैंक वा वित्तीय संस्थाका सम्बन्धमा सर्बोच्च अदालतमा कुनै मुद्दा विचाराधीन रहेको भएमा वा सर्बोच्च अदालतबाट आवश्यक निकाशा लिन जरुरी भएमा राष्ट्र बैंकले सो अदालत समक्ष निवेदन दिनु पर्नेछ ।

(ङ) बैंक वा वित्तीय संस्थाको दायित्वमा ब्याज वा अन्य कुनै किसिमको थप दस्तुर लाग्ने छैन ।

(च) राष्ट्र बैंकको पूर्व स्वीकृतिले वाहेक त्यस्तो बैंक वा वित्तीय संस्थाको शेयर हस्तान्तरण, धितोबन्धक वा दाखिल खारेज हुन सक्ने छैन ।

(३) अदालतले बाध्यात्मक खारेजीको काम प्रारम्भ गर्न आदेश दिएको मितिले छ महिना अघि गरिएको कुनै पनि काम कारवाहीले त्यस्तो बैंक वा वित्तीय संस्थाको निक्षेपकर्ता र साहूहरुको हितलाई क्षति वा हानी नोक्सानी पुऱ्याउने कुराको कुनै किसिमबाट लिक्विडेटरलाई जानकारी हुन आएमा लिक्विडेटरले सो कुराको निवेदन अदालत समक्ष पेश गरी सोको जानकारी राष्ट्र बैंक समेतलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम लिक्विडेटरको पेश गरेको निवेदनमा अदालतले देहाय बमोजिमको कुनै काम कारवाही भएको देखेमा त्यस्तो कामकारवाही अमान्य र बदर भएको घोषणा गर्न सक्नेछः-

(क) उपहार प्रदान गर्ने निर्णय गरिएको भएमा,

(ख) निक्षेपकर्ता वा साहूहरूको हक हितलाई हानी नोक्सानी पुऱ्याउने कार्य गरिएको भएमा,

(ग) कर्जा चुक्ता गर्नु पर्ने मितिभन्दा अगाडि नै गरिएको भुक्तानी वा हस्तान्तरण वा कर्जाको म्याद भुक्तान हुनु अघि नै धितोको फुकुवा, हस्तान्तरण वा दाखेल खारेज भएमा,

(घ) कुनै काम कारोबारको सिलसिलामा बैंक वा वित्तीय संस्थालाई सामान्य वा प्रचलनमा रहेको भन्दा थप दायित्व पार्ने गरी भएको पाइएमा,

(ङ) यस ऐन बमोजिम गर्न पाउने नियमित बैंकिङ्ग तथा वित्तीय कारवाही भन्दा फरक व्यवस्था गरी कुनै सम्झौता वा कारोवार भएको पाइएमा,

(च) सम्बद्ध व्यक्तिलाई रोजगारी दिने गरी करार गरिएको भएमा ।

(५) कुनै बैंक वा वित्तीय संस्था बाध्यात्मक खारेजीमा परेको भए देहायका कारोबारहरु बदर हुनेछन्ः-

(क) बाध्यात्मक खारेजी सम्बन्धी कारबाही प्रारम्भ हुनुभन्दा छ महीना पहिले वा सो कारबाही प्रारम्भ भएको छ महिनाको अवधिभित्र गरिएका अग्राधिकारयुक्त कारोबारहरु,

(ख) बाध्यात्मक खारेजी सम्बन्धी कारबाही प्रारम्भ हुनुभन्दा एक वर्ष पहिले वा सो कारबाही प्रारम्भ भएको एक वर्षको अवधिभित्र सम्बद्ध व्यक्तिसँग भएका अग्राधिकारयुक्त कारोबारहरु,

(ग) बाध्यात्मक खारेजी सम्बन्धी कारबाही प्रारम्भ हुनुभन्दा एक वर्ष पहिले वा सो कारबाही प्रारम्भ भएको एक वर्षको अवधिभित्र कम मूल्य राखी कुनै कारोबार भई सोको परिणामस्वरुप बैंक वा वित्तीय संस्था बाध्यात्मक खारेजीमा परेमा वा बैंक वा वित्तीय संस्था बाध्यात्मक खारेजी सम्बन्धी कारबाही शुरु भएपछि कम मूल्य राखी भए गरेका अन्य कारोबार,

(घ) बाध्यात्मक खारेजी सम्बन्धी कारबाही प्रारम्भ गर्नुभन्दा दुई वर्ष पहिले वा सो कारबाही प्रारम्भ भएको दुई वर्षको अवधिभित्र भए गरेका जालसाजपूर्ण कारोबारहरु,

(६) उपदफा (५) बमोजिमका कारोबारलाई बदर गराउन लिक्विडेटरले अदालतमा निवेदन दिनु पर्नेछ ।

(७) कुनै कारोबार बदर हुने भएको कुरामा अदालत सन्तुष्ट भएमा अदालतले देहायको आदेश जारी गर्न सक्नेछ :-

(क) बैंक वा वित्तीय संस्थाले त्यस्तो कारोबारका सम्बन्धमा भुक्तानी गरेको सम्पूर्ण वा केही रकम लिक्विडेटरलाई भुक्तानी गर्न सम्बन्धित व्यक्तिलाई आदेश दिने,

(ख) त्यसरी कारोबार भएको जायजेथा वा सो बराबरको मूल्य लिक्विडेटरलाई बुझाउन सम्बन्धित व्यक्तिलाई आदेश दिने,

(ग) त्यस्तो कारोबारको माध्यमबाट बैंक वा वित्तीय संस्थाले लिएको ऋण, सो ऋणको लागि बैंक वा वित्तीय संस्थाले दिएको सुरक्षण वा जमानत पूरै वा आंशिकरुपमा छूट वा मुक्त गर्ने आदेश दिने,

(घ) बदर हुने कारोबारको फलस्वरुप बैंक वा वित्तीय संस्था र अर्को व्यक्तिबीच भएको माफी, संुपूवा वा सम्झौता बदर हुने, प्रभावहीन हुने वा कार्यान्वयन हुन नसक्ने आदेश दिने,

(ङ) यस उपदफा बमोजिमको आदेश कार्यान्वयन गर्न अन्य कुनै थप आदेश दिनु पर्ने भएमा अदालतले त्यस्तो आदेश समेत दिने ।

(८) यस दफा बमोजिम काम कारबाही कुनै सञ्चालक, पदाधिकारी, कर्मचारी वा अन्य व्यक्तिले गरेको पाईएमा सो वापत बैंक वा वित्तीय संस्थालाई पुग्न गएको हानी नोक्सानी निजहरुले व्यक्तिगत रुपमा तिर्नु बुझाउनु पर्नेछ ।

१००. **सम्पत्ति तथा दायित्वको लगत:** (१) लिक्विडेटरले बैंक वा वित्तीय संस्थाको बाध्यात्मक खारेजी सम्बन्धी काम कारवाही प्रारम्भ गर्न अदालतले आदेश दिएको बैंक वा वित्तीय संस्थाको सम्पत्ति, दायित्व वा सम्भाव्य दायित्वको अविलम्ब लगत तयार गरी एक प्रति राष्ट्र बैंक समक्ष बुझाई एक प्रति सम्बन्धित बैंक वा वित्तीय संस्थामा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको लगतमा देहाय बमोजिमको विवरण समावेश गर्नु पर्नेछः:-

(क) बैंक वा वित्तीय संस्थाको निक्षेपकर्ता तथा साहूहरु प्रतिको दायित्व,

(ख) बैंक वा वित्तीय संस्थाको सम्पूर्ण सम्पत्ति तथा सबै प्रकारका दायित्वको विवरण र सोको अनुमानित मूल्य,

(ग) बैंक वा वित्तीय संस्थाले सेवा प्राप्त गर्न गरेको करार,

(घ) वाध्यात्मक खारेजीको प्रक्रियामा जाने आदेश हुनु भन्दा छ महिना अघिको अवधिमा बैंक वा वित्तीय संस्थाले गरेको महत्वपूर्ण कारोवार,

(३) उपदफा (१) बमोजिमको लगतलाई त्रैमासिक रूपमा अद्यावधिक गर्नु पर्नेछ र साहूहरुले निरीक्षण गर्न चाहेको बखत उपलब्ध गराउनु पर्नेछ ।

१०१. **चालू कारोबार अन्त्य गर्नेः** (१) बैंक वा वित्तीय संस्थाका बाध्यात्मक खारेजीको काम कारबाही प्रारम्भ गर्न अदालतले आदेश दिएको मितिले छ महिना भित्र लिक्विडेटरले त्यस्तो बैंक वा वित्तीय संस्थाको निम्न कारोबार अन्त्य गर्न सक्नेछ :-

(क) बैंक वा वित्तीय संस्थाले गरेको रोजगारी सम्वन्धी कुनै करार,

(ख) बैंक वा वित्तीय संस्था पक्ष भएको कुनै पनि सेवा वापत गरिएको करार,

(ग) बैंक वा वित्तीय संस्थाले संरक्षक (ट्रष्टी) को हैसियतमा गर्दै आएका सम्पूर्ण कार्य तथा करार,

(घ) आवश्यकता र परिस्थिति बमोजिम बैंक वा वित्तीय संस्थाका कुनै पनि नियमित काम कारवाही, शाखा तथा व्यवसाय,

(ङ) कुनै सीमा बिना बैंक वा वित्तीय संस्थाले दायित्व वहन गर्नु पर्ने भनी भए गरेका कुनै पनि दायित्व,

(च) राष्ट्र बैंकले तोकेका अन्य काम कारबाही ।

(२) उपदफा (१) बमोजिम अन्त्य भएका कुनै पनि काम कारबाही वापत त्यस्तो काम कारबाही अन्त्य गरिएको दिन सम्मको बैंक वा वित्तीय संस्थाले तिर्नु बुझाउनु वा वहन गर्नु पर्ने दायित्व वाहेक अन्य कुनै पनि किसिमको थप रकम तथा क्षतिपूर्ति दावी गर्न पाइने छैन ।

१०२. **दावी पेश गर्ने सूचना:** बाध्यात्मक खारेजीको काम कारबाही प्रारम्भ गर्न अदालतले आदेश दिएको बैंक वा वित्तीय संस्थाको बाध्यात्मक खारेजी प्रक्रियालाई अघि बढाउन अदालतले आदेश दिएपछि राष्ट्र बैंकले तोकेको समय भित्र लिक्विडेटरले त्यस्तो बैंक वा वित्तीय संस्थामा कुनै पनि किसिमको दावी हुने व्यक्तिले यस दफा बमोजिम अन्तिम सूचना प्रकाशन वा प्रसारण भएको मितिले एक महिना भित्र आफ्नो दावी तथा आफूले पाउन सक्ने रकम बुझ्ने माध्यम उल्लेख गरी विवरण पेश गर्न देहाय बमोजिम सूचना प्रकाशन गर्नु पर्नेछ:-

(क) नेपालको राष्ट्रिय स्तरको कुनै नेपाली र अंग्रेजी भाषाको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने,

(ख) बैंक वा वित्तीय संस्थाको कारोबार हुने मुख्य स्थान तथा सोको प्रत्येक कार्यालयमा सबैले देख्ने ठाउँमा सूचना टाँस गर्ने गराउने ।

१०३. **लिक्विडेटरले दावी स्वीकार वा अस्वीकार गर्नसक्ने:** (१) दफा १०२ बमोजिम दावी परेको नव्वे दिन भित्र सो उपर आवश्यक जाँचबुझ गरी लिक्विडेटरले प्राप्त प्रमाणको आधारमा सो दावी पूर्ण वा आंशिक रुपमा स्वीकार वा अस्वीकार गरी सोको जानकारी दावीकर्तालाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आफ्नो दावी आंशिक स्वीकृत वा अस्विकृत भएका दावीकर्ताले सो को सार्वजनिक सूचना प्रकाशन भएको पन्ध्र दिन भित्र आफ्नो थप प्रमाण भए सो समेत समावेश गरी दावी पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको दावीलाई लिक्विडेटरले आंशिक वा पूर्ण रूपमा अस्वीकृत गर्ने गरी गरेको निर्णयमा चित्त नबुझेमा सोको सार्वजनिक सूचना प्रकाशन भएको पन्ध्र दिन भित्र लिक्विडेटरले पठाएको निर्णय प्राप्त गरेको मितिले एक्काइस दिनभित्र दावीकर्ताले अदालतमा पुनरावेदन दिन सक्नेछ ।

१०४. **दावीको वर्गीकरण:** (१) दफा १०३ बमोजिम स्वीकृत, आंशिक रुपमा स्वीकृत वा अस्विकृत दावीलाई सोही बमोजिम छुट्टाछुट्टै शिर्षकमा छुट्याई राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आंशिक रूपमा स्वकिृत दावीलाई स्वीकृत भएजती स्वीकृत र बाँकीलाई अस्वीकृत दावीको सूचिमा समावेश गर्नु पर्नेछ ।

(३) दावीको सूची तयार गर्दा त्यस्तो सूचीमा दावीकर्ताको नाम, ठेगाना, भुक्तानी हुने स्थान, मिति, रकम तथा दावी सुरक्षित गर्ने धितो भए नभएको विवरण समेत प्रष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

(४) कुनै दावीको बारेमा विवाद रही सोको निर्णय नभएसम्म त्यस्तो दावीलाई विवादित दावीको सूचीमा राख्नु पर्नेछ र स्वीकृत र मूल्य निश्चित नभएका दावीलाई लिक्विडेटरले आफूले तोकेको सूची अन्तर्गत सूचीकृत गर्नु पर्नेछ ।

(५) सुरक्षित साहूहरुको दावीको छुट्टै वर्गिकरण गर्नु पर्नेछ ।

(६) स्वीकृत दावीलाई यस ऐन बमोजिमको भुक्तानीको प्राथमिकता क्रममा रहने गरी सूचीकृत गर्नु पर्नेछ ।

१०५. **साहूहरुको सभाः** (१) बाध्यात्मक खारेजीको काम कारबाही प्रारम्भ भएको बैंक वा वित्तीय संस्थाका साहूहरुले आपसी छलफल र सहमतीका लागि साहूहरुको सभा गठन गर्न सक्नेछन् ।

(२) राष्ट्र बैंकले तोकिदिएको शर्त तथा दिएको निर्देशनको अधीनमा रही बाध्यात्मक खारेजीको प्रक्रियामा गएको बैंक वा वित्तीय संस्थाको लिक्विडेटरले त्यस्तो बैंक वा वित्तीय संस्थाको साहू र ऋणीहरुसंग आवश्यकता अनुसार वार्ता गरी सहमति कायम गर्न सक्नेछ ।

१०६. **खारेजी योजनाः** (१) दफा १०४ बमोजिम दावीको वर्गीकरण गर्ने कार्य समाप्त भएपछि सो को तीस दिन भित्र लिक्विडेटरले सो बैंक वा वित्तीय संस्थाको खारेजी प्रक्रियाको विस्तृत योजना तयार पारी स्वीकृतिका लागि अदालत समक्ष पेश गरी सोको जानकारी राष्ट्र बैंकलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गरिने खारेजी योजनामा देहायका विषयहरू समावेश गर्नु पर्नेछः-

(क) बैंक वा वित्तीय संस्थाको सम्पत्ति वा दायित्वको विस्तृत विवरण, सोको प्रकृति र परिणाम,

(ख) बैंक वा वित्तीय संस्थाको विगत र प्रक्षेपित आय तथा व्ययको विवरण,

(ग) बैंक वा वित्तीय संस्थाको वर्तमान आर्थिक कारोवार जारी राख्ने वा रद्द गर्ने सम्बन्धी विस्तृत विवरण,

(घ) गलत काम कारबाही सम्बन्धमा अदालतबाट भएको निर्णय वा आदेश,

(ङ) बैंक वा वित्तीय संस्थाको सञ्चालक, पदाधिकारी वा कर्मचारीले गरेको कसूर वा अन्य गैरकानूनी काम कारवाही वापत क्षतिपूर्ति माग गर्न गरिएको कारवाहीको विवरण,

(च) दावी वर्गीकरण तथा भुक्तानी प्राथमिकता सहितको विस्तृत विवरण,

(छ) बैंक वा वित्तीय संस्थाको मुख्य सम्पत्ति वा सम्पत्तिहरुको समूहको बिक्री तथा तरलता सम्बन्धी योजना,

(ज) बैंक वा वित्तीय संस्थाको दायित्व तथा आगामी नब्बे दिन भित्र निक्षेपकर्ता र साहूहरुलाई तिर्नुपर्ने सम्भाव्य भुक्तानी विवरण तालिका,

(झ) वाध्यात्मक खारेजीको लागत तथा खर्च,

(ञ) राष्ट्र बैंकले तोकेका अन्य विवरण ।

(३) खारेजी योजनालाई त्रैमासिक रूपमा अद्यावधिक गर्नु पर्नेछ ।

(४) खारेजी योजनालाई अदालतले स्वीकृत गरेपछि सो योजनामा दावी उल्लेख भएको बैंक वा वित्तीय संस्थाका साहूहरूलाई निरीक्षणको लागि उपलब्ध गराउनु पर्नेछ ।

(५) वाध्यात्मक खारेजीमा गएको बैंक वा वित्तीय संस्थालाई पूर्ण वा आंशिक रूपमा लगानी गरी पुनः पूँजीकृत गरिने छैन ।

१०७. **निक्षेपकर्तालाई तत्काल पेश्की दिन सकिने**: यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वाध्यात्मक खारेजीको प्रक्रियामा गएको बैंक वा वित्तीय संस्थाको निक्षेपकर्ताहरुलाई निक्षेप वितरणको समयमा हिसाब मिलान हुने गरी पेश्कीको रुपमा प्रति खाता बढीमा एक लाख रुपैंयाँसम्म वितरण गर्न सकिनेछ । यसरी दिएको पेश्की दफा १११० बमोजिम भुक्तानी गर्दाका बखत समायोजन गरिनेछ ।

१०८. **सम्पत्ति बिक्री गर्ने अधिकार**: राष्ट्र बैंकले दिएको निर्देशनको अधिनमा रही बाध्यात्मक खारेजी प्रक्रियामा गएको बैंक वा वित्तीय संस्थाको साहूको स्वीकृत दावीको सुरक्षण वापत दिइएको सम्पत्ति लगायत त्यस्तो बैंक वा वित्तीय संस्थाको अन्य सम्पूर्ण सम्पत्तिलाई लिक्विडेटरले देहाय बमोजिम लिलाम बिक्री गर्न गराउन सक्नेछः-

(क) बजारमा सजिलैसँग बिक्री गर्न सकिने धितोपत्र, विदेशी मुद्रा वा बजारमा तुरुन्तै बिक्री हुनसक्ने सम्पत्तिलाई लिक्विडेटरले कारोवार हुने स्थानमा,

(ख) साहूको कर्जा सुरक्षण वापत दिएको बजारमा सजिलै विक्री हुने धितोपत्र, विदेशी मुद्रा वा अन्य सम्पत्ति धितो लिने साहूहरु स्वयंले विक्री गर्न,

(ग) सम्पत्ति लिलाम बिक्री गर्दा मनासिव मूल्य प्राप्त हुदैन भन्ने लिक्विडेटरलाई लागेमा अन्य कुनै पनि तवरबाट बिक्री गर्न,

(घ) राष्ट्र बैंकले तोकेबमोजिम अन्य व्यवस्था गर्न ।

१०९. **दावी फर्छ्यौटको सूचना**: लिक्विडेटरले दफा १०६ को खारेजी योजना बमोजिम दावी फरछ्यौट गर्न दावीको प्रकृति, परिमाण र भुक्तानी प्राथमिकता समेत खुलाई सार्वजनिक सूचना प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ ।

११०. **भुक्तानीको प्राथमिकता**: (१) सुरक्षित साहूहरुको सुरक्षण वापत राखिएको सम्पत्ति बाहेक बाध्यात्मक खारेजीमा गएको बैंक वा वित्तीय संस्थाले देहायको प्राथमिकता क्रमानुसार आफनो दायित्व भुक्तानी गर्नु पर्नेछः:-

(क) वाध्यात्मक खारेजीको लागि भएको खर्च,

(ख) मुद्दति, बचत, चल्ती वा अन्य निक्षेप खातामा रहेको रकम,

(ग) बैंक वा वित्तीय संस्थाका कर्मचारीहरुलाई दिनु पर्ने तलवभत्ता तथा अन्य दायित्व वापतको रकम,

(घ) नेपाल सरकार, स्थानीय निकाय वा राष्ट्र बैंकलाई तिर्नु बुझाउनु पर्ने रकम,

(ङ) अन्य बैंक वा वित्तीय संस्थालाई तिर्न बाँकी शुल्क वा मूल्यांकन वापत तिर्नुपर्ने रकम,

(च) अन्य साहू वा अन्य दावी वापतको रकम,

(छ) प्रचलित कानून बमोजिम शेयरधनीहरु ।

(२) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १०८ बमोजिम बिक्री वितरण गर्दा बिक्री वितरण नभएको कुनै सम्पत्ति कुनै साहूले बैंक वा वित्तीय संस्थाबाट आफूले पाउन सक्ने रकम वापत बुझ्न मन्जुर गरी निवेदन दिएमा त्यस्तो सम्पत्तिको मूल्य राष्ट्र बैंकले निर्धारण गरीदिएको मापदण्डको अधीनमा कायम गरी लिक्विडेटरले त्यस्तो साहूलाई सो सम्पत्ति हस्तान्तरण गर्न सक्नेछ ।

(३) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सुरक्षित साहूहरुको सुरक्षण वापत कुनै सम्पत्ति राखिएको भए त्यस्तो सम्पत्ति निजहरुको दायित्व पूरा गर्न मात्र प्रयोग गरिनेछ ।

१११. **बुझ्न नआएको वस्तु वा रकम:** (१) दावी वा दायित्वको विवरण अनुसार आफनो रकम वा वस्तु फिर्ता लिन यस परच्छेद बमोजिम सूचना दिइएकोमा त्यस्तो रकम वा वस्तु फिर्ता लिन सम्बन्धित व्यक्ति तोकिएको समयमा लिन नआएमा त्यस्तो वस्तु वा रकम राष्ट्र बैंकले निर्देशन दिए बमोजिम लिक्विडेटरले व्यवस्थापन गर्नु पर्नेछ ।

११२. **इजाजतपत्र रद्ध:** (१) बाध्यात्मक खारेजीमा गएको बैंक वा वित्तीय संस्थाको सम्पूर्ण सम्पत्ति यस ऐन बमोजिम भुक्तानी, वितरण वा व्यवस्थापन गरिसकेपछि लिक्विडेटरले सो बैंक वा वित्तीय संस्थाको अन्तिम वासलात र नाफा-नोक्सान हिसाव सहित लेखापरीक्षण प्रतिवेदन तथा खारेजी प्रतिवेदन राष्ट्र बैंकमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण राष्ट्र बैंकले आवश्यक जाँचबुझ गरी स्वीकृत गरेमा सो को व्योहोरा जनाई राष्ट्र बैंकले त्यस्तो बैंक वा वित्तीय संस्थाको इजाजतपत्र रद्द गर्नेछ र इजाजतपत्र रद्द गरेको सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(३) राष्ट्र बैंकबाट उपदफा (१) बमोजिमको विवरण स्वीकृत तथा उपदफा (२) बमोजिम इजाजतपत्र रद्द गरेपछि सो बैंक वा वित्तीय संस्थाको वाध्यात्मक खारेजी गर्न अदालत समक्ष निवेदन दिन राष्ट्र बैंकले लिक्विडेटरलाई स्वीकृति दिनु पर्नेछ ।

११३. **खारेजीको निवेदन दिने:** (१) दफा ११२ बमोजिम इजाजतपत्र रद्द भएको बैंक वा वित्तीय संस्थाको लिक्विडेटरले सोही दफा बमोजिमका प्रमाण सहित त्यस्तो बैंक वा वित्तीय संस्थाको खारेजीको लागि अदालत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लिक्विडेटरले अदालत समक्ष निवेदन गरेमा सो उपर अदालतले आवश्यक जाँचबुझ गरी त्यस्तो बैंक वा वित्तीय संस्था वाध्यात्मक खारेजीमा गएको निर्णय दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अदालतले दिएको निर्णय लिक्विडेटरले नेपाली वा अंग्रेजी भाषाका एक एकवटा राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तिमा एक एक पटक प्रकाशन गर्नु पर्नेछ र यसरी प्रकाशन गर्दा अदालतबाट भएको आदेश तथा खारेजी प्रतिवेदनको मुख्य कुरा समेत उल्लेख गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचना प्रकाशित भएपछि लिक्विडेटरले सो बैंक वा वित्तीय संस्थाको नाम कम्पनी दर्ताको सूचीबाट हटाउन कम्पनी रजिष्ट्रारलाई अनुरोध गर्नेछ र सोही बमोजिम कम्पनी रजिष्ट्रारले उक्त बैंक वा वित्तीय संस्थाको नाम कम्पनीको दर्ता किताबबाट हटाइएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशित गरी खारेजीमा गएको बैंक वा वित्तीय संस्थाको नाम हटाइएपछि उक्त बैंक वा वित्तीय संस्थाको वाध्यात्मक खारेजीको काम कारवाही अन्त्य हुनेछ र त्यस्तो बैंक, वित्तीय संस्था विधिवत विघटन भएको मानिनेछ ।

(६) बैंक वा वित्तीय संस्थाको वाध्यात्मक खारेजीले सो बैंक वा वित्तीय संस्थाको कुनै सञ्चालक, कार्यकारी प्रमुख, पदाधिकारी, कर्मचारी, सोको शेयरधनी वा अन्य व्यक्तिको यस ऐन वा प्रचलित कानून बमोजिमको कुनै दायित्व भए त्यस्तो दायित्व कायम नै रहनेछ ।

११४. **एक भन्दा बढी मुलुकमा काम कारोबार गर्ने बैंक वा वित्तीय संस्थाको वाध्यात्मक खारेजी:** एक भन्दा बढी मुलुकमा काम कारोबार गर्ने बैंक वा वित्तीय संस्थाको शाखाको वाध्यात्मक खारेजीको प्रक्रिया राष्ट्र बैंकले अन्तर्राष्ट्रिय प्रचलनलाई मध्यनजर राखी तय गरे बमोजिम हुनेछ ।

तर एक भन्दा बढी मुलुकमा काम कारोबार गर्ने बैंक वा वित्तीय संस्थाको सहायक कम्पनीको रुपमा काम गर्ने बैंक वा वित्तीय संस्थाको वाध्यात्मक खारेजी यसै परिच्छेद बमोजिम हुनेछ ।

११५. **<u>दावी नलाग्ने</u>**: दफा १०२ बमोजिम आफ्नो दावी पेश गर्न सूचना गर्दा तोकिएको समय भित्र दावी पेश नगर्ने साहू तथा अन्य व्यक्तिले सो पछि कुनै दावी पेश गर्न पाउने छैन ।

तर निक्षेपकर्ताको खातामा रहेको रकम उपर दावी नपरेको कारणले निजको हकमा कुनै असर पर्ने छैन ।

११६. **<u>राष्ट्र बैंकले फरफारकको काम गर्न सक्ने</u>** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि राष्ट्र बैंकले देहायको कुनै अवस्थामा कुनै पनि बैंक वा वित्तीय संस्थालाई राष्ट्र बैंक ऐन बमोजिम आफ्नो नियन्त्रणमा लिई फरफारकको कार्य अगाडि वढाउन सक्नेछ :-

(क) बैंक वा वित्तीय संस्थाले आफ्नो दायित्व भुक्तानी गर्न नसकेमा,

(ख) सुपरिवेक्षकीय विश्लेषणका आधारमा आफ्नो दायित्व भुक्तानी गर्न नसकेमा, भुक्तानी गर्नु पर्ने दायित्वहरु पूरा गर्न नसक्ने अवस्थामा

(ग) बैंक वा वित्तीय संस्थाको खुद सम्पत्ति भन्दा दायित्व बढी भएमा,

(घ) राष्ट्र बैंकले तोकेका सबै प्रकारका पूँजी तथा कोषहरुले समेत खाम्न नसक्ने गरी बैंक वा वित्तीय संस्था घाटामा गएमा,

(ङ) राष्ट्र बैंक ऐन बमोजिम राष्ट्र बैंकले निर्णय गरेमा ।

(२) राष्ट्र बैंकले फरफारकको कार्य गर्दा राष्ट्र बैंक ऐन लागू हुनेछ । दामासाही ऐन, २०६३ र अन्य प्रचलित कानूनमा रहेका दामासाही वा खारेजी सम्बन्धी कुनै पनि व्यवस्थाहरु फरफारकका सम्बन्धमा लागू हुने छैन ।

## परिच्छेद १२

## नियमनको कारबाही, नियन्त्रण, कसूर तथा दण्ड सजाय सम्बन्धी व्यवस्था

११७. **नियमनको कारबाही**: (१) बैंक वा वित्तीय संस्थाले राष्ट्र बैंक ऐन, यस ऐन वा सो अन्तर्गत जारी गरिएको नियम, विनियम, निर्देशन वा आदेशको उल्लंघन गरेको पाएमा त्यस्तो बैंक तथा वित्तीय संस्थालाई उल्लंघनको प्रकृति र गाम्भीर्य हेरी राष्ट्र बैंकले देहाय बमोजिमको कुनै एक वा एक भन्दा बढी कारबाही गर्न सक्नेछः-

(क) बैंक वा वित्तीय संस्थाले आफ्नो शेयरधनीलाई दिने लाभांशको वितरण वा बोनस शेयर जारी गर्न वा दुवै कार्य गर्नमा प्रतिबन्ध लगाउने,

(ख) बैंक वा वित्तीय संस्थाले स्वीकार गर्न सक्ने निक्षेप वा दिन सक्ने कर्जा वा दुवै कार्य गर्नमा सीमा तोक्ने वा प्रतिबन्ध लगाउने,

(ग) बैंक वा वित्तीय संस्थाको कारोबारमा आंशिक वा पूर्ण प्रतिबन्ध लगाउने ।

(२) राष्ट्र बैंक ऐन, यस ऐन वा सो अन्तर्गत जारी गरेको नियम, विनियम, निर्देशन वा आदेश बमोजिम दिनु पर्ने जानकारी नदिने वा पेश गर्नु पर्ने कागजात तथा विवरण तोकिएको समय भित्र पेश नगर्ने वा अनुगमन, निरीक्षण वा सुपरीवेक्षण गर्दा राष्ट्र बैक वा सो कार्यका लागि राष्ट्र बैंकबाट खटिएको कुनै अधिकारीले माग गरेको कागजपत्र, विवरण, तथ्यांक वा अभिलेख तोकेको अवधिभित्र उपलब्ध नगराउने बैंक वा वित्तीय संस्थालाई राष्ट्र बैंकले देहाय बमोजिम जरिवाना गर्न सक्नेछः-

(क) म्याद नाघेको एक हप्तासम्म दैनिक एकलाख रुपैयाँ,

(ख) म्याद नाघेको दुई हप्तासम्म दैनिक एकलाख पच्चीस हजार रुपैयाँ,

(ग) खण्ड (ख) को अवधि नाघेपछि जहिले सुकै भएपनि दैनिक एकलाख पचास हजार रुपैयाँ ।

(३) राष्ट्र बैंकले देहायका अवस्थामा बैंक वा वित्तीय संस्थालाई दिएको बैंकिङ्ग तथा वित्तीय कारोबार गर्ने इजाजतपत्र निलम्वन वा रद्द गर्न सक्नेछः-

(क) बैंकिङ्ग तथा वित्तीय कारोबार गर्ने इजाजतपत्र प्राप्त गरेको मितिले छ महिनाभित्र बैंकिङ्ग तथा वित्तीय कारोबार सुरु नगरेमा,

(ख) राष्ट्र बैंकको स्वीकृति नलिई बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न बन्द गरेमा,

(ग) निक्षेपकर्ताको हक हित विपरीत हुने गरी बैंकिङ्ग तथा वित्तीय कारोबार सञ्चालन गरेमा वा मागेको वा म्याद पुगेको निक्षेप माग गर्दा फिर्ता नगरेमा वा गर्न नसकेमा,

(घ) राष्ट्र बैंक ऐन, यस ऐन वा सो अन्तर्गत बनेको नियम, विनियम, निर्देशन, आदेश वा राष्ट्र बैंकले तोकेको शर्त उल्लंघन गरेमा वा पालना नगरेमा,

(ङ) झुट्टो विवरण पेश गरी बैंक वा वित्तीय संस्थाले इजाजतपत्रप्राप्त गरेको पाइएमा ।

(४) उपदफा (२) बमोजिम जरिवाना गरिएको बैंक वा वित्तीय संस्थाले उक्त जरिबानाको जानकारी पाएको मितिले तीन दिनभित्र रकम नबुझाएमा त्यस्तो बैंक वा वित्तीय संस्थाले राष्ट्र बैंकमा खोलेको खातामा रहेको रकमबाट कट्टा गरी असुल उपर गरिनेछ ।

(५) कुनै पनि बैंक वा वित्तीय संस्थाको संस्थापक, शेयरधनी, सञ्चालक, कार्यकारी प्रमुख, पदाधिकारी, कर्मचारी वा अन्य कुनै सम्बन्धित व्यक्तिले राष्ट्र बैंक ऐन, यस ऐन वा सो अन्तर्गत जारी भएको नियम, विनियम, निर्देशन वा आदेशको उल्लंघन गरेमा राष्ट्र बैंकले उल्लंघनको प्रकृति तथा गाम्भिर्य हेरी देहाय बमोजिमको कुनै एक वा एक भन्दा बढी कारबाही गर्न सक्नेछः-

(क) निजले लिएको सम्बन्धित बैंक वा वित्तीय संस्थाको शेयर जफत तथा रोक्का गर्ने र सो शेयर अन्य व्यक्तिलाई बिक्री गर्न समितिलाई निर्देशन दिने,

(ख) दश लाख रुपैया सम्म जरिबाना गर्ने,

(ग) बैक वा वित्तीय संस्थाको समिति, सञ्चालक, पदाधिकारी र अन्य कर्मचारीले पाउने बैठक भत्ता, मासिक पारिश्रमिक लगायतका केही वा सबै सुविधा रोक्का वा निलम्बनमा राख्न समितिलाई निर्देशन दिने र सो निर्देशन कार्यान्वयन गर्ने जिम्मेवारी भएका अधिकारीले सो नगरेमा निजहरुलाई खण्ड (ख) बमोजिमको कारवाही गर्ने,

(घ) कर्मचारीको सेवाका शर्त सम्बन्धी कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निजलाई सेवाबाट हटाउने र निज सो बैक वा वित्तीय संस्थाको सञ्चालक वा अन्य जिम्मेवारी पाएको व्यक्ति भएमा निजलाई अवकाश दिन वा पदबाट हटाउन समितिलाई आदेश दिने,

(ङ) खण्ड (घ) बमोजिमको सञ्चालक वा अन्य जिम्मेवारी पाएको व्यक्तिलाई अवकाश दिन वा पदबाट हटाउन राष्ट्र बैंकले समितिलाई आदेश दिएमा सो आदेश भएको मिति देखिनै निज स्वतः निलम्बन हुनेछ र सो आदेश समितिबाट सात दिन भित्र कार्यान्वयन नभएमा सार्वजनिक सूचनाको माध्यमबाट राष्ट्र बैंकले उक्त व्यक्तिलाई बर्खास्त गरी अन्य सञ्चालकलाई खण्ड (ख) बमोजिमको कारवाही गर्ने,

(च) यस ऐन विपरित वा अस्वभाविक तलव भत्ता तथा अन्य सुविधा कुनै बैक वा वित्तीय संस्थाले लिएको वा दिईएको भएमा त्यस्तो सम्पूर्ण सेवा सुबिधा वा सो वापत लाग्ने रकम तथा प्रचलित कानून बमोजिमको ब्याज त्यस्तो सेवा सुबिधा दिने व्यक्तिबाट असुल उपर गर्ने,

(छ) बैंक तथा वित्तीय संस्थाको सञ्चालक, पदाधिकारी वा कर्मचारी व्यवसायिक रुपले सम्बद्ध भएको निकाय समक्ष कारबाहीका लागि लेखी पठाउन सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई आदेश दिने,

(६) बैंक वा वित्तीय संस्थाले तिर्नु बुझाउनु पर्ने रकम कुनै पदाधिकारी वा कर्मचारीको हेलचेक्र्याँई वा बद्नियतबाट तिर्नु बुझाउनु पर्ने देखिन आएमा त्यस्तो रकम निज पदाधिकारी वा कर्मचारीबाट असूल उपर गर्न राष्ट्र बैंकले आदेश दिएको मितिले पैंतिस दिनभित्र निजले त्यस्तो रकम नतिरे नवुझाएमा निजको कुनै बैंक वा वित्तीय संस्थामा निज वा निजको परिवारको नाममा रहेको खाता, वा निज वा निजको परिवारको कुनै पनि चल अचल सम्पत्तिबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

(७) उपदफा (२) वा (५) बमोजिम राष्ट्र बैंकलाई प्राप्त हुने नगद जरिबाना राष्ट्र बैंकको बैंकिङ्ग विकास कोषमा जम्मा गरी बैङ्किग विकासमा प्रयोग गरिनेछ ।

(८) यस ऐन बमोजिम राष्ट्र बैंकले कुनै बैंक वा वित्तीय संस्थाको नियमन, निरीक्षण, सुपरीवेक्षण वा अन्य कुनै काम कारबाही गरी सोको सूचना सार्वजनिक रुपमा प्रकाशन वा प्रशारण गरेमा त्यस्तो सूचना प्रकाशन तथा प्रशारण गर्दा लागेको खर्च त्यस्तो बैंक वा वित्तीय संस्थाले भुक्तानी गर्नु पर्नेछ ।

११८. **इजाजतपत्रप्राप्त संस्था उपर नियन्त्रण :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै इजाजतपत्रप्राप्त संस्थाले नेपाल राष्ट्र बैंक ऐन वा यो ऐन वा सो अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी भएको आदेश वा निर्देशनको उल्लंघन गरेको वा राष्ट्र बैंकको निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदनबाट इजाजतपत्रप्राप्त संस्थाले निर्वाह गर्नु पर्ने दायित्व पूरा गर्न नसकेको वा नसक्ने सम्भावना भएको वा बैंक वा वित्तीय संस्था सुचारु रुपले सञ्चालन नभएको वा शेयरधनी वा निक्षेपकर्ताको अहित हुने कार्य गरेको कुरामा राष्ट्र बैंक विश्वस्त भएमा राष्ट्र बैंकले त्यस्तो इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समिति निलम्बन गरी त्यस्तो इजाजतपत्रप्राप्त संस्थालाई आफ्नो नियन्त्रणमा लिन सक्नेछ ।

(२) राष्ट्र बैंकले उपदफा (१) बमोजिम कुनै इजाजतपत्रप्राप्त संस्थालाई नियन्त्रणमा लिएपछि त्यस्तो इजाजतपत्रप्राप्त संस्थाको व्यवस्थापन आफैं वा कुनै उपयुक्त व्यक्ति, फर्म, कम्पनी वा संस्था नियुक्त गरी सो मार्फत गर्न गराउन सक्नेछ ।

(३) राष्ट्र बैंकले उपदफा (२) बमोजिम आफैं वा अन्य कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्था मार्फत व्यवस्थापन गरे गराएको एक वर्षभित्र सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको वित्तीय तथा व्यवस्थापन परीक्षण गरी वा गराई सोको प्रतिवेदन सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनबाट सम्बन्धित इजाजतपत्रप्राप्त संस्था आफूले पूरा गर्नु पर्ने दायित्व पूरागर्न समर्थ भएको वा सुचारुरुपले सञ्चालन हुने अवस्थामा पुगेको कुरामा राष्ट्र बैंक विश्वस्त भएमा राष्ट्र बैंकले देहाय बमोजिम गर्न सक्नेछ :-

(क) इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिलाई उपदफा (१) बमोजिम गरेको निलम्बन फुकुवा गरी पुनः सोही सञ्चालक समितिलाई सो संस्थाको व्यवस्थापन जिम्मा लगाउने, वा

(ख) उपदफा (१) बमोजिम इजाजतपत्रप्राप्त संस्थाको निलम्बित सञ्चालक समितिलाई बर्खास्त गरी इजाजतपत्रप्राप्त संस्थाको शेयरधनीमध्येबाट नयाँ सञ्चालक समितिको गठन गरी सो संस्थाको व्यवस्थापन जिम्मा लगाउने, वा

(ग) इजाजतपत्रप्राप्त संस्थाको साधारण सभा बोलाई सो सभाबाट नयाँ सञ्चालक समितिको गठन गरी सो संस्थाको व्यवस्थापन जिम्मा लगाउने, वा

(घ) राष्ट्र बैंकले उपयुक्त देखेको अन्य कुनै कारबाही चलाउने ।

(५) उपदफा (३) बमोजिमको प्रतिवेदनबाट सम्बन्धित इजाजतपत्रप्राप्त संस्था आफूले पूरा गर्नु पर्ने दायित्व पूरा गर्न असमर्थ भएको वा सुचारु रुपले सञ्चालन हुन नसक्ने अवस्थामा पुगेको कुरामा राष्ट्र बैंक विश्वस्त भएमा राष्ट्र बैंकले त्यस्तो इजाजतपत्रप्राप्त संस्थाको दर्ता खारेजी गर्न अदालतमा निवेदन दिन सक्नेछ ।

(६) राष्ट्र बैंकले उपदफा (१) बमोजिम इजाजतपत्रप्राप्त संस्थालाई आफ्नो नियन्त्रणमा लिनुअघि सम्बन्धित इजाजतपत्र प्राप्त संस्थालाई अवस्था हेरी पन्ध्र दिनसम्मको म्याद दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(७) राष्ट्र बैंकले यस दफा बमोजिम इजाजतपत्रप्राप्त संस्थालाई आफ्नो नियन्त्रणमा लिई गरेको काम कारबाहीको सम्पूर्ण खर्च सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले व्यहोर्नु पर्नेछ ।

(८) राष्ट्र बैंकले उपदफा (१) बमोजिम कुनै इजाजतपत्रप्राप्त संस्थालाई आफ्नो नियन्त्रणमा लिएको जानकारी नेपाल सरकार अर्थ मन्त्रालयलाई दिनु पर्नेछ ।

११९. **कारवाहीको कार्यविधिः** (१) यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक दफा ११७ बमोजिम आर्थिक जरिबाना वा कारवाही गर्दा राष्ट्र बैंकले देहायको कार्यविधि अवलम्बन गर्नु पर्नेछः-

(क) प्रस्तावित कारवाही गर्नु अघि आरोपित निकाय वा व्यक्तिलाई प्रस्तावित जरिबाना वा कारवाहीको बारेमा निजले गरेको कार्यको प्रकृति, सो को संक्षिप्त व्यहोरा तथा सो अनुरुप

लगाउन सकिने जरिवानाको रकम वा प्रस्तावित कारवाही समेत उल्लेख गरी आफ्नो सफाई पेश गर्ने सात दिनको म्याद दिई लिखित सूचना दिनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम आरोपित निकाय वा व्यक्तिले उक्त आरोपसंग सहमत वा असहमत भएको सम्बन्धमा सात दिनभित्र लिखित प्रतिकृया पठाउनु पर्नेछ ।

(ग) आरोपित निकाय वा व्यक्तिले सो आरोप उपर असहमति व्यक्त गरेको व्यहोरा चित्त बुझ्दो भएमा राष्ट्र बैंकले त्यस्तो आरोपलाई संशोधन, सीमित वा खारेज गर्न सक्नेछ ।

(घ) आरोपित निकाय वा व्यक्तिले सो आरोप उपर सहमति व्यक्त गरेमा वा चित्त बुझ्दो प्रतिकृया दिन नसकेमा राष्ट्र बैंकले त्यस्तो जरिबाना वा कारवाही गर्नेछ ।

(२) यस ऐन बमोजिम राष्ट्र बैंकले गर्ने कारबाहीका सम्बन्धमा आवश्यक पर्ने अन्य कार्यविधि राष्ट्र बैकले बनाई लागू गर्न सक्नेछ ।

१२०. **पुनरावेदनः** (१) दफा ११७ बमोजिम राष्ट्र बैंकले गरेको कारबाही उपर चित्त नबुझाउने बैंक वा वित्तीय संस्था वा सोका सञ्चालक, पदाधिकारी वा कर्मचारीले त्यस्तो कारबाहीको आदेश पाएको मितिले पैंतीस दिनभित्र अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

तर बैंक वा वित्तीय संस्था उपर गरिएको कारबाही विरुद्ध कुनै शेयरधनीले पुनरावेदन गर्दा तत्काल कायम रहेको चुक्ता पूँजीको कम्तिमा पच्चीस प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनीहरुले आफूमध्येबाट चुनेको प्रतिनिधिले पुनरावेदन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै सञ्चालक, पदाधिकारी, कर्मचारी वा व्यक्तिले व्यक्तिगत कारबाही बिरुद्ध पुनरावेदन गर्न राष्ट्र बैंकले निजलाई जरिवाना गरेको वा कुनै रकम तिर्न बुझाउन आदेश दिएको भए त्यस्तो रकमको पचास प्रतिशत रकम धरौटीको रुपमा राष्ट्र बैंकमा जम्मा गर्नु पर्नेछ ।

(३) पदबाट हटाईएको वा वर्खास्त गरिएको कुनै बैंक वा वित्तीय संस्थाको सञ्चालक, पदाधिकारी वा कर्मचारी त्यस्तो कारबाही भएको मितिले पाँच वर्ष नपुगेसम्म वा निजले अदालतमा पुनरावेदन गरेको भएमा सो पुनरावेदनको अन्तिम किनारा नभएसम्म कुनै बैंक वा वित्तीय संस्थाको सञ्चालक, पदाधिकारी वा कर्मचारी भई काम कारबाही गर्न सक्ने छैन ।

१२१. **राष्ट्र बैंकले मुद्दाको स्थगन गर्न निवेदन दिन सक्ने** : दफा १२५ बमोजिम दायर भएका मुद्दा बाहेक राष्ट्र बैंकले बैंकिङ्ग तथा वित्तीय प्रणालीको स्वस्थ विकास, स्थायित्व तथा निक्षेपकर्ताको हित एवं वित्तीय अपराध नियन्त्रणलाई ध्यानमा राखी राष्ट्र बैक वा बैंक वा वित्तीय संस्था पक्ष वा विपक्ष भएका देवानी प्रकृतिका कुनै पनि काम कारबाही, कारोबार र सोसंग सम्बन्धित विषयमा कुनै पनि अदालतमा विचाराधिन रहेको कुनै वा सबै मुद्दाको सुनुवाई बढीमा एक बर्षसम्म स्थगन गर्ने गरी आदेश जारी गरी पाउन सर्बोच्च अदालत वा सम्बन्धित अदालतमा निवेदन दिन सक्नेछ ।

१२२. **कसूर**ः (१) कसैले यस ऐन वा सो अन्तर्गत जारी गरिएको नियम, विनियम, निर्देशन, आदेश वा शर्त सीमा विपरीत हुने गरी देहायको कुनै काम कारबाही गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः-

(क) यस ऐन बमोजिम बैंकिङ्ग तथा वित्तीय कारोबार गर्ने इजाजतपत्र नलिई बैंकिङ्ग तथा वित्तीय कारोबार गरेमा,

(ख) गलत वा झुट्टा विवरण दिई बैंकिङ्ग तथा वित्तीय कारोबार गर्ने इजाजतपत्र पाएको देखिएमा,

(ग) बैंकिङ्ग तथा वित्तीय कारोबार गर्ने इजाजतपत्रको शर्त सीमा विपरीत हुने गरी बैंकिङ्ग तथा वित्तीय कारोबार गरेमा,

(घ) विदेशी विनिमय कारोबार गरेमा,

(ङ) यस ऐन विपरित कर्जा प्रवाह वा अन्य लगानी गरेमा,

(च) कर्जा प्रवाह गर्दा, धितो मुल्यांकन गर्दा, कर्जा असुली गर्दा वा सो सँग सम्बन्धित कुनै पनि कार्यमा अनियमितता गरेमा, धितोमा लिएको सम्पत्ति लिलाम विक्री गर्दा वा गैर बैंकिंग सम्पत्तिको रुपमा सकार गर्नु पर्दा वा गैर बैंकिंग सम्पत्ति सकार गरी बिक्रि गर्दा धितो लिँदा गरिएको मूल्याङ्कन बनावटी मूल्यमा गरेमा,

(छ) गाभ्दा गाभिँदा, प्राप्ती गर्दा, खारेजी गर्दा वा लेखापरीक्षण गर्दा कुनै सञ्चालक, पदाधिकारी, कर्मचारी तथा अन्य व्यक्तिले अनियमितता गरेमा,

(ज) खण्ड (छ) सम्म उल्लिखित कसूर बाहेकका यस ऐन बमोजिम राष्ट्र बैंकलाई प्राप्त अधिकारको प्रयोग गरी वा सो अन्तर्गत जारी गरिएको नियम, विनियम, निर्देशन, आदेश वा शर्त सीमा उल्लंघन गरेमा वा सो बमोजिम गर्न नहुने काम गरेमा, गर्नु पर्ने काम नगरेमा, रोक लगाएका, निषेध गरेका वा गर्न नहुने भनेका अन्य कुनै काम कारबाही गरेमा,

(ठ) खण्ड (क) देखि (ज) सम्मको कसूर गर्न उद्योग गर्ने वा त्यस्तो कसूर गर्न कुनै पनि किसिमले मद्दत पुऱ्याएमा ।

(२) उपदफा (१) बमोजिमको कसूर हुँदाका बखत आफ्नो पदमा बहाल रहेको सञ्चालक, पदाधिकारी वा कसूरमा सहयोग गर्ने अन्य कुनै व्यक्ति समेतले त्यस्तो कसूर आफ्नो सहमति विना भएको वा त्यस्तो कसूर हुन नदिन आफूले भरमग्दुर प्रयास गरेको कुरा प्रमाणित गरेको अवस्थामा वाहेक त्यस्तो कसूर निज स्वयम्ले गरेको मानिनेछ ।

१२३. **उजुरी दिन सक्ने**: दफा १२२ विपरित कार्य गर्ने बैंक वा वित्तीय संस्थाको कुनै सञ्चालक, पदाधिकारी, कर्मचारी, ऋणी वा अन्य कुनै पनि सम्बन्धित व्यक्ति विरुद्ध जो कसैले पनि सो को प्रमाण सहित सम्बन्धित निकाय समक्ष उजुर गर्न सक्नेछन् । यसरी उजुरी दिँदा नाम उल्लेख गर्न आवश्यक हुने छैन ।

१२४. **पदमा बहाल नरहेकालाई कारबाही गर्न सकिने**: कुनै व्यक्तिले बैंक वा वित्तीय संस्थाको कुनै पदमा बहाल हुँदा गरेको कुनै कसूर विरुद्ध निज सो पदबाट अवकाश भएको वा बहाल नरहेको कारणले यस ऐन बमोजिम कारबाही गर्न बाधा पुग्ने छैन ।

१२५. **नेपाल सरकार वादी हुने**: (१) दफा १२२ मा उल्लिखित कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी भई दायर गरिनेछ र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

(२) दफा १२२ बमोजिमको कसूरको अनुसन्धान, तहकिकात तथा मुद्धा दायर गरी पुर्पक्ष गर्ने जस्ता सबै कार्यमा राष्ट्र बैंकले आवश्यक सहयोग गर्नु पर्नेछ ।

१२६. **दण्ड सजाय**: देहायको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः-

(क) दफा १२२ को उपदफा (१) को खण्ड (क) बमोजिमको कसूर गरेमा सोको बिगो जफत गरी बिगोको तीन गुणासम्म जरिबाना र पाँच वर्षसम्म कैद,

(ख) दफा १२२ को उपदफा (१) को खण्ड (ख) बमोजिमको कसूर गरेमा बिगो भए सो जफत गरी बिगोको दुई गुणासम्म जरिबाना र दुई वर्षसम्म कैद,

(ग) दफा १२२ को उपदफा (१) को खण्ड (ग), (घ), (ङ), (च) वा (छ) बमोजिमको कसूर गरेमा बिगो भए सो जफत गरी बिगो बराबरको जरिवाना र एक वर्ष सम्म कैद,

(घ) दफा १२२ को उपदफा (१) को खण्ड (ज) (झ), (ञ) वा (ट) बमोजिमको कसूर गरेमा बिगो भए सो जफत गरी बिगो बराबरको जरिवाना र छ महिना सम्म कैद,

(ङ) खण्ड (ठ) बमोजिमको कसूर गरेमा बिगो भए सो जफत गरी मुख्य व्यक्तिलाई हुने

सजायको आधा ।

(२) उपदफा (१) को प्रयोजनका लागि विगो कायम गर्दा कारोबार भएको सम्पूर्ण रकमलाई हिसाव गरी विगो कायम गर्नु पर्नेछ ।

(३) खण्ड (क) देखि खण्ड (ङ) सम्मको जरिवाना गर्दा विगो खुलेकोमा सोही विगो बमोजिम र विगो नखुलेमा दश लाख रुपैयाँदेखि पचास लाख रुपैयाँ सम्म ।

(४) दफा १२२ को उपदफा (२) बमोजिमको कसूरमा मुख्य व्यक्ति समेतलाई उपदफा (१) को आधा दण्ड सजाय हुनेछ ।

(५) दफा १२२ बमोजिमको कसूर कुनै फर्म कम्पनी वा संस्थाले गरेमा त्यस्तो फर्म, कम्पनी वा संस्थाको सम्बन्धित सञ्चालक, पदाधिकारी, कर्मचारी वा सम्बन्धित व्यक्तिलाई यस दफा बमोजिमको दण्ड सजाय हुनेछ र त्यस्तो सम्बन्धित व्यक्ति एकिन हुन नसकेमा सो फर्म, कम्पनी वा संस्थाको प्रमुखलाई सो बमोजिमको दण्ड सजाय हुनेछ ।

(६) दफा १२२ बमोजिमको कसूर गरी कसैले आफू, आफ्नो परिवार, नातेदार वा अन्य कुनै व्यक्तिको नाममा सम्पत्ति राखेको वा लुकाएको पाईएमा सो र सोबाट बढे वढाएको सम्पत्ति समेत जफत हुनेछ ।

## परिच्छेद - १३
## विविध

१२७ **पूर्वाधार विकास बैंक सम्बन्धी विशेष व्यवस्थाः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि राष्ट्र बैंकले पूर्वाधार विकास बैंकको स्थापना, सञ्चालन, नियमन, सुपरिवेक्षण, काम कारवाही, गाभ्ने गाभिने, प्राप्ति गर्ने वा खारेजीका सम्बन्धमा पूर्वाधार विकास बैंकको प्रकृति, परिमाण तथा लगानीलाई आधार मानी छुट्टै विशेष नीतिगत व्यवस्था गर्न वा निर्देशन दिन सक्नेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पूर्वाधार विकास बैंकको संस्थापक वा शेयरधनीले लिने अधिकतम शेयर वा कुनै विदेशी बैंक, वित्तीय संस्था वा अन्य सगठित संस्थाले त्यस्तो बैंकको शेयर, डिवेन्चर वा अन्य वित्तीय उपकरणमा लगानी गर्ने सीमा राष्ट्र बैंकले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

१२८. **निक्षेपको सुरक्षण/विमा गराउनु पर्ने** : (१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले राष्ट्र बैंकको निर्देशन बमोजिम राष्ट्र बैंकले तोकेको निक्षेप खातामा रहेको रकमको सुरक्षण/विमा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निक्षेप सुरक्षण/विमा गराउँदा प्रचलित निक्षेप सुरक्षण/विमा सम्बन्धी कानून तथा राष्ट्र बैंकको निर्देशनको अधिनमा रही त्यस्तो सुरक्षण/विमा गराउनु पर्नेछ ।

१२९. **बैङ्किङ्ग गोपनीयता कायम राख्नु पर्नेः** (१) बैंक वा वित्तीय संस्था र ग्राहक बीचको सम्बन्ध तथा बैंक वा वित्तीय संस्थाको हिसाब किताब, लेखा, खाता, बही, लेजर, श्रेस्ता र लेखाको विवरण सम्बन्धित व्यक्ति बाहेक अन्य कसैलाई जानकारी दिईने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा त्यस्तो विवरण दिइएमा गोपनियता भङ्ग गरेको मानिने छैनः-

(क) राष्ट्र बैंक ऐन, यस ऐन वा सो अन्तर्गतको नियम, विनियम, आदेश वा निर्देशन बमोजिम राष्ट्र बैंकलाई दिइएकोमा वा बैंक वा वित्तीय संस्थाहरु बीच कर्जा सूचना आदान-प्रदान गर्ने सिलसिलामा दिइएकोमा,

(ख) मुद्दा वा अन्य कानूनी कारबाहीको सिलसिलामा अदालतलाई दिइएकोमा,

(ग) कानून बमोजिम अधिकार प्राप्त अनुसन्धान तहकिकात गर्ने, अभियोजन गर्ने वा जाँचबुझ तथा अनुसन्धानको सिलसिलामा जाँचबुझ समिति वा अन्य प्रचलित कानून बमोजिम अधिकार प्राप्त अनुसन्धान अधिकारीलाई सम्बन्धित पक्षको सूचना दिइएकोमा वा अन्य नियमनकारी निकायलाई त्यस्तो सूचना दिईएकोमा,

(घ) लेखापरीक्षणको सिलसिलमा लेखापरीक्षकलाई दिइएकोमा,

(ङ) द्विपक्षीय वा बहुपक्षीय सन्धि वा पारस्परिकताको आधारमा दुई वा दुई भन्दा बढी मुलुक वा कुनै पनि मुलुकको नियमनकारी निकाय बीच सूचना आदान प्रदान भएकोमा,

(च) कुनै खास प्रकृतिको अपराध अनुसन्धानको सिलसिलामा कारण समेत खुलाई कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाममा बैंक वा वित्तीय संस्थामा रहेको

खाताको कुनै विवरण वा बैंक वा वित्तीय संस्थाको खाताको विवरण माग गरी नेपाल सरकार, अर्थ मन्त्रालयबाट अनुरोध भई आएकोमा राष्ट्र बैंकले सो बमोजिम निर्देशन दिएकोमा ।

(३) कसैले पनि उपदफा (२) बमोजिम प्राप्त हुन आएको जानकारी वा विवरणको गोपनीयता भङ्ग गर्नु गराउनु हुँदैन ।

(४) बैंक वा वित्तीय संस्थाका सञ्चालक, पदाधिकारी, कार्यकारी प्रमुख, कर्मचारी, लेखापरीक्षक, सल्लाहकार तथा सम्बन्धित कुनै पनि व्यक्तिले बैंक वा वित्तीय संस्था र त्यसका ग्राहक बीचको सम्बन्धमा खलल पर्ने गरी बैंक वा वित्तीय संस्थाको हिसाब किताब, खाता, बही, स्रेस्ता, लेखा तथा अन्य कुनै पनि किसिमको गोपनियता कायम गर्नु पर्ने विषयको गोपनियता भङ्ग गर्नु गराउनु हुँदैन ।

१३०. **खाता रोक्का राख्न निर्देशन दिन सक्ने**: (१) कुनै पनि किसिमको कसूरको अनुसन्धान वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय आतंकवादी काम कारवाही वा बैंकिङ्ग, वित्तीय अपराध वा संगठित अपराधको नियन्त्रण गरी राष्ट्रिय हित कायम राख्ने सिलसिलामा कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाममा कुनै बैंक वा वित्तीय संस्थामा रहेको खाताबाट कुनै पनि किसिमले भुक्तानी दिन वा रकमान्तर गर्न नपाउने गरी खाता रोक्का राख्न राष्ट्र बैंकले सम्बन्धित बैंक वा वित्तीय संस्थालाई कुनै पनि बखत निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम राष्ट्र बैंकले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित बैंक वा वित्तीय संस्थाको कर्तव्य हुनेछ ।

१३१. **निक्षेप उपरको हक दावी**: (१) बैंक वा वित्तीय संस्थामा रहेको निक्षेप उपर सो निक्षेप राख्ने व्यक्ति बाहेक अरु कसैको हक दावी लाग्ने छैन । निक्षेप राख्ने व्यक्तिको मृत्यु भएमा निजले कसैलाई इच्छाएको भए त्यस्तो इच्छाइएको व्यक्तिको र त्यस्तो इच्छाइएको व्यक्तिको पनि मृत्यु भएको रहेछ वा कसैलाई इच्छाइएको रहेनछ भने देहायको व्यक्तिमध्ये प्राथमिकता क्रमानुसार जुन व्यक्ति जीवित छ सोही व्यक्तिको त्यस्तो निक्षेप उपर पहिलो हक दावी लाग्नेछः-

(क) सगोलको पति वा पत्नी,

(ख) सगोलको छोरा वा छोरी, धर्मपुत्र वा धर्मपुत्री वा विधवा वुहारी

(ग) सगोलको बाबु, आमा, छोरा पट्टिको नाति वा नातिनी,

(घ) भिन्न बसेको पति वा पत्नी, छोरा, छोरी, बाबु वा आमा, छोरा, बुहारी वा विवाहित छोरी,

(ङ) सगोलको बाबु पट्टिको बाजे, बज्यै, दाजु, भाइ, भदो, अविवाहित दिदी वा बहिनी, भिन्न बसेका बाजे, बज्यै,

(च) सगोलको सौतेनी आमा, भिन्न बसेको छोरा पट्टिको नाति वा अविवाहित नातिनी,

(छ) भिन्न बसेको दाजु वा भाइ, भदो, दिदी, बहिनी, भतिजा, भतिजी

(ज) सगोलको काका, बिधवा काकी, भाउज्यू, भाई बुहारी वा नातिनी बुहारी,

(झ) विवाहित दिदी, बहिनी, भिन्न बसेको नातिनी बुहारी ।

(२) उपदफा (१) बमोजिमको क्रममा कोही व्यक्ति नभएको अवस्थामा त्यस्तो निक्षेप उपर प्रचलित कानून बमोजिमको हकवालाको दावी रहनेछ र त्यस्तो हकवाला पनि नभएको अवस्थामा सो निक्षेप राष्ट्र बैंकको बैंकिङ्ग विकास कोषमा जम्मा गरी बैङ्किग विकासमा प्रयोग गरिनेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैंक वा वित्तीय संस्थामा रहेको निक्षेप उपदफा (१) बमोजिम हक पुग्ने व्यक्तिको मन्जुरीले बाहेक अन्य कुनै व्यक्तिलाई दिइने छैन ।

१३२. **दावी नपरेको निक्षेपको विवरणः** (१) बैंक वा वित्तीय संस्थाले दश वर्षदेखि चल्ती नभएको तथा यस ऐन बमोजिम हक दावी नपरेको निक्षेप खाताहरुको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र राष्ट्र बैंकमा पठाउनु पर्नेछ ।

(२) बैंक वा वित्तीय संस्थाले उपदफा (१) बमोजिम चल्ती नभएको वा दावी नपरेको निक्षेप लिन आउने सूचना प्रत्येक पाँच वर्षमा एक पटक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ । सो को विस्तृत विवरण बैंक वा वित्तीय संस्थाले आफ्नो वेवसाइटमा राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको रकम वीस बर्षसम्म लिन बुझ्न नआएमा सो रकम राष्ट्र बैंकको बैंकिङ्ग विकास कोषमा जम्मा गरी बैंङ्गिग विकासमा प्रयोग गरिनेछ ।

१३३. **निक्षेप भरी भराऊ वा जफत हुन सक्नेः** बैंक वा वित्तीय संस्थामा राखेको निक्षेप रकम धितो वा जमानत राखी कर्जा लेनदेन कारोबार गरेको वा सरकारी वा नेपाल सरकारको स्वामित्व भएको संस्थाको तहविल मासी सो मासेको रकमबाट वा प्रचलित कानून बमोजिम कुनै कसूर मानिने काम गरी सो कसूरको बिगोबाट वा आतंककारी वा बैंकिङ्ग, वित्तीय अपराध वा संगठित अपराध सम्बन्धी काम कारबाहीबाट संकलन गरी निक्षेप राखेको रहेछ भने सो धितो वा जमानत रहेको वा तहविल मस्यौट गरेको बिगो प्रचलित कानून बमोजिम सो निक्षेपबाट भरी भराऊ वा जफत हुन सक्नेछ ।

१३४. **विशेष परिस्थितिमा छूट दिने अधिकारः** (१) नेपाल सरकारले विशेष परिस्थितिमा कुनै विशेष संस्था, व्यक्ति, वर्ग वा व्यक्तिको विवरणसँग सम्बन्धित विषयमा नेपालको आर्थिक प्रणालीको प्रवर्द्धन, स्थायित्व तथा सार्वजनिक हितमा प्रतिकूल प्रभाव नपर्ने गरी त्यस्तो संस्था, व्यक्ति, वर्ग, समूह वा व्यक्तिहरुलाई आवश्यक देखिएको शर्त, सीमा र प्रतिवन्ध तोकी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनका कुनै प्रावधानमा छूट दिने गरी आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश नेपाल राजपत्रमा प्रकाशित भएपछि त्यस्तो आदेशको प्रति यथासम्भव छिटो संसद समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

१३५. **छूट र सुविधाः** (१) कृषि, घरेलु तथा साना उद्योग, सिंचाई, जल विद्युत उत्पादन तथा नेपाल सरकारले तोकेको अन्य कुनै व्यवसायको निमित्त बैंक वा वित्तीय संस्थाले नेपाली नागरिक वा प्रचलित कानून बमोजिम संस्थापित संस्थालाई दिने बढीमा दश लाख रुपैयाँसम्मको कर्जाको लिखत रजिष्ट्रेशन गर्नु पर्ने छैन ।

(२) कर्जा र निक्षेपको भाका बैंक वा वित्तीय संस्थाले तोके बमोजिम हुनेछ ।

(३) बैंक वा वित्तीय संस्था सित सम्बन्धित कुनै पनि किसिमको लिखतमा आय टिकट दस्तुर लाग्ने छैन ।

१३६. **खर्च व्यवस्थापनः** बैंक वा वित्तीय संस्थाको प्रारम्भिक, संस्थापना, प्रशासनिक, व्यवसायिक, व्यवस्थापन तथा अन्य खर्चका सम्बन्धमा राष्ट्र बैंकले आवश्यक निर्देशन दिन सक्नेछ ।

१३७. **प्रवन्धपत्र तथा नियमावलीको संशोधनः** बैंक वा वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीको संशोधन राष्ट्र बैंकबाट स्वीकृत नभएसम्म लागू हुनेछैन ।

१३८. **व्यक्तिगत विवरण** बैंक वा वित्तीय संस्थाका सञ्चालक, पदाधिकारी र कार्यकारी प्रमुखले आफ्नो र आफ्नो परिवारको नाममा रहेको चल अचल सम्पूर्ण सम्पत्ति तथा दायित्वको विवरण प्रत्येक आर्थिक बर्ष समाप्त भएको साठी दिन भित्र तयार गरी राष्ट्र बैंकमा पेश गर्नु पर्नेछ । यसरी विवरण पेश गर्दा सो को आय स्रोत समेत खुलाउनु पर्नेछ ।

१३९. **शपथ ग्रहण** (१) बैंक वा वित्तीय संस्थामा नियुक्त भएको प्रत्येक सञ्चालक, पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारीले आफ्नो पदको जिम्मेवारी शुरु गर्नु अघी अनुसूचीमा तोकिएको ढाँचामा पद तथा गोपनियताको शपथ लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सपथ अध्यक्षले समिति समक्ष, अन्य सञ्चालक तथा कार्यकारी प्रमुखले अध्यक्ष समक्ष र अन्य पदाधिकारी तथा कर्मचारीले कार्यकारी प्रमुख वा निजले तोकेको पदाधिकारी समक्ष शपथ लिनु पर्नेछ ।

१४०. **अध्ययन समिति गठन हुने**: राष्ट्र बैंकले बैङ्गिग तथा वित्तीय कानून, कर्जा असूली, वित्तीय क्षेत्रको स्थायित्व, न्यायिक विकास एवं वित्तीय प्रणालीको समसामयिक सुधारका समग्र पक्षमा अध्ययन गरी प्रतिवेदन पेश गर्न राष्ट्र बैंक, बैंक वा वित्तीय संस्था तथा सम्बन्धित निकाय एवं विज्ञहरु समाहित एक विज्ञ समिति तथा सो अन्तर्गत अन्य उपसमितिहरु गठन गर्नु पर्नेछ । त्यस्तो समिति, उपसमितिको काम, कर्तव्य, अधिकार र सुविधाहरु राष्ट्र बैंकले तोकेबमोजिम हुनेछ ।

१४१. **नियम, विनियम बनाउने तथा निर्देशन दिने अधिकार**: (१) यस ऐनको कार्यान्वयन गर्न राष्ट्र बैंकले आवश्यक देखेका कुनै पनि बिषयमा आवश्यकता अनुसार नियम वा विनियम जारी गरी लागू गर्न सक्नेछ ।

तर राष्ट्र बैंकले बनाएको नियम नेपाल सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

१४२. **विनियम बनाउने अधिकार**: (१) यस ऐन, राष्ट्र बैंकले तोकिदिएको शर्त, सीमा तथा मापदण्डको अधीनमा रही वैंक वा वित्तीय संस्थाले आफ्नो संस्थागत, प्रशासनिक तथा व्यवसायिक कारोबार सुव्यवस्थित रुपले सञ्चालन गर्न समितिले राष्ट्र बैंकको स्वीकृति लिई देहायका विषयमा विनियम बनाई लागू गर्न पर्नेछ :-

(क) कर्मचारीको नियुक्ति, बढुवा, सरुवा, बर्खास्ती, तलब, भत्ता, उपदान, निवृत्तभरण, विदा, आचरण, अनुशासन तथा सेवाका शर्त र त्यस्तो सेवाको गठनको सम्बन्धमा,

(ख) बैंक वा वित्तीय संस्थाको आर्थिक प्रशासन सम्बन्धमा,

(ग) कर्जा अपलेखन गर्ने सम्बन्धमा,

(घ) राष्ट्र बैंकले समय समयमा तोकिदिएका अन्य बिषयका सम्बन्धमा ।

(२) उपदफा (१) मा उल्लिखित विषयहरुमा बाहेक बैंक वा वित्तीय संस्थाले देहायका बिषयमा आवश्यकता बमोजिम कार्यविधि बनाई लागू गर्नु पर्नेछ :

(क) समितिको बैठक र साधारण सभाको कार्यविधिका सम्बन्धमा,

(ख) समितिले सञ्चालक, कार्यकारी प्रमुख, पदाधिकारी वा कर्मचारीलाई अख्तियार प्रत्यायोजन गर्ने सम्बन्धमा,

(ग) बैंक वा वित्तीय संस्थाका तर्फबाट गरिने करार सम्बन्धी शर्तहरुको सम्बन्धमा,

(घ) बैंक वा वित्तीय संस्थाको छाप प्रयोगको कार्यविधिका सम्बन्धमा,

(ङ) कर्जा दिंदा राख्ने धितो सुरक्षण वा लिलाम विक्री गर्नु पर्ने गैर बैंकिङ्ग सम्पतिको मूल्याङ्कन सम्बनधमा,

(च) यस ऐन बमोजिम बैंक वा वित्तीय संस्थाले गर्नु पर्ने अन्य काम कारबाहीको विषयको सम्बन्धमा,

(छ) कागजात धुल्याउने विषयका सम्बन्धमा,

राष्ट्र बैंकले समय समयमा तोकिदिएका अन्य बिषयका सम्बन्धमा ।

(३) उपदफा (१) बमोजिमको विनियम यस ऐन, राष्ट्र बैंकले दिएको निर्देशन, शर्त आदि सँग बाझिएको भएमा बाझिएको हदसम्म सुरुदेखि नै स्वतः बदर भएको मानिनेछ ।

१४३. **मध्यस्थता**: बैंक वा वित्तीय संस्थाहरुका बीचमा कुनै किसिमको विवाद उत्पन्न भएमा राष्ट्र बैंकले मध्यस्थता गर्नेछ । यस्तो मध्यस्थताका सम्बन्धमा राष्ट्र बैंकले दिएको निर्णय अन्तिम हुनेछ ।

१४४. **यस ऐन तथा राष्ट्र बैंक ऐन बमोजिम हुने**: (१) अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन वा यस ऐन अन्तर्गत जारी गरिएको नियम, विनियम, निर्देशन, आदेश वा शर्तमा लेखिएका कुरामा सोही बमोजिम र अन्य कुरामा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐन बमोजिम स्थापना भएका बैंक वा वित्तीय संस्थाको नियमन, निरीक्षण तथा सुपरिवेक्षण, फरफारक सम्बन्धी काम कारबाही राष्ट्र बैंक ऐन बमोजिम हुनेछन् ।

१४५. **बाधा अडकाउ फुकाउने**: यस ऐनमा लेखिएको कुनै कुरा कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा राष्ट्र बैंकले नेपाल सरकारको स्वकिृतिमा त्यस्तो बाधा अडकाउ फुकाउन आवश्यक आदेश जारी गर्न सक्नेछ । यसरी बाधा अडकाउ फुकाउँदा सोको कारण र औचित्य समेत खुलाउनु पर्नेछ ।

१४६. **काम कारबाही बदर नहुने**: बैंक वा वित्तीय संस्थाको सञ्चालकको नियुक्ति वा समितिको गठनमा कुनै अनियमितता भएको वा कुनै सञ्चालकको पद रिक्त रहेको कारणले मात्र सञ्चालक वा समितिले गरेको कुनै काम कारबाही बदर हुने छैन ।

१४७. **असल नियतले गरेको कामप्रति जवाफदेही हुन नपर्ने** : (१) नेपाल राष्ट्र बैंक ऐन, २०५८, यो ऐन वा सो अन्तर्गत बनेको नियम, विनियम, आदेश वा निर्देशन बमोजिम असल नियतले गरेको कुनै कामकारबाहीको सम्बन्धमा राष्ट्र बैंक, बैंक वा वित्तीय संस्थाको पदाधिकारी व्यक्तिगत वा सामुहिक रुपले जवाफदेही हुने छैनन् ।

(२) राष्ट्र बैंक ऐन, यस ऐनले दिएको अधिकार प्रयोग गरी आफ्नो काम कर्तव्यको पालना असल नियतले गरेको, गर्ने प्रयास गरेको वा त्यस्तो काम गर्ने भरमग्दूर प्रयास गर्दा समेत काम सम्पादन हुन नसकेको विषयलाई लिएर राष्ट्र बैंकको विरुद्ध कुनै कारवाही चलाइने छैन ।

(३) राष्ट्र बैंकको कुनै पनि पदाधिकारी, निरिक्षक, कर्मचारी वा आधिकारिक व्यक्तिमाथि यस ऐनले दिएको अधिकार प्रयोग गर्ने वा काम, कर्तव्य पालन गर्ने क्रममा असल नियतले गरेको कुनै काम वा गर्न नसकिएको कुनै कामलाई लिएर कुनै कसूरमा मुद्दा चलाइने छैन ।

(४) राष्ट्र बैंक ऐन, यस ऐन वा सो अन्तर्गत बनेको नियम, विनियम, आदेश वा निर्देशनको पालना गर्ने क्रममा असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराले हुन आएको वा हुने हानी नोक्सानीको सम्बन्धमा राष्ट्र बैंक, बैंक वा वित्तीय संस्था वा सोको पदाधिकारी विरुद्ध कुनै किसिमको मुद्दा परेमा त्यस्तो मुद्दाको खर्च सम्बन्धित संस्थाले व्यहोर्नेछ ।

तर द्वेष, लापरवाही वा बदनीयतबाट गरिएको कुनै कामको परिणाम उपर सम्बन्धित व्यक्ति नै जिम्मेवार हुनेछ र त्यस्तो बिषयमा परेको मुद्दाको खर्च संस्थाले व्यहोर्ने छैन ।

**१४८. प्रतिवेदन पेश गर्ने**: (१) राष्ट्र बैंकले राज्यको वित्तीय अवस्था, राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा स्थापित वित्तीय कानून तथा न्यायिक सिद्धान्त, समस्याग्रस्त तथा गम्भीर कारवाही गरिएका बैंक वित्तीय संस्थाको स्थिति, एक करोड रुपैयाँ भन्दा बढी कर्जा लिई समयमा चुक्ता नगर्ने ऋणीहरुको सम्बन्धमा भएको काम कारवाही, कर्जा असुली तथा वित्तीय प्रणालीमा देखिएका समस्या आदि समेत समाहित गरी वार्षिक प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) राष्ट्र बैंकले उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिना

भित्र तयार गरी नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ र नेपाल सरकारले त्यस्तो प्रतिवेदन जानकारी तथा छलफलका लागि संसदमा समक्ष पेश गर्नु पर्नेछ ।

१४९. **खारेजी तथा बचाउः** (१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको ऐन बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची १

(दफा १३९ को उपदफा (१) संग सम्बन्धित)

**शपथग्रहण फाराम**

म ..............................., .................................................................... बैंक/वित्तीय संस्थाको ............................ पदमा नियुक्त/मनोनयन/निर्वाचित भएकोले सो पदको कर्तव्य प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको नियमन र निर्देशनको अधिनमा रही वित्तीय प्रणालीको सम्बर्द्धन तथा बैंक/वित्तीय संस्थाको हितलाई सदैव ध्यानमा राखी आफ्नो कर्तव्य इमानदारीका साथ पालना गर्नेछु । बैंक/वित्तीय संस्थाको कारोबार तथा गोप्य राख्नु पर्ने कुराहरु कहीं कतै प्रकाश पार्ने छैन । ............................ को हैसियतले समितिले अधिकार दिएको र कानूनले बाध्य गरेको अवस्थामा बाहेक मेरो जानकारीमा आएका कुनै पनि जानकारी तथा सूचना पदमा बहाल रहेको वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै पनि प्रकारले कसैलाई जानकारी दिने छैन भनी ईमान धर्म सम्झी सत्य निष्ठापूर्वक पद तथा गोपनीयताको शपथ ग्रहण गर्दछु ।

| **शपथग्रहण गर्ने व्यक्तिको -** | **शपथग्रहण गराउने पदाधिकारीको -** |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखत : | दस्तखत : |
| मितिः | मितिः |